# पञ्चवर्षीय शिक्षा योजना

## आ.व. २०८१/८२– २०८५/८६

# बुटवल उपमहानगरपालिका

बुटवल, रूपन्देही

लुम्बिनी प्रदेश

नेपाल

## प्रमुखको भनाइ

नेपालका पूराना, ऐतिहासिक महत्व बोकेका नगरहरू मध्ये हाम्रो बुटवल उपमहानगरपालिका आज सामाजिक, आर्थिक र शैक्षिक विकासको मार्गमा निरन्तर अघि बढिरहेको छ। बटौली र बुटवल खस्यौलीका रूपमा चिनिँदै सुरु भएको यो नगरको यात्रा वि.सं. २०१६ कात्तिक १२ गते 'बुटवल खस्यौली नगरपालिका' का रूपमा स्थापित भई पञ्चायती व्यवस्था हुँदै विभिन्न आरोह-अवरोह पार गर्दै आज यो लुम्बिनी प्रदेशको रूपन्देही जिल्लामा अवस्थित एक महत्त्वपूर्ण र समृद्ध उपमहानगरका रूपमा स्थापित भएको छ। वि.सं. २०७१ मंसिर १६ गते सेमलार र मोतिपुर गाविसलाई समावेश गरी उपमहानगरपालिका घोषणा भएयता यस क्षेत्रको विकासले झनै गति लिएको छ।

शिक्षा मानव जीवनको आधारभूत आवश्यकता र सामाजिक विकासको मेरुदण्डको रुपमा रहेको विषय लाई आत्मसाथ गर्न नेपालको संविधान २०७२ को अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७२ को दफा ११ (ज) मा व्यवस्था भए बमोजिम शिक्षासँग सम्बन्धी त २३ वटा अधिकारहरू एकल रूपमा स्थानीय सरकारको कार्यक्षेत्रभित्र समेटिएकोमा यसलाई व्यवहारमा उतार्दै बुटवल उपमहानगरपालिकाले पहिलो पञ्चवर्षीय शिक्षा योजना सफलतापूर्वक सम्पन्न गरीसकेको छ। अब दोस्रो पञ्चवर्षीय शिक्षा योजना (२०८१/०८२–२०८५/०८६) निर्माण गरी लागु गर्ने चरणमा छौँ, जुन हाम्रो नगरको शैक्षिक विकासको अर्को महत्त्वपूर्ण खुड्किलो हो। यो योजना केवल कागजी दस्तावेज होइन, बरु वर्तमान शिक्षाको चुनौतिहरूलाई सामना गर्दै, नयाँ प्रविधि, ज्ञान-विज्ञान र सामाजिक आवश्यकताहरूलाई आत्मसात गर्दै सम्पूर्ण बालबालिका, युवा, महिलाहरू र ज्येष्ठ नागरीकहरूका लागि सहज, सर्वसुलभ, गुणस्तरीय र प्रविधिमैत्री शिक्षा सुनिश्चित गर्ने हाम्रो प्रतिबद्धताको स्पष्ट उदाहरण हो।

हामीलाई थाहा छ, शिक्षा क्षेत्रमा सुधार केवल स्थानीय सरकारको प्रयासबाट सम्भव हुँदैन। यसका लागि सङ्घ र प्रदेशको सहकार्य संगै पालिकाभित्रका सबै विद्यालयहरू, शिक्षक-शिक्षिका, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी, प्रा.वि.धिक तथा सिप मूलक शिक्षण संस्थाहरू, समाजका सबै सरोकारवालाहरूको सक्रिय सहयोग आवश्यक छ। हाम्रो दीर्घकालीन सोच ***"सर्वसुलभ, गुणस्तरीय र प्रविधिमैत्री मानवमूल्य सहितको शिक्षा"*** लाई साकार पार्दै हामी ***जीवन उपयोगी, नैतिक मूल्यसहितको, प्रतिस्पर्धात्मक तथा विश्व बजारमा समेत प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति तयार पार्ने*** लक्ष्यसहित अघि बढ्नेछौँ। यो योजनाले शैक्षिक मुद्दाहरू समाधान गर्न रणनीतिक दिशानिर्देश प्रदान गर्नुका साथै शिक्षा क्षेत्रमा हुने सम्पूर्ण गतिविधि, लगानी र व्यवस्थापनलाई व्यवस्थित गर्नेछ।

आउँदो पाँच वर्षभित्र हाम्रो नगरमा युगानुकुल शिक्षा सबैका लागि उपलब्ध गराउन हामी प्रतिबद्ध छौँ। शिक्षा क्षेत्रमा गरिने सम्पूर्ण क्रियाकलापहरू र लगानीसमेतलाई योजनाका आधारमा व्यवस्थित गरिने छ। आउँदो पाँच वर्षभित्र यस उपमहानगरभित्रको शैक्षिक अवस्थालाई सुधार गर्दै युगानुकुल शिक्षा प्राप्त गर्न पाउने हरेक बालबालिकाको अधिकारलाई साकार पार्न यस योजनाको कार्यान्वयनमा शिक्षाको गुणस्तरलाई उच्च प्राथमिकता दिँदै, प्रभावकारी अनुगमन, मूल्याङ्कन र सक्षम व्यवस्थापनद्वारा यसका लक्ष्य र उद्देश्यहरू पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

अन्त्यमा, यस महत्त्वपूर्ण दस्तावेजको निर्माण प्रक्रियामा आफ्नो अमूल्य समय, सुझाव र ज्ञान दिनुहुने योजना निर्माण कार्यदलका सम्पूर्ण सदस्यहरू, शिक्षा समितिका सदस्यहरू , कार्यपालिका सदस्यहरू , बिभिन्न राजनीतिक दलका जनप्रतिनिधि हरू , बिभिन्न महाशाखा, शाखाका कर्मचारीहरू , शैक्षिक व्यक्तित्व, विद्यालयका प्र.अ., वि.व्य.स. अध्ययक्ष, पत्रकार, सरोकारवाला लाई बुटवल उपमहानगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु। साथै, यस योजनाको सफल कार्यान्वयनका लागि सबै सरोकारवालाको रचनात्मक सुझाव, सक्रिय सहभागिता र निरन्तर सहकार्यको अपेक्षा गर्दछु।

खेलराज पाण्डेय
प्रमुख
बुटवल उपमहानगरपालिका

## उप-प्रमुखको भनाइ

शिक्षा मानव विकासको आधारशिला मात्र नभई समृद्ध राष्ट्र निर्माणको मूल आधार हो। समतामूलक, समावेशी र प्रविधिमैत्री शिक्षाको विकास विना २१औँ शताब्दीको आवश्यकता अनुरूप सक्षम, सिप युक्त र नैतिकतापूर्ण समाजको परिकल्पना गर्न सकिँदैन। यसै सन्दर्भमा, हाम्रो ऐतिहासिक, सांस्कृतिक र शैक्षिक पहिचान बोकेको बुटवल उपमहानगरपालिका विगत केही वर्षयता शिक्षा क्षेत्रमा योजनाबद्ध, प्रभावकारी र दिगो सुधारका लागि प्रतिबद्ध रहँदै आएको छ। वि.सं. २०७१ मा उपमहानगरपालिकाको रूपमै विकास भएको यस नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा प्रत्यायोजित शिक्षा सम्बन्धी जिम्मेवारीहरूलाई व्यवहारमा उतार्दै शिक्षाको क्षेत्रमा महत्त्वपूर्ण प्रगति हासिल गरेको छ।

बुटवल उपमहानगरपालिकाको पहिलो पञ्चवर्षीय शिक्षा योजना (२०७५/०७६–२०७९/०८०) सफलतापूर्वक सम्पन्न भई प्राप्त अनुभव, चुनौति र अवसरको समीक्षात्मक आधारमा दोस्रो पञ्चवर्षीय शिक्षा योजना (२०८१/०८२–२०८५/०८६) निर्माण गरिएको छ। समसामयिक शैक्षिक आवश्यकताहरू, नवीनतम प्रविधिको उपयोग, सिप मूलक तथा व्यावहारिक शिक्षाको प्रवर्द्धन, लैङ्गिक तथा सामाजिक समावेशीता, सबैका लागि गुणस्तरीय शिक्षाको पहुँच र स्थानीय स्तरमै सशक्त शैक्षिक व्यवस्थापन प्रणाली विकास गर्ने उद्देश्यका साथ यो योजना तयार पारिएको हो। यस महत्त्वपूर्ण दस्तावेजको निर्माण प्रक्रियामा आफ्नो अमूल्य समय, सुझाव र ज्ञान दिनुहुने योजना निर्माण कार्यदलका सम्पूर्ण सदस्यहरू, तथा सम्पूर्ण सरोकारवालाहरू लाई बुटवल उपमहानगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु।

शिक्षा क्षेत्रको रूपान्तरण र सुधार केवल नीतिगत कागजातबाट मात्र सम्भव हुँदैन। त्यसका लागि जनप्रतिनिधि, शिक्षक-शिक्षिका, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, प्रा.वि.धिक तथा सिप मूलक शिक्षण संस्थाहरू, सामाजिक सङ्घसंस्थाहरू र सबै सरोकारवाला निकायहरूको सहकार्य, प्रतिबद्धता र जिम्मेवारी पूर्ण सहभागिता अपरिहार्य छ। यस योजनाको सफल कार्यान्वयनमार्फत हामी गुणस्तरीय, सर्वसुलभ, प्रविधिमैत्री र समावेशी शिक्षा प्रदान गर्दै सक्षम, आत्मनिर्भर र प्रतिस्पर्धी समाज निर्माणको साझा लक्ष्य हासिल गर्न सक्नेछौँ भन्ने विश्वास व्यक्त गर्दै, सबैलाई योजनामा सकारात्मक योगदान दिन हार्दिक अनुरोध गर्दछु।

**सावित्रादेवी अर्याल**
**उपप्रमुख**
**बुटवल उपमहानगरपालिका**

## प्रमुख प्रशासकीय अधिकृतको भनाइ

बुटवल उपमहानगरपालिकाले **दोस्रो पञ्चवर्षीय शिक्षा योजना (२०८१/०८२-२०८५/०८६)** निर्माण गरेको यस महत्त्वपूर्ण अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु। शिक्षाका नीति नियम, शिक्षण कला प्रक्रिया, मूल्याङ्कन प्रणाली, विद्यालय प्रशासन, अनुगमन तथा निरीक्षण जस्ता पक्षहरूले शिक्षण सिकाइमा व्यापक प्रभाव पार्ने कुरा सर्वविदितै छ। यस पञ्चवर्षीय शिक्षा योजनाले विद्यालयको बहुआयामिक विकासको लागि महत्वपूर्ण योगदान गर्नुका साथै, कक्षाकोठामा शिक्षण कलाको प्रयोग र विकास गर्न विशेष रूपमा प्रेरित गर्नेछ भन्ने मैले विश्वास लिएको छु। यसका लागि आवश्यक पर्ने विद्यालयको भौतिक सुधार, शिक्षक तालिमको व्यवस्थापन, शिक्षकहरूमा उत्प्रेरणा तथा आत्मबल विकास, शिक्षण सामग्रीको उपलब्धता, विद्यालय प्रशासन तथा व्यवस्थापन सुधार, अभिभावक क्षमता विकास र समुदाय परिचालन जस्ता शैक्षिक क्षेत्रहरूको विकासमा समेत यस योजनाले महत्त्वपूर्ण सहयोग पुग्नेछ भन्ने आशा राखेको छु।

गुणस्तरीय शिक्षाका लागि सबै बालबालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याई, उनीहरूलाई नियमित गराउँदै विद्यालय तहहरू पार गराउनु पर्ने चुनौति हाम्रा सामु विद्यमान छ। यस चुनौतिलाई समुदाय परिचालन र अभिभावक सचेतनाका माध्यमबाट समाधान गर्ने प्रयत्नमा यस योजनाले महत्त्वपूर्ण सहयोग पुर्याउनेछ। यस योजनाको सफल कार्यान्वयनका लागि शिक्षक वर्ग, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारीज्यूहरू, शिक्षाप्रेमी बुद्धिजीवी व्यक्तित्वहरू, समाजसेवीहरू, राजनैतिक दलका पदाधिकारीहरू, सामाजिक सङ्घ संस्थाका पदाधिकारीहरू र यस पालिकाका बिभिन्न महाशाखा, शाखाका कर्मचारीहरूको एकाकार अथक परिश्रम र लगनशीलताले महत्त्वपूर्ण भूमिका खेल्ने निश्चित छ। यस उपमहानगरपालिका क्षेत्रभित्रको विद्यालयको शैक्षिक विकासमा यस योजनाले महत्त्वपूर्ण सहयोग पुर्याउनुका साथै सामाजिक आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्नेछ भन्ने मेरो दृढ विश्वास छ।

शिक्षाको विकासलाई द्रुत गतिमा अघि बढाउन तथा शिक्षाको बढोत्तरीका लागि बुटवल उपमहानगरपालिका बाट नगर शिक्षा योजना तर्जुमा कार्यका लागि विज्ञसहितको टोलीबाट लगनशीलतापूर्वक कार्य सम्पन्न गरेकोमा शिक्षा योजना निर्माण कार्यदललाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। यो शिक्षा योजना बुटवल उपमहानगरपालिकामा शिक्षाको अतुलनीय विकासको छहरा फुलाउने सूत्रका रूपमा स्थापित हुनेछ भन्ने विश्वास लिएको छु। यस उपमहानगरपालिका अन्तर्गतका विद्यालयहरूको शैक्षिक, भौतिक, व्यवस्थापकीय र प्रशासनिक पक्षको सुधार गर्दै बालबालिकाको अनिवार्य, निःशुल्क तथा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न यो शिक्षा योजना कोसेढुङ्गा साबित हुनेछ भन्ने अपेक्षा राखेको छु। साथै, शिक्षाको विकासका लागि आवश्यक पर्ने सबै आधारहरूलाई एकीकृत रूपमा हेर्ने दृष्टिकोणको विकास र त्यसको कार्यान्वयनमा यो शिक्षा योजना सफल होस् भन्ने हार्दिक शुभेच्छा प्रकट गर्दछु।

**मित्रमणि खनाल**
**प्रमुख प्रशासकीय अधिकृत**
**बुटवल उपमहानगरपालिका**

## धन्यवाद मन्तव्य

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले परिकल्पना गरेको अधिकार सहितको स्थानीय शासनको मर्मलाई आत्मसात् गर्दै, यस उपमहानगरपालिकाले आफ्नो क्षेत्रको वस्तुगत विवरण तयार गर्ने, स्रोत अनुमान गर्ने, आवधिक योजना निर्माण गर्ने, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने, विकासका गतिविधि तथा सेवा प्रवाह गर्ने र प्राप्त प्रतिफलको अनुगमन तथा लेखाजोखा गर्ने अधिकारलाई पूर्ण रूपमा प्रयोग गर्दै आएको छ। संविधानको अनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र समेटिएसँगै र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाका २३ वटा अधिकारहरू स्थानीय सरकारलाई प्रदान गरीएका छन्। यसै संवैधानिक तथा कानुनी व्यवस्थालाई आत्मसात् गर्दै, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गरी क्षमतावान्, नैतिकवान् र स्वावलम्बी नागरीक तयार गर्ने परिकल्पनालाई साकार पार्न शैक्षिक पहुँच र व्यवस्थालाई अग्रस्थानमा राखी यो शैक्षिक योजना निर्माण गरिएको हो।

कुनै पनि राष्ट्र सबल, सक्षम र सम्पन्न बन्नका लागि शिक्षाको विकास अपरिहार्य हुन्छ। वर्तमान अवस्थामा नेपालमा.वि.द्यालय शिक्षाको गुणस्तरमा सुधार गर्नु आवश्यक देखिएको छ। शिक्षालाई सर्वसुलभ बनाई शैक्षिक अवसर अभिवृद्धि गर्दै सबैलाई गुणस्तरीय शिक्षाको पहुँचमा पुर्याउनु, वर्तमान आवश्यकताअनुकुल सिप मूलक तथा रोजगारीमूलक शिक्षा प्रदान गर्नु र उपमहानगरपालिकाको समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारिता र जवाफदेहितामा सुधार गर्दै समतामूलक गुणस्तरीय शिक्षा प्रदान गरी सक्षम नागरीक उत्पादन गर्नु यस शिक्षा योजनाको मूल लक्ष्य रहेको छ। नेपाल सरकारले विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा गरेका सन्धि सम्झौता, घोषणापत्र तथा प्रतिबद्धता कार्यान्वयन गर्नका साथै सरकारको राष्ट्रिय शिक्षा नीति २०७६, १६औं आवधिक योजना, दिगो विकासको लक्ष्य नं. ४ अन्तर्गत गुणस्तरीय शिक्षा, विद्यालय शिक्षा क्षेत्रको योजना (SESP) (२०२२/०२३ -२०३१/०३२), बुटवल उपमहानगरपालिकाको आवधिक योजना अन्तर्गत शिक्षा सम्बन्धी नीति तथा कार्यक्रमका लक्ष्य प्राप्त गर्न यो योजना कोसेढुङ्गा साबित हुने अपेक्षा राखिएको छ।

यो योजना विद्यमान सरकारी नीति, बुटवल उपमहानगरपालिकाको शिक्षा ऐन, विद्यालय द्वारा उपलब्ध गराइएका तथ्याङ्क विवरणहरू, फ्ल्यास रिपोर्ट, बुटवल उपमहानगरपालिकाको शिक्षाको स्थिति प्रतिवेदन, शिक्षा विकास तथा समन्वय एकाइद्वारा प्रकाशित शैक्षिक बुलेटिन र अन्य योजना तथा प्रतिवेदन आधारपत्रहरूमा राखिएका द्वितीय स्रोतहरूका आधारमा तयार पारिएको छ। यसका साथै, विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक अभिभावक सङ्घका अध्यक्ष, अभिभावक र अन्य शैक्षिक सरोकारवालाहरूसँग लिइएका लिखित सुझाव, स्थलगत रूपमा गरिएकोछलफल एवं प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतका रूपमा लिई योजनालाई पूर्णता दिइएको छ।

यो योजना तयार गर्न महत्त्वपूर्ण मार्गदर्शन प्रदान गर्नुहुने बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेय, उप-प्रमुख सावित्रादेवी अर्याल, प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनाल, सामाजिक विकास समितिका संयोजक, प्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, यो योजना तयार गर्नका लागि आफ्नो महत्त्वपूर्ण समय दिई निरन्तर खट्नुभएका, राधा अधिकारी, कालिका स्वावलम्बन केन्द्रका प्रतिनिधिहरू, लगायत योजना निर्माण कार्यदलका सदस्यहरू साथै तथ्यांक संकलनमा खटिनुहुने शिक्षक/कर्मचारीहरूलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु। योजना तयारीमा आवश्यक सहयोग प्रदान गर्नुहुने बुटवल उपमहानगरपालिकाका जनप्रतिनिधि, प्रधानाध्यापकज्यूहरू, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका अध्यक्षज्यूहरू, अभिभावक, विद्यार्थी तथा समस्त कर्मचारी साथीहरूलाई पनि विशेष धन्यवाद ज्ञापन गर्दछु। अन्त्यमा, यो योजनालाई आवश्यकता अनुसार अद्यावधिक गर्दै लगिने भएकाले यसलाई थप प्रभावकारी, उपयोगी र व्यावहारिक तुल्याउन सम्बन्धी त सरोकारवालाहरूबाट रचनात्मक सुझाव र हौसलाको निरन्तर अपेक्षा राखिएको छ।

**शिक्षा शाखा**
**बुटवल उपमहानगरपालिका**

## शिक्षा योजना निर्माण कार्यदलको भनाइ

बुटवल उपमहानगरपालिकाले निर्माण गरेको पाँचवर्षे **नगर शिक्षा योजना (२०८१/०८२–२०८५/०८६)** शिक्षाको क्षेत्रीय आवश्यकता, राष्ट्रिय नीति तथा अन्तर्राष्ट्रिय लक्ष्यहरूसँग समन्वयात्मक रूपमा तयार पारिएको एक दूरदर्शी दस्तावेज हो। योजना निर्माण कार्यदलका तर्फबाट हामी यस योजनाको सफल निर्माण र हस्तान्तरणमा गौरवको अनुभूति गरीरहेका छौँ।

योजना भनेको भविष्यमा गरिने कार्यहरूलाई लक्षित गरी बनाइने एक सुव्यवस्थित रूपरेखा हो, जसको उद्देश्य उपलब्ध साधनस्रोतहरूको अधिकतम उपयोग गर्दै लक्षित परिणाम हासिल गर्नु हो। बुटवल उपमहानगरपालिकाको शिक्षा क्षेत्रलाई क्रमबद्ध, प्रभावकारी, समावेशी र परिणाममुखी बनाउने उद्देश्यका साथ यो योजना तयार गरिएको हो। योजनाको निर्माण क्रममा नेपालको संविधान २०७२, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन २०७४, नगर शिक्षा ऐन, सोहौं पञ्चवर्षीय योजना (२०८१/०८२–२०८५/०८६), संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्य (एसडीजी २०१५–२०३०), शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको विद्यालय शिक्षा क्षेत्र योजना (२०२२–२०३२) लगायतका नीतिगत तथा कानुनी आधारहरूलाई मार्गदर्शकका रूपमा लिइएको छ। साथै बुटवल उपमहानगरपालिकाको पार्श्वचित्र २०८१, बुटवल दर्पण २०७९ र २०८१ जस्ता स्थानीय दस्तावेजहरूलाई पनि मार्गनिर्देशनका रूपमा समावेश गरिएको छ।

योजनाको विकासमा नगर प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत, नगर शिक्षा समिति, विद्यालयका प्रधानाध्यापक तथा प्राचार्य, शिक्षक अभिभावक सङ्घ, विद्यालय व्यवस्थापन समिति, वडाध्यक्षज्यूहरू, शिक्षाविद्, शिक्षा विज्ञ, अपाङ्गता क्षेत्रमा क्रियाशील सङ्घसंस्था, बालकल्याण प्रतिष्ठानहरू, धार्मिक संस्था तथा अन्य सरोकारवाला पक्षहरूसँग अन्तरक्रिया तथा सुझाव सङ्कलन गरिएको छ। योजना कार्यदलले तथ्याङ्क सङ्कलन, विश्लेषण र छलफलका आधारमा योजना तयार गरेको हो।

यस योजनाले आधारभूत, माध्यमिक, प्राविधिक, सिपमूलक, सूचना प्रविधिमैत्री तथा अनौपचारिक शिक्षा समेतलाई समेट्ने गरी शिक्षाको पहुँच, सहभागिता, समता, गुणस्तर र सुशासनमा आधारीत दीर्घकालीन सुधारको खाका कोरेको छ। विद्यालय तहमा विषयगत शिक्षक व्यवस्थापन, बालमैत्री सिकाइ वातावरण, भौतिक पूर्वाधार विकास, विपद् व्यवस्थापन, पोषण तथा स्वास्थ्य, परीक्षा प्रणाली र मूल्याङ्कन सुधारजस्ता प्रमुख विषयमा कार्यक्रमहरू समावेश गरिएको छ। साथै, गुरुकुल, मदरसा जस्ता धार्मिक शिक्षालयलाई राष्ट्रिय शिक्षा प्रवाहमा समाहित गर्ने, स्थानीय पाठ्यक्रम मार्फत पर्यटन, सहरीकरण तथा रैथाने सिप को प्रवर्द्धन गर्ने र जीवन उपयोगी शिक्षा प्रदान गर्ने योजनाहरू समेटिएको छ।

यस नगर शिक्षा योजनाले बुटवल उपमहानगरलाई नेपालको शैक्षिक केन्द्र (Educational Hub) का रूपमा विकास गर्ने लक्ष्य लिएको छ। २०२० सालमा खस्यौली नगर पञ्चायतले स्थानीय खर्चमा नि:शुल्क प्राथमिक शिक्षा सञ्चालन गरी देखाएको उदाहरणलाई निरन्तरता दिँदै आजको दिनसम्म आइपुग्दा, शिक्षा क्षेत्रमा बुटवल उपमहानगरले राखेको अग्रणी पहिचान अझै सुदृढ पार्ने उद्देश्यले यो योजना तयार पारिएको हो।

योजना निर्माणका क्रममा अमूल्य सहयोग, सुझाव र साथ प्रदान गर्नुहुने नगर प्रमुख श्री **खेलराज पाण्डे**ज्यू, उपप्रमुख श्री **सावित्रा देवी अर्याल**ज्यू, प्रशासकीय प्रमुख श्री **मित्रमणी खनाल**ज्यू, शिक्षा शाखा प्रमुख श्री **टिकाराम पन्थी**ज्यू, शिक्षा अधिकृत श्री **यादव चन्द्र बिष्ट**ज्यू लगायत सम्पूर्ण कर्मचारीहरूलाई कार्यदलको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं।

त्यसैगरी, प्रारम्भदेखि अन्त्यसम्म लेखन कार्यमा निरन्तर क्रियाशील भई योगदान पुर्‍याउनु हुने राधा अधिकारी भट्टराई**ज्यू** प्रति विशेष धन्यवाद ज्ञापन गर्दछौं। योजना निर्माणमा सरोकार राख्ने सम्पूर्ण विद्यालयका प्राचार्य/प्रधानाध्यापक, वडाध्यक्षहरू, शिक्षक अभिभावक सङ्घ, शिक्षाप्रेमी, बुद्धिजीवी, विषय विज्ञ, बालकल्याण संस्थाहरू, अपाङ्गता क्षेत्रमा क्रियाशील संस्थाहरू र अन्य सरोकारवाला सबै पक्षलाई हार्दिक कृतज्ञता प्रकट गर्दछौं।

यस योजनाको कार्यान्वयनमा सङ्घीय  सरकार, प्रदेश सरकार र स्थानीय सरकारका कार्यक्रमहरूसँग समन्वय गर्दै अघि बढ्न सकेमा बुटवल उपमहानगरलाई शैक्षिक समृद्धिको नयाँ उचाइमा पुर्याउन सकिने विश्वास लिएका छौं। प्राप्त जिम्मेवारीप्रति पूर्ण गम्भीरता र प्रतिबद्धता जनाउँदै, योजना कार्यदलले प्रस्तुत नगर शिक्षा योजना २०८१/०८२–२०८५/०८६ सम्पूर्ण नगरवासीहरू, शिक्षा क्षेत्रका सरोकारवालाहरू र नीति निर्माण तहमा क्रियाशील पक्षहरूसमक्ष समर्पण गर्दछ ।

**शिक्षा योजना निर्माण कार्यदल**
**संयोजक तथा सम्पूर्ण सदस्यहरू**
**बुटवल उपमहानगरपालिका**

**शिक्षा योजना निर्माण कार्यदलका  सदस्यहरू**

संयोजक – श्री भोज बहादुर के.सी

सदस्य – श्री प्रा. आनन्दमान सिंह शाक्य

सदस्य – श्री डा. थानेश्वर अर्याल

सदस्य – श्री वासुदेव अर्याल

सदस्य – श्री गोबिन्द ज्ञवाली

सदस्य – श्री दिनेश भुसाल

सदस्य सचिव – श्री टिका राम पन्थी

**शिक्षा योजना लेखन सदस्यहरू:**

श्री यादव चन्द्र बिष्ट, अधिकृत सातौं

श्री राधा अधिकारी,

श्री सुचेता शाक्य, कालिका स्वाबलम्बन सामाजिक केन्द्र

प्रकाशन प्रति :

सर्वाधिकार : बुटवल उपमहानगरपालिका

मुद्रण  :

प्रमाणित मिति : २०८२ असार २३

प्रकाशन मिति : २०८२

## विषय -सूचि


परिच्छेद १ : परिचय ........ ८

१.१ वर्तमान अवस्था........ ८

१.२ मुख्य समस्या तथा चुनौतिको विश्लेषण ........ ३५

बुटवल उपमहानगरपालिकाको शिक्षा क्षेत्रका चुनौतिको SWOT विश्लेषण........ ३५

परिच्छेद २ ........ ३८

२.१ बुटवल उपमहानगरपालिका शिक्षा योजना निर्माण गर्दा लिइएको आधार........ ३८

२.२ दीर्घकालीन सोच (दुरदृष्टि ) ........ ४२

२.३ लक्ष्य (Goal) ........ ४२

२.४ प्रमुख उद्देश्यहरू........ ४२

२.५. दीर्घकालीन रणनीति तथा कार्यनीतिहरू........ ४२

२.६ अपेक्षित मुख्य उपलब्धि........ ४७

२.७ मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य ........ ४८

परिच्छेद ३ ........ ५१

३.१ प्रारम्भिक बालविकास तथा शिक्षा ........ ५१

३.१.१ परिचय ........ ५१

३.१.२ वर्तमान अवस्था........ ५१

३.१.३ उद्देश्य ........ ५२

३.१.४ रणनिती र कार्यनीति ........ ५३

३.१.५ प्रमुख उपलब्धि तथा नतिजा........ ५४

३.१.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य........ ५५

३.१.७ प्रमुख क्रियाकलाप तथा लागत (बजेट)........ ५७

३.२ आधारभूत शिक्षा........ ६०

३.२.१ परिचय......60
३.२.२ वर्तमान अवस्था......६०
३.२.३ उद्देश्य...... ६३
३.२.४ प्रमुख उपलब्धि तथा नतिजा...... ६३
३.२.५ नतिजा तथा परिमाणात्मक लक्ष्य......६४
३.२.६ आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य......६५
३.२.७ प्रमुख क्रियाकपल तथा लागत (बजेट)......६९
३.३ माध्यमिक शिक्षा...... ७४
३.३.१ परिचय ...... ७४
३.३.२ वर्तमान अवस्था...... ७४
३.३.३ उद्देश्यहरू...... ७६
३.३.4 रणनीति र कार्यनीति ...... ७६
३.३.5 प्रमुख उपलब्धि तथा नतिजा ......७९
३.३.6 प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...... ८०
३.३.७ प्रमुख क्रियाकलाप तथा लागत (बजेट)...... ८५
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ...... ८९
३.४.१ परिचय...... ८९
३.४.२ वर्तमान अवस्था ...... ८९
३.४.३ उद्देश्य ......९०
३.४.४ रणनीति र कार्यनीति......९०
३.४.5 प्रमुख उपलब्धि तथा नतिजा ......९२
३.४.6 प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य......९२
३.४.७ प्रमुख क्रियाकलाप तथा लगात (बजेट)...... ९४

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ ९६
३.५.१ परिचय ........ ९६
३.५.२ वर्तमान अवस्था ........ ९६
३.५.३ उद्देश्य ........ ९८
३.५.४ रणनीति तथा कार्यनीति ........ ९८
३.५.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ९९
३.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ९९
३.५.७ प्रमुख क्रियाकलाप तथा लगात (बजेट) ........ १०१
परिच्छेद ४ ........ १०४
४.१ पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामाग्री तथा मूल्याङ्कन ........ १०४
४.१.१ परिचय ........ १०४
४.१.२ वर्तमान अवस्था ........ १०४
४.१.३ उद्देश्य ........ १०७
४.१.4 रणनीति र कार्यनीति ........ १०७
४.१.५ उपलब्धि , नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू ........ १०८
४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ११०
४.१.७ प्रमुख क्रियाकलाप तथा लगात (बजेट) ........ ११३
४.२ शिक्षक व्यवस्थापन र विकास ........ ११५
४.२.१ परिचय ........ ११५
४.२.२ वर्तमान अवस्था ........ ११६
४.२.३ उद्देश्य ........ ११९
४.२.४ रणनीतिक क्रियाकलापहरू ........ ११९
४.२.५ प्रमुख उपलब्धि तथा नतिजा ........ १२१

४.२.३ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य .................................................... १२२
४.२,७ प्रमुख क्रियाकलाप तथा बजेट.................................................................. १२५
४.३ शैक्षिक समता र समावेशीकरण........................................................................ १२७
४.३.२ वर्तमान अवस्था ......................................................................................१२८
४.३.३ उद्देश्य..................................................................................................... १२९
४.३.४ रणनीति तथा कार्यनीतिहरू ....................................................................... १२९
४.३.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य ............................................. १३०
४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ......................................................१३२
४.३.७ प्रमुख क्रियाकलाप र बजेट ..........................................................................१३५
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ............................................................. १३६
४.४.१ परिचय.....................................................................................................१३६
४.४.२ वर्तमान अवस्था.........................................................................................१३७
४.४.३ उद्देश्य..................................................................................................... १३८
४.४.४ रणनीति तथा कार्यनीति ............................................................................. १३८
४.४.५ प्रमुख उपलब्धि तथा नतिजा .......................................................................१४०
४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य....................................................... १४१
४.५.७ प्रमुख क्रियाकलाप र बजेट............................................................................ १४३
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ............................................ १४४
४.५.१ वर्तमान अवस्था.........................................................................................१४५
४.५.२ उद्देश्य..................................................................................................... १४६
४.५.३ रणनीति तथा कार्यनीति ............................................................................. १४६
४.५.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................... १४६
४.५.५ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य ..............................................................१४७

४.५.६ प्रमुख क्रियाकलाप र बजेट....................................................................१४८

४.६ विद्यालय भौतिक पूर्वाधार विकास ....................................................................१४८

४.६.१ परिचय....................................................................१४८

४.६.२ वर्तमान अवस्था....................................................................१४९

४.६.३ उद्देश्य....................................................................१५३

४.६.४ रणनीति तथा कार्यनीति ....................................................................१५४

४.६.5 नतिजा तथा परिमाणात्मक लक्ष्य....................................................................१५४

४.६.६ प्रमुख क्रियाकलाप र भौतिक लक्ष्य.................................................................... १५५

४.६.७ प्रमुख क्रियाकलाप र बजेट.................................................................... १५६

४.७ विद्यालयमा सूचना तथा संचार प्रविधि....................................................................१५७

४.७.१ परिचय.................................................................... १५७

४.७.२ वर्तमान अवस्था....................................................................१५८

४.७.३ उद्देश्य ....................................................................१६२

४.७.4 रणनीति तथा कार्यनीति ....................................................................१६२

४.७.5 प्रमुख उपलब्धि र नतिजा....................................................................१६२

४.७.६ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य ....................................................................१६३

४.७.७ प्रमुख क्रियाकलाप तथा बजेट .................................................................... १६४

परिच्छेद ५ : विद्यालय र लघु संग्रहालय....................................................................१६५

५.१ परिचय....................................................................१६५

५.३ उधेश्य ....................................................................१६६

५.४ रणनीति तथा कार्यनीति....................................................................१६६

५.५ प्रमुख उपलब्धि र नतिजा....................................................................१६८

५.६ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य....................................................................१६९

५.७ प्रमुख क्रियाकलाप तथा बजेट ........ १७०

परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन ........ १७१
६.१. सुशासन तथा व्यवस्थापन ........ १७१

६.१.१ परिचय ........ १७१

६.१.२ वर्तमान अवस्था ........ १७१

६.१.३ उद्देश्य ........ १७७

६.१.४ रणनीति तथा कार्यनीति ........ १७७

६.१.५ प्रमुख उपलब्धि र नतिजा ........ १७८

६.१.६ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य ........ १७९

६.१.७ प्रमुख क्रियाकलाप तथा बजेट ........ १८१

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ १८३

६.२.१ परिचय ........ १८३

६.२.२ वर्तमान अवस्था ........ १८४

६.२.३ उद्देश्य ........ १८४

६.२.४ रणनीति तथा कार्यनीति ........ १८५

रणनीति ........ १८६

कार्यनीति ........ १८६

६.२.५ प्रमुख उपलब्धि तथा नतिजा ........ १८७

६.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १८८

६.१.७ प्रमुख क्रियाकलाप तथा बजेट ........ १८८

परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन ........ १९०
७.१ परिचय ........ १९०

७.२ वर्तमान अवस्था ........ १९०

७.२.१. क्षेत्रगत बजेट प्रक्षेपण (सङ्घ, प्रदेश र स्थानीय तहको) ........ १९१

७.२.२. क्षेत्रगत वार्षिक बजेट ........ १९४

७.२.३ एकमुष्ट संघिय इकाइको बजेट प्रक्षेपण ........ १९६

७.२.४ चुनौति र अवसर ........ १९७

७.३ उद्देश्यहरू........ १९७

७.४ रणनीतिहरू........ १९७

७.५ प्रमुख उपलब्धि तथा नतिजा........ १९८

परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन........ १९९

८.१ परिचय........ १९९

८.२ वर्तमान अवस्था........ १९९

८.३ उद्देश्य ........ २००

८.४ रणनीति र कार्यनीति ........ २०१

८.५ प्रमुख उपलब्धि तथा नतिजा........ २०२

८.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........ २०२

## (क) विषयप्रवेश

शिक्षा मानव विकासको मेरुदण्ड हो। सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरणको आधारका रूपमा शिक्षाले राष्ट्र निर्माणमा अतुलनीय योगदान पुऱ्याउँछ। यही दृष्टिकोणका साथ बुटवल उपमहानगरपालिकाले शैक्षिक सेवा प्रभावकारी र समावेशी बनाउँदै सबै नागरीक सम्म गुणस्तरीय शिक्षाको पहुँच पुऱ्याउने उद्देश्यले शिक्षा योजना २०८१ निर्माण गरिएको छ। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। संविधानको धारा ३१ अनुसार आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरिएको छ। साथै, अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न नागरीकहरूलाई उच्च शिक्षामा पहुँच पुर्याउने मातृभाषामा शिक्षाको व्यवस्था गर्ने तथा शैक्षिक संस्थाहरू स्थापना र सञ्चालन गर्ने अधिकार समेत प्रत्याभूत गरिएको छ।

सङ्घीय शासन प्रणाली अनुसार हाल नेपालमा तीन तहका सरकारहरू सञ्चालनमा छन्-सङ्घ, प्रदेश र स्थानीय तह। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहहरूलाई शैक्षिक नीति निर्माणदेखि कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने महत्त्वपूर्ण अधिकार प्रदान गरिएको छ। प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक तथा निरन्तर सिकाइका कार्यक्रमहरू समेत स्थानीय तहको दायित्वमा पर्दछन्। शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ र शिक्षा नीति २०७६ ले शिक्षालाई सर्वसुलभ, गुणस्तरीय, समावेशी र उत्तरदायी बनाउने दिगो मार्गचित्र प्रस्तुत गरेका छन्। यिनै कानुनी र नीतिगत मर्म अनुसार बुटवल उपमहानगरपालिकाले नागरीकमैत्री शिक्षाको विकासमार्फत "समानता, स्वाभिमान र अवसरयुक्त बस्न योग्य बुटवल सहर" निर्माण गर्ने लक्ष्य लिएको छ। यस लक्ष्य प्राप्त पश्चात राष्ट्रले अपेक्षा गरेको सुखि नेपाली सम्वृद्ध नेपालको नारालाई साकार पार्ने उपमहानगरपालिकाको योजना रहेको छ।

शिक्षा योजना २०८२ निर्माण प्रक्रियामा स्थानीय सरोकारवालाहरू, विज्ञहरू, शिक्षक, अभिभावक र समुदायको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ। कार्यशालाहरू, छलफल र गोष्ठीहरू मार्फत शिक्षासम्बन्धी चुनौतिहरूको पहिचान र समाधानका उपायहरू समेटिएको छ। यस योजनाको सफल कार्यान्वयनका लागि शिक्षा क्षेत्रका सबै सरोकारवाला निकायहरूको सक्रिय भूमिका अपरिहार्य रहनेछ। शिक्षामा समावेशीता, पहुँच र गुणस्तर कायम गर्दै सिपयुक्त, मानवमूल्य , नैतिकवान, स्वाभिमानी र उत्तरदायी नागरीक तयार पार्न यो योजना एक महत्त्वपूर्ण दस्तावेजका रूपमा अघि बढ्नेछ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान २०७२ अनुसार शिक्षा प्रत्येक नागरीकको मौलिक हकको रूपमा सुनिश्चित गरिएको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क बनाउनुका साथै माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने प्रावधान गरेको छ। साथै, माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्ने व्यवस्था अनुसार, सामुदायिक र संस्थागत विद्यालयहरूको क्षमता अभिवृद्धि र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु उपमहानगरपालिकाको कानुनी दायित्व बनेको छ। विद्यालय शिक्षामा आर्थिक, सामाजिक, भौगोलिक तथा शारीरिक बाधाहरूका कारण सुविधाविहीन, सीमान्तकृत र अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच अझै चुनौतिपूर्ण छ। यिनको समान सहभागिता र न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र शैक्षिक गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्ने उद्देश्यले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले **१० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan - SESP), सन् २०२२–२०३२** लागु गरेको छ।

यस राष्ट्रिय योजनालाई स्थानीय तहको योजना निर्माणको आधारका रूपमा लिँदै **स्थानीय तह योजना तर्जुमा दिग्दर्शन २०८१** ले प्रत्येक स्थानीय तहले आफ्ना आवश्यकता, चुनौति र स्रोत अनुसार स्थानीय शिक्षा योजना निर्माण गर्नुपर्ने स्पष्ट निर्देश गरेको छ । प्रदेश तहमा आवधिक शिक्षा योजनाहरू तयार भइसकेका सन्दर्भमा, बुटवल उपमहानगरपालिकाले पनि आफ्ना शैक्षिक आवश्यकताहरूको गहिरो विश्लेषण गर्दै समग्र शैक्षिक सुधारका लागि रणनीतिगत योजना आवश्यक भएको महसुस गऱ्यो । त्यसै अनुरूप उपमहानगरपालिकाले SESP मा उल्लिखित दुरदृष्टि, उद्देश्य, रणनीति तथा प्रमुख समस्याहरूलाई समेट्दै पाँचवर्षे **स्थानीय शिक्षा योजना** निर्माण गरेको हो । यस योजनाले प्रारम्भिक बालविकासमा भर्नादर ९९% पुऱ्याउने, आधारभूत तहमा टिकाउदर ९५% पुऱ्याउने, विद्यालयबाहिर रहेका बालबालिकाको सङ्ख्या शून्य बनाउने, साक्षरतादर वृद्धि गर्ने र शिक्षा क्षेत्रमा कुल बजेटको २०% विनियोजन गर्ने लक्ष्य लिएको छ ।

सामुदायिक विद्यालयमा महिला शिक्षकको प्रतिनिधित्व आधारभूत तहमा ५०% र माध्यमिक तहमा ३३% पुऱ्याउने, प्रा.वि.धिक तथा व्यावसायिक शिक्षामा ३०% विद्यार्थी सहभागिता सुनिश्चित गर्ने, र सबै विद्यालयमा इन्टरनेटसहित सूचना प्रविधियुक्त शिक्षण प्रवाह गर्ने लक्ष्य समेत समावेश गरिएको छ । साथै, संस्थागत विद्यालयहरूलाई नियमन गर्न सक्षम संयन्त्र विकास गर्ने र सामुदायिक विद्यालयको उत्कृष्ट व्यवस्थापनलाई प्रवर्द्धन गर्दै गुणस्तरीय शिक्षाको विकासतर्फ योजनाबद्धरूपमा अघि बढ्ने प्रतिबद्धता जनाइएको छ । यसरी, बुटवल उपमहानगरपालिकाको शिक्षा योजना केवल औपचारिक दस्तावेज मात्र नभई, समावेशी, सिपयुक्त र प्रविधिसँग मेलखाने शिक्षाको माध्यमबाट "समानता, अवसर र समृद्धिको" मार्ग निर्माण गर्ने व्यावहारिक कार्ययोजना हो ।

**ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य**

- सवै प्रकारका बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चितता गर्न ।
- आधारभूत र माध्यमिक दुवै तहको शिक्षामा बालबालिकाको स-सम्मान प्रवेश गर्न ,गराउन ।
- बालबालिकाको क्षमता, आवश्यकता अनुसार जीवनयापनका लागि आवश्यक सिपहरूको विकास गर्न
- विद्यालयमा टिकाउ दर वृद्धि गरी शैक्षिक सिपको उद्देश्य पूरा गर्न ।
- तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न ।
- सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारीत बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न ।
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न ।
- साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ।
- शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन ।
- संस्थागत विद्यालयका लागि विशेष संयन्त्र निर्माण गरी , नियमन गर्ने र सामाजिक कार्यप्रति अभिप्रेरित गरी गुणस्तरी शिक्षा प्रदान गर्न ।
- शिक्षालाई सिप , स्वस्थ्य र खेलकुदसँग जोड्न र नागरीकमा मानव मूल्यसहितको नैतिक सिप को विकास गर्न ।

- शिक्षकको क्षमता अभिवृद्धि गरी राष्ट्रका  लागि आवश्यक जनशक्ति तयार गर्न।
- शिक्षालाई  श्रम र प्रविधिसँग जोड्न।

## घ) शिक्षा योजना निर्माणका आधार

बुटवल उपमहानगरपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाएको छ। यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गरेको छ।

क) नेपालको संविधान २०७२

ख) सोह्रौँ आवधिक योजना (२०८१-२०८२ देखि २०८५ -२०८६)

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७

ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली।

च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना।

छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

ज) विद्यालय शिक्षामा समता रणनीति २०७१

झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा २०७३

ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८

ट) स्थानीय तहको मध्यमकालिन खर्च संरचना २०७५-७६

ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि ।

ढ) नगरको शिक्षा नीति तथा शिक्षा ऐन नियमावली।

ण) नगरले विगतमा बनाएको नगर शिक्षा योजना।

त) नगरको शैक्षिक सूचना  तथा नगरले अभिव्यक्त गरेका शैक्षिक प्रतिबद्धताहरू ।

थ) नगरको शैक्षिक  पार्श्वचित्र, शैक्षिक दर्पण,बुटवल सन्देश ,शैक्षिक क्यालेन्डर।

द) नगरको वार्षिक  बजेट निति तथा कार्यक्रम।

ध) स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक।

## ङ) शिक्षा योजना निर्माण प्रक्रिया

यस उपमहानगरपालिकाको ५ बर्षे नगर शिक्षा योजना निर्माणको लागि नगर क्षेत्रभित्रका सबै पक्ष र तहको सहभागितालाई सुनिश्चित गरिएको  छ। नगर शिक्षा योजना निर्माणका गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको  छ।

- नगर शिक्षा समितिको मिति २०८१ माघ महिना को २५ गते बैठकले नगर शिक्षा योजना निर्माणका लागि कार्यादेश सहितको ७ सदस्यीय निर्माण कार्यदलको गठन भएको।
- कार्यदलको मिति २०८१ महिना फाल्गुन महिनाको २९ गते बैठकबसी शिक्षा योजनाको लागि कार्य योजना बनाई कामको जिम्मेवारी बाँडफाँड गरिएको ।
- योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको ।
- योजनाको खाका तयार गरी योजनाले समेट्ने विषय वस्तु माथि छलफल भएको।
- योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क संकलन र विश्लेषण गरिएको ।
- सरोकारवालाहरूसँगको कार्यशालाबाट पालिकाको शैक्षिक समस्या चुनौति र अवसरका सन्दर्भमा समस्यावृक्ष, SWOT analysis तथा gap analysis गरिएको ।
- शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको ।
- मुख्य सरोकारवालाबाट योजनाको पहिलो मस्यौदा उपर सुझावको लागि कार्यशाला आयोजना गरिएको ।
- विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण सङ्कलन गरिएको ।
- सरोकारवालाहरू को सल्लाह सुझावको आधारमा शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट अन्तिम मस्यौदा तयार गरिएको ।
- सरोकारवालाहरू बाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवाला माझ अन्तिम सुझावका लागि प्रस्तुत गरिएको ।
- नगर प्रमुख स्तरीय निर्णय बाट मिति २०८२/०३/२३ . स्वीकृत भई पारित गरिएको ।

**च) योजनाको लेखाजोखा**

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता<br>(Leadership and participation) | • शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तहको मूल नेतृत्त्व थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रियामा.वि.भिन्न सरोकारवालाको अर्थपूर्ण सहभागिता थियो कि थिएन ? शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शी थियो कि थिएन ? |

| | | |
|---|---|---|
| २ | पर्याप्तता र सान्दर्भिकता<br>(Adequacy and relevance) | योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतिलाई सम्वोधन गर्नका लागि पर्याप्त तथा सान्दर्भिक छन् कि छैनन् ? |
| ३ | समता, सक्षमता तथा गुणस्तर<br>(Equity, efficiency and quality) | शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धिसम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ कि छैन ? |
| ४ | अन्तर्सम्बन्ध र तादात्म्य<br>(Coherence) | • शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाबिच अन्तर्सम्बन्ध कायम भएको छ कि छैन ?<br>• शिक्षाका अन्तर्राष्ट्रिय लक्ष्यसँग अनुकुल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ छैन ?<br>• राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, उद्देश्य, र लक्ष्यअनुरूप योजना बनाइएको छ ?<br>शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तर्सम्बन्ध कायम भएको छ कि छैन ? |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयहको अन्य पक्षसँग तादात्म्य कायम छ कि छैन ?<br>• योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यावहारिक र सान्दर्भिक छन् कि छैनन् ? तथा अनुगमन र मूल्याङ्कनका संयन्त्र पर्याप्त छन् कि छैनन् ?<br>• योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या, जातजाति, आर्थिक, भाषिक, पिछडिएक वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ ?<br>योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतिलाई सम्बोधन गरेको छ ? |

| | | |
|---|---|---|
| ६ | स्रोतको प्रबन्ध | ● शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका आवश्यक स्रोतको प्रबन्ध गरिएको छ कि छैन ?<br>● लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ कि छैन ?<br>● योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल छ ?<br>स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी भएको छ कि छैन ? |
| ७ | संस्थागत क्षमता | ● योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ कि छैन ?<br>कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ कि छैन ? |
| ८ | कार्यान्वयनमा तत्परता | ● योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ कि छैन ?<br>● योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ कि छैन ?<br>योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ कि छैन ? |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | ● स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ कि छैन ?<br>तथ्याङ्क तथा सूचनाबिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ कि छैन ? |
| १० | अनुगमन र प्रतिवेदन | ● अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ कि छैन ? |

| | | |
|---|---|---|
| | | ● आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरीए छ कि छैन ?<br>● अनुगमन सूचकको प्रयोग गरिएको छ कि छैन ? प्रतिवेदन प्रणाली यकिन गरिएको छ कि छैन ? |

**छ) योजनाको दस्तावेजको स्वरूप:**

शिक्षा विकासका लागि बुटवल उपमहानगरपालिकाले ५ वर्षे नगर शिक्षा योजना बनाएको छ । यस शिक्षा योजना स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०८१ अनुरूप तयार गरिएको छ । सोही दिग्दर्शनमा निर्दिष्ट गरेबमोजिम शिक्षा योजनाको सुरुवात विषय प्रवेशबाट गरी शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य, योजना निर्माणका आधार, योजना निर्माण गर्दा अपनाइएका आधारहरू , योजनाको लेखाजोखाको बारेमा प्रस्तुत गरिएको छ । योजनालाई ८ परिच्छेदमा बिभाजन गरी योजनाको दस्ताबेज तयार गरिएको छ | परिच्छेदको हिसाबले परिच्छेद १ वर्तमान अवस्थाको बिश्लेषण, परिच्छेदमा २ मा शिक्षा योजनाको दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण, रणनीति, कार्यनीति, अपेक्षित उपलब्धि, मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण बारेमा समेटिएको छ । परिच्छेद ३ मा.वि.द्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र समेटिएको छ भने परिच्छेद ४ मा अन्तरसम्बन्धी त विषय तथा क्षेत्र बारेमा उल्लेख गरिएको छ त्यसै गरी परिच्छेद ५ मा अन्य उपक्षेत्र बारेमा उल्लेख गरिएको छ । परिच्छेद ६ मा, सुशासन तथा व्यवस्थापन, परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन र परिच्छेद ८ अनुगमन तथा मूल्याङ्कन गरी योजनाको दस्तावेजको स्वरुप तयार गरिएको छ ।

## परिच्छेद १ : परिचय

### १.१ वर्तमान अवस्था

नेपालको ***अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा ऐन, २०७५*** ले वि.सं. २०८५ सम्ममा सबै नागरीकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था गरेको छ। साथै, ***स्थानीय सरकार सञ्चालन ऐन, २०७४*** को दफा ११ (२) को उपदफा (ज) अनुसार स्थानीय तहलाई माध्यमिक र आधारभूत तहका विद्यालय सम्बन्धी २३ वटा अधिकार प्रदान गरिएको छ। यिनमा प्रारम्भिक बालविकास, माध्यमिक शिक्षा, अनौपचारिक, खुला तथा वैकल्पिक सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति निर्माणदेखि कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनसम्मका महत्त्वपूर्ण अधिकारहरू समावेश छन्। यसैबीच, नेपालको ***सोह्रौं पञ्चवर्षीय योजना (२०८१/८२ – २०८५/८६)*** ले स्वस्थ, शिक्षित र सिप युक्त मानव पुँजी निर्माण गर्ने दीर्घकालीन लक्ष्य लिएको छ। यस लक्ष्यलाई पूरा गर्नका लागि सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घद्वारा घोषित ***दिगो विकास लक्ष्य (SDGs)*** अन्तर्गत नेपालले पनि सन् २०३० सम्म प्राप्त गर्ने प्रतिबद्धता जनाएको छ। यसमध्ये ***दिगो विकास लक्ष्य नं. ४*** ले सबैका लागि समावेशी, समतामूलक र गुणस्तरीय शिक्षाको सुनिश्चितता र आजीवन सिकाइका अवसरहरूको प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ। यस लक्ष्यमा ७ वटा उपलक्ष्यहरू र तिनको कार्यान्वयनका लागि ३ वटा माध्यमहरू समेत समावेश छन्।

विद्यालय शिक्षामा.वि.द्यमान आर्थिक, सामाजिक, भौगोलिक तथा शारीरिक अवरोधहरूका कारण शिक्षाबाट वञ्चित सुविधाविहीन, सीमान्तकृत र अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच तथा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता वृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ***१० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan, (२०७९–२०८८)*** लागु गरेको छ। नेपाल सरकारले लिएका शैक्षिक नीतिगत प्रतिबद्धता र अन्तर्राष्ट्रिय लक्ष्यहरूलाई स्थानीय तहमा कार्यान्वयन गर्नका लागि बुटवल उपमहानगरपालिकाले **शिक्षामा पहुँच, सहभागिता, समता र गुणस्तर सुनिश्चित गर्ने उद्देश्यका साथ पाँचवर्षे शिक्षा योजना २०८१/२०८२** निर्माण गरेको छ।

यो योजना विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यान्वयनमा सशक्त सहयोगीको भूमिका निर्वाह गर्नेछ। यसले शिक्षा क्षेत्रका नीति, योजना, कानुनी व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय शिक्षालाई सुव्यवस्थित गर्दै गुणस्तरीय, समावेशी र समतामूलक शिक्षामार्फत "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय नारा साकार पार्न उल्लेखनीय योगदान पुऱ्याउनेछ।

**क ) भौगोलिक अवस्थितिको विश्लेषण**

यस बुटवल उपमहानगरपालिका लुम्विनी प्रदेशको रुपन्देही जिल्लाको उत्तरमा अवस्थित छ। नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार बुटवल उपमहानगरपालिका लुम्विनी प्रदेश अन्तर्गत रूपन्देही जिल्लाका १६ स्थानीय तहहरू मध्ये एक पर्दछ। यो विश्व शान्तिका अग्रदूत तथा महा मानव गौतम बुद्धको जन्मस्थल लुम्विनीदेखि उत्तर मनोरम चुरे पहाडको काखमा अवस्थित छ। तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा वि.सं. २०७१ मंसिर १६ गते बुटवल नगरपालिकावाट बुटवल उपमहानगरपालिकामा स्तरोन्नति भएको हो। साबिकको बुटवल नगरपालिकाका २२ वटा वडाहरू समेटेर १९ वटा वडाहरू कायम गरिएको छ।

## ख) ऐतिहासिक पृष्ठभूमि तथा नामकरण

बुटवल उपमहानगरपालिकाको नामकरण यहाँको ऐतिहासिक तथा व्यापारिक केन्द्र बुटवल बजारको नामबाट गरिएको हो । हालको बुटवल बजारलाई पहिले '**बटौली**' भनिन्थ्यो । बटौली प्राचीनकालदेखि नै पाल्पा लगायतका पहाडका उत्पादन तथा तराईको उत्पादन खरिद बिक्री गरिने महत्त्वपूर्ण बजार थियो । इतिहासका पाना अझै पल्टाउदै जाँदा इ.पू ५८१–४६१ मा कपिलबस्तुमा राजा शुद्धोधनले राज्य गर्थे । उनकै सुपुत्र सिद्धार्थ गौतम पछि बौद्ध धर्मका प्रवर्तक बने । उतिबेलै हालको बुटवल शाक्य गणतन्त्रको कपिलवस्तु राज्यको एक महत्त्वपूर्ण हिस्साका रूपमा रहेको अनुमान गर्न सकिन्छ । शाक्य वंशपछि भारतमा मुगलले आक्रमण गरेपछि भागेका नुथा रायसेनले सेन राज्य स्थापनागरेका थिए | त्यो **सेन राज्य को राजधानी पाल्पा थियो र त्यसको महत्त्वपूर्ण राज्यको अंशको रूपमा बटौली बजारको विकास गरेको थिए** ।

नेपाल एकीकरणको अभियानका क्रममा.वि..सं. १८६१ जेठ २० गते गोर्खाली सेनाले श्रीनगरका राजा पृथ्वीपाल सेनको दरबार कब्जा गरेपछि हालको बुटवल पाल्पा राज्य अन्तर्गत पर्दै आएको अवस्थामा नेपालराज्यमा गाभिन पुग्यो । एकीकरण पश्चात भारतमा शासन गरिरहेको अङ्ग्रेज शासकले किर्ते तथा कागज बंगालका नवावले कर तिर्ने सर्तमा सेनहरूलाई राज्य भोग गर्न दिएको जमीन भनेर कुतर्क गरी बुटवलमा एक थानाचौकी राखेर प्रशासन चलाए तर तत्कालीन प्रधानमन्त्री भीमसेन थापालाई यो कुरा सैह्य हुने कुरै भएन । बलभद्र कुँवर लगायतका हरूले भारदार रौतहटका २२ गाउँ अङ्ग्रेजलाई सुम्पिएर बुटवल बचाउन अङ्ग्रेज सँग सन्धि गर्ने सल्लाह दिए । भीमसेन थापाले मानेनन् । उनको तर्कमा अङ्ग्रेजहरू सियोबनी छिर्ने मुसल बनी फर्किने हुनाले नेपालको अस्तित्व नै सङ्कटमा पर्ने तर्क गर्दै अङ्ग्रेज सगँ युद्धका लागि तयार भए । यसै निर्णयबमोजिम **मनिराज फौजदारको** नेतृत्वमा पाल्पावाट सैन्य फौज बुटवल र सिउराजका थानाबाट अङ्ग्रेजलाई धपाई नेपाली प्रशासन चलाए । तत्कालै अङ्ग्रेजले गभर्नर लर्ड हेस्टिङ्सले एकतर्फी युद्धको घोषणा गरे ।

नेपालका तर्फबट पाल्पाका प्रमुख प्रशासक कर्णेल **उजिरसिंह थापाले** बटौली किल्ला (जितगढी किल्ला) बनाई बसे । जनरल **सुलिमान उडको** नेतृत्वमा आएको करिब चार हजार फौज तिनाउ नदी तिरैतिर आई जितगढीतर्फ अगाडि बढ्दा नेपाली फौजले चलाएको गोली लागेर मेजर हयाट् इन्जिनियर लेफ्टिनेन्ट **मोरिसन** घाइते भएपछि बि सं १८७२ मा अङ्ग्रेज फौज फिर्ता भए । पुन बैशाखको पहिलो हप्ता अङ्ग्रेज फौजले खस्यौली तर्फबाट **जितगढीमा** आक्रमण गर्ने क्रममा नेपाली फौजले अन्धाधुन्द गोली चलाउँदा धेँरै अंग्रेजी फौजको हताहती भयो र अङ्ग्रेज सेना भागे ।

यसरी बटौलीगढी जितगढीमा परिणत भयो । संसारमा कतै पनि पराजित नभएको साम्राज्यवादी अङ्ग्रेज सेनालाई हराएर वीरताको गौरव गाथा लेखेको यो जितगढी किल्लाले नेपालीको रणकौशल, साहस, पौरख, विरता तथा देशभक्तिको इतिहास बोकेको छ। हाल जितगढी बुटवलको महत्त्वपूर्ण ऐतिहासिक धरोहरका रूपमा यस उपमहानगरपालिकामा रहेको छ ।

### बुटवलको नामकरण

बटौली बजारको नामाकरण कसरी रहन गयो भन्ने सम्बन्धमा सबै विद्वान् हरूको मत ऐक्यता छैन । कसैले हिमाल, पहाड, तराई तथा सीमापारीका पराई समेत बटुलिँदा बटुलिदै 'बटौली' भएको भन्ने तर्क गर्छन् ।अर्का थरी मत अनुसार गौतम बुद्धकी

आमा मायादेवीको माइती हालको बुटवलबाट पूर्वतर्फको सिमाना रहेको देवदहमा थियो । बुद्धको मावली नजिकको स्थानमा पर्ने हुँदा बुद्धको बुद्धबल्ली नाम आएर कालान्तरमा अपभ्रसंभई 'बटौली' भएको भनिएको छ ।

प्राचीनकालदेखि नै हिमाल र पहाडका मानिसहरू तराईतिर झर्ने तथा तराईका मानिसहरू पहाड र हिमालतिर विविध प्रयोजनका लागि आवतजावत गर्थे । उनीहरूलाई 'बटुवा' भनिन्छ । 'बटुवा' बस्ने गाउँलाई'बटुवा वाल' वा 'बटुवा वली' भनिन्छ । 'बटुवा वाल' वा 'बटुवा वली' जमघट भइरहँदा जनजिब्रोले कालान्तरमा 'बटौली' बनाएको हुन सक्छ । कतै कतै व्यापारिक केन्द्र भएको र सर सामग्री बटुल्ने ठाउँ भएकाले पनि बटौली रहन गएको विश्वास गर्दै आएको पाइन्छ ।

बटौली बजार तिनाउ नदीको पश्चिमी किनारामा साँघुरिएको अवस्थामा थियो । तिनाउ पूर्वको बजारलाई भने खस्यौली भनिन्थ्यो । हालको बुटवलले तिनाउ नदीको पूर्व र पश्चिमका दुवै क्षेत्रलाई समेटेको छ । जानकारीका आधारमा बुटवलको इतिहास मानव सभ्यताको उद्गम अवस्थादेखि नै रहि आएको छ । वि.सं. २०३७ तिर अमेरिका तथा नेपालको संयुक्त टोलीले गरेको अनुसन्धान अनुसार सिद्धबाबा मन्दिर क्षेत्र स्थित तिनाउ नदी किनारमा आजभन्दा करिव एक करोड **दश लाख वर्षभन्दा पूरानो मानव जाति रामापिथेकसको दाँत भेटियो** । यो पहरामा टाँसिएको अवस्थामा फेला परेको दाँत विश्वका आजसम्म फेला परेको केन्या र पाकिस्तान पछिको तेस्रो पूरानो आदिम मानव अवशेष हो । यसबाट पनि स्पष्ट हुन्छ बुटवल मानवउद्धगम कालदेखि नै अस्तित्वमा रहि आएको छ ।

**उपमहानगरपालिकाको परिचय**

लुम्बिनी प्रदेशको महत्त्वपूर्ण सहरका रूपमा परिचित बुटवल उपमहानगरपालिका रूपन्देही जिल्लामा अवस्थित छ । यो उपमहानगरपालिका २७.४०" देखि २७.४९" उत्तरी अक्षांश र ८३.२२" देखि ८३.३०" पूर्वी देशान्तरको भौगोलिक समन्वयमा फैलिएको छ । यस उपमहानगरपालिकाको कुल क्षेत्रफल १०३.९८ वर्ग कि.मि. रहेको छ । यसको सीमाना पूर्वतर्फ देवदह उपमहानगरपालिका, पश्चिमतर्फ सैनामैना उपमहानगरपालिका, उत्तरतर्फ पाल्पाको तिनाउ गाउँपालिका तथा दक्षिणतर्फ शुद्धोधन गाउँपालिका र तिलोत्तमा उपमहानगरपालिकासँग जोडिएको छ। समुन्द्र सतहबाट करिब ११८ मिटर उचाइमा अवस्थित बुटवल उष्ण प्रदेशीय हावापानीले भरिपूर्ण छ । प्रशासनिक केन्द्रको रूपमा उपमहानगरपालिका वडा नं. ४ को हाटबजारमा रहेको छ । प्रमुख नदीहरूमा तिनाउ, दानव र सुखौरा नदी पर्दछन् भने कपरकट्टी ताल, सेमलार ताल र दीपनगरस्थित कमल पोखरी यहाँका महत्त्वपूर्ण जलस्रोत हुन्। यहाँका प्रमुख धार्मिक स्थलहरूमा सिद्धबाबा, निलकण्ठबाबा धाम, मुक्तिनाथ धाम, जामे मस्जिद, गणेश मन्दिर, नारायणस्थान, राधाकृष्ण मन्दिर, राममन्दिर, बाग भैरव, भुवनेश्वरी मन्दिर, बौद्ध गुम्बा र पद्मा चैत्य बिहार समावेश छन्। यस्तै, मणी मुकुन्दसेन पार्क, हिल पार्क, जितगढी किल्ला, पिस पार्क, मिलन पार्क, मिनी फेवा ताल र रामापिथेकस पार्क यहाँका प्रमुख पर्यटकीय स्थल हुन्। यो उपमहानगरपालिकामा जम्मा १९ वटा वडा रहेका छन् भने निर्वाचनक्षेत्र को अधार मा प्रदेश तथा सङ्घको निर्वाचन क्षेत्र नम्बर २ रहेको छ | यस उपमहानगरपालिकाको भौगोलिक हिसाबले सरदर १० कि.मी भित्र रहेको छ । हावापानी उष्ण प्रकारको रहेकोले बाहै महिना एकैनासको पाइदैन ।

**ग ) जनसङ्ख्याको स्थिति**

राष्ट्रिय जनगणना २०७८ अनुसार बुटवल उपमहानगरपालिकाको कुल जनसङ्ख्या १,९४,३३५ रहेको छ, जसमा ९४,८४९ (४८.८%) पुरुष र ९९,४८६ (५१.२%) महिला छन्। कुल ५०,५६५ परिवार रहेको यस उपमहानगरपालिकामा औसत परिवारको आकार ४.०७ छ। लैङ्गिक अनुपात ९५.३४ रहेको छ, जसले महिलाको सङ्ख्या पुरुषभन्दा केही बढी रहेको संकेत गर्दछ।

वार्षिक जनसङ्ख्या बृद्धिदर ३.१ प्रतिशत रहेको छ भने जनघनत्व प्रति वर्ग किलोमिटरमा २,७३५ जनसङ्ख्या रहेको पाइन्छ। कुल घरधुरी सङ्ख्या पनि ५०,५६५ रहेको छ, जसले यहाँको बसोबासको सघनता प्रस्ट पार्दछ।

**तालिका नं. १**

**वडागत जनसङ्ख्या विवरण**

| वडा नं. | पुरुष | महिला | जम्मा | पुरुष प्रतिशत | महिला प्रतिशत |
|---|---|---|---|---|---|
| १ | १७१९ | १६५८ | ३३७७ | ५०.९ | ४९.१ |
| २ | ३४३३ | ३३२७ | ६७६० | ५०.८ | ४९.२ |
| ३ | ५५२० | ५७४८ | ११२६८ | ४९.० | ५१.० |
| ४ | ४५७० | ४५४५ | ९११५ | ५०.१ | ४९.९ |
| ५ | १८८६ | १६०७ | ३४९३ | ५४.० | ४६.० |
| ६ | ३८०७ | ३६६७ | ७४७४ | ५०.९ | ४९.१ |
| ७ | ५३१९ | ५७९४ | १११११३ | ४७.९ | ५२.१ |
| ८ | ५३७७ | ५६६० | ११०३७ | ४८.७ | ५१.३ |
| ९ | ४८१० | ४८५५ | ९६६५ | ४९.८ | ५०.२ |
| १० | ३१०८ | ३१५८ | ६२६६ | ४९.६ | ५०.४ |
| ११ | २६४५४ | २८२४५ | ५४६९९ | ४८.४ | ५१.६ |
| १२ | ६५५३ | ७०१४ | १३५६७ | ४८.३ | ५१.७ |
| १३ | ८०२२ | ८७४० | १६७६२ | ४७.९ | ५२.१ |
| १४ | २७८४ | ३०२० | ५८०४ | ४८.० | ५२.० |
| १५ | २१४३ | २५०९ | ४६५२ | ४६.१ | ५३.९ |
| १६ | १६२४ | १७४७ | ३३७१ | ४८.२ | ५१.८ |
| १७ | ३९०३ | ४०८१ | ७९८४ | ४८.९ | ५१.१ |
| १८ | १४१६ | १४४५ | २८६१ | ४९.५ | ५०.५ |
| १९ | २४०१ | २६६६ | ५०६७ | ४७.४ | ५२.६ |
| जम्मा | ९४८४९ | ९९४८६ | १९४३३५ | ४८.८ | ५१.२ |

***स्रोत: राष्ट्रिय जनगणना २०७८***

बुटवल उपमहानगरपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार **५०५६५ घरधुरी** रहेको छ। यस बुटवल उपमहानगरपालिकामा जनघनत्व १३६६.९२ रहेको छ। उपमहानगरपालिकामा जम्मा १९ वडा मध्य वाड नं.११ मा सबैभन्दा बढि ५४६९९ जनसङ्ख्या रहेको देखिन्छ भने सवैभन्दा कम जनसङ्ख्या वडा १८ मा जम्मा २८६१ जनसङ्ख्या रहेको छ। उपमहानगरपालिकाको लैङ्गिक अनुपात भने ९५.३४ रहेको छ।

**तालिका नं. २**

**उमेरगत जनसङ्ख्या विवरण**

| क्र स | **उमेर समूह** | **पुरूष** | **महिला** | **जम्मा** |
|---|---|---|---|---|
| १ | ०४- | ६९१८ | ५९०९ | १२८२५ |
| २ | ५वर्ष ९- | ८५७४ | ७०५९ | १५६३३ |
| ३ | १०वर्ष १४- | ८७५३ | ७३९७ | १६१५० |
| ४ | १४वर्ष १९- | १०६२८ | ९५२७ | २०१५५ |
| ५ | २०वर्ष २४- | ९५४५ | ११२९० | २०८३५ |
| ६ | २५वर्ष २९- | ८०६८ | १०६७८ | १८७४६ |
| ७ | ३०वर्ष ३४- | ७७७९ | १००१४ | १७७९३ |
| ८ | ३५वर्ष ३९- | ७२६५ | ८९९० | १६२५५ |
| ९ | ४०वर्ष ४४- | ६७११ | ७३१६ | १४०२७ |
| १० | ४५वर्ष ४९- | ५३०५ | ५३१४ | १०६१९ |
| ११ | ५०वर्ष ५४- | ४५७२ | ४५४२ | ९११४ |
| १२ | ५५वर्ष ५९- | ३२१५ | ३२७५ | ६४९० |
| १३ | ६०वर्ष ६४- | २६२२ | २८०० | ५४२२ |
| १४ | ६५वर्ष ६९- | १८८८ | २०४९ | ३९३७ |
| १५ | ७०वर्ष ७४- | १४२० | १५३१ | २९५१ |
| १६ | ७५वर्ष ७९- | ८५२ | ९४३ | १७९५ |
| १७ | ८०वर्ष ८४- | ४३२ | ४७८ | ९१० |
| १८ | ८५वर्ष ८९- | १८७ | २३४ | ४२१ |
| १९ | ९०वर्ष ९४- | ८६ | ९७ | १८३ |

| क्र स | उमेर समूह | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| २० | ९५ वर्ष र सो भन्दा माथि | २९ | ४३ | ७२ |
| जम्मा | | ९४८४९ | ९९४८६ | १९४३३३ |

***स्रोत: राष्ट्रिय जनगणना २०७८***

राष्ट्रिय जनगणना २०७८ अनुसार बुटवल उपमहानगरपालिकाको जनसङ्ख्या बृद्धिदर २०८२ सम्मको प्रक्षेपणलाई हेर्दा ३.१ प्रतिशत रहेको देखिन्छ। उमेर अनुसार जनसङ्ख्या हेर्दा सबैभन्दा बढी २० देखि २४ वर्ष उमेर समूह का २०८३५ जना र सबैभन्दा न्यून ९५ भन्दा माथि उमेर समूह का ७२ जना मात्र रहेको छ ।

***तालिका नं. ३***

**अपाङ्गताको आधारमा जनसङ्ख्या विवरण**

| अपांगता को प्रकार | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| शारीरिक अपांगता | ६८१ | ४४८ | ११२९ |
| दृष्टि सम्बन्धी अपाङ्गता | २८७ | १८८ | ४७५ |
| श्रवण सम्बन्धी अपाङ्गता | १६३ | १२७ | २९० |
| मनोसामाजिक अपांगता | १७६ | १४९ | ३३५ |
| दृष्टि र श्रवण सम्बन्धी अपाङ्गता | १४ | १७ | ३१ |
| बोलाई सम्बन्धी अपाङ्गता | ० | ० | ० |
| बौद्धिक अपांगता | २३ | ३७ | ६० |
| हेमोफिलिया | १६ | १९ | ३५ |
| अटीजम | १८ | १६ | ३४ |
| बहु अपाङ्गता | १४० | १३६ | २७६ |
| जम्मा | **१५२२** | **११३७** | **२६५९** |

यस बुटवल उपमहाउपमहानगरपालिकाको कुल जनसङ्ख्याको २६५९ जना अपाङ्गता भएका व्यक्ति रहेका छन् । जसमा महिला **११३७ जना** छन भने भने पुरुष १५२२ जना रहेको छ । अपाङ्गताको प्रकार अनुसार सवै भन्दा धेरै शारिरक अपाङ्गता भएका ११२९ जना रहेका छन् ।

यस तथ्यांकले समाजमा अपांगता वितरणको एउटा महत्त्वपूर्ण परिदृश्य देखाउँछ। पुरुषहरू बढी प्रभावित हुनुका कारणहरू काम गर्ने वातावरण, दुर्घटना, र अन्य जैविक तथा सामाजिक कारणहरू हुनसक्छन्। साथै, महिला अपांगताको सही रूपमा पहिचान वा रिपोर्ट नहुनु पनि सम्भावित कारणहरूमध्ये एक हुनसक्छ। यस विषयमा थप अध्ययन र अनुसन्धान आवश्यक देखिन्छ ।

**तालिका नं. ४**

**जातिगत जनसङ्ख्या विवरण**

| क्र स | जातजाति | जनसङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | प्रतिशत |
| 1 | ब्राहमण –पहाडी | २९४३३ | २९६८५ | ५९११८ | ३०.४२ |
| 2 | मगर | १६७०१ | १९७५२ | ३६४५३ | १८.७६ |
| 3 | क्षेत्री | १४०१३ | १५४६८ | २९४८१ | १५.१७ |
| 4 | नेवा : (नेवार ) | ५९०८ | ६१८८ | १२०९६ | ६.२२ |
| 5 | बिश्वकर्मा | ५००५ | ५५१४ | १०५१९ | ५.४१ |
| 6 | थारु | ५३२४ | ५११८ | १०४४२ | ५.३७ |
| 7 | गुरुङ | २४०१ | २८३५ | ५२३६ | २.६९ |
| 8 | परियार | २३९० | २७६० | ५१५० | २.६५ |
| 9 | मुसलमान | २२२२ | १८६९ | ४०९१ | २.११ |
| 10 | ठकुरी | १२६९ | १४६७ | २७३६ | १.४१ |
| 11 | मिझार | ११२४ | १२७० | २३९४ | १.२३ |
| 12 | बिदेशी | १४५० | ५८६ | २०३६ | १.०५ |
| 13 | बनिया | ६९४ | ५९८ | १२९२ | ०.६६ |
| 14 | ब्राहमण -तराई | ६६० | ५९६ | १२५६ | ०.६५ |
| 15 | कुमाल | ५७६ | ५८८ | ११६४ | ०.६ |
| 16 | सन्यासी/दशनामी | ४७२ | ४७१ | ९४३ | ०.४९ |
| 17 | यादब | ४७५ | ३१० | ७८५ | ०.४ |
| 18 | तामांग | ३५४ | ३७३ | ७२७ | ०.३७ |
| 19 | तेली | ४०५ | ३२३ | ७२८ | ०.३७ |

| क्र स | जातजाति | जनसङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | प्रतिशत |
| 20 | कानु | ३२७ | ३२७ | ६५४ | ०.३४ |
| 21 | सुनुवार | ३११ | ३५० | ६६१ | ०.३४ |
| 22 | थकाली | २७२ | ३१८ | ५९० | ०.३ |
| 23 | सोनार | २७३ | २८० | ५५३ | ०.२८ |
| 24 | राई | १९८ | २३२ | ४३० | ०.२२ |
| 25 | छन्त्याल | २०८ | २२७ | ४३५ | ०.२२ |
| 26 | कठ्बनिया | १७९ | १५६ | ३३५ | ०.१७ |
| 27 | चमार /हरीजन | १७३ | १३४ | ३०७ | ०.१६ |
| 28 | हजाम | १६१ | १३३ | २९४ | ०.१५ |
| 29 | कुर्मी | १४७ | ९७ | २४४ | ०.१३ |
| 30 | कलवार | १२७ | ११९ | २४६ | ०.१३ |
| 31 | धोबी | ११२ | ९६ | २०८ | ०.११ |
| 32 | घर्ति /भुजेल | ७७ | ८९ | १६६ | ०.०९ |
| 33 | केवट | ८२ | ७० | १५२ | ०.०८ |
| 34 | हलवाई | ७५ | ७८ | १५३ | ०.०८ |
| 35 | माझि | ८९ | ७६ | १६५ | ०.०८ |
| 36 | मल्लाह | ७० | ६७ | १३७ | ०.०७ |
| 37 | कहार | ८५ | ५१ | १३६ | ०.०७ |
| 38 | मारवाडी | ६६ | ६४ | १३० | ०.०७ |
| 39 | कोरी /कुशहवा | ६६ | ४९ | ११५ | ०.०६ |
| 40 | अन्य | ६५ | ५४ | ११९ | ०.०६ |
| 41 | राजपुत | ५५ | ४९ | १०४ | ०.०५ |
| 42 | बाढी | ५५ | ३५ | ९० | ०.०५ |
| 43 | यक्कुंग /लिम्बु | ३३ | ४७ | ८० | ०.०४ |
| 44 | दुशाध/पासवान/पासी | ४३ | २९ | ७२ | ०.०४ |
| 45 | कायस्थ | ४५ | ३७ | ८२ | ०.०४ |

| क्र स | जातजाति | जनसङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | प्रतिशत |
| 46 | बंगाली | ५७ | २६ | ८३ | ०.०४ |
| 47 | डोम | ४६ | ३६ | ८२ | ०.०४ |
| 48 | राजबंसी | ३४ | २० | ५४ | ०.०३ |
| 49 | शेर्पा | २८ | २७ | ५५ | ०.०३ |
| 50 | तातमा | ३२ | २४ | ५६ | ०.०३ |
| 51 | लोहार | ३३ | २३ | ५६ | ०.०३ |
| 52 | लोध | २८ | २९ | ५७ | ०.०३ |
| 53 | पथरकट्टा | ३२ | २४ | ५६ | ०.०३ |
| 54 | पुन | २१ | ३० | ५१ | ०.०३ |
| 55 | नखुलाई एको | २९ | २४ | ५३ | ०.०३ |
| 56 | बरई | २३ | १९ | ४२ | ०.०२ |
| 57 | नुनिया | २१ | १३ | ३४ | ०.०२ |
| 58 | बोटे | १८ | १३ | ३१ | ०.०२ |
| 59 | पन्जाबी | २१ | १२ | ३३ | ०.०२ |
| 60 | मुसहर | १३ | १० | २३ | ०.०१ |
| 61 | धानुक | १२ | ११ | २३ | ०.०१ |
| 62 | खत्वे | १३ | ४ | १७ | ०.०१ |
| 63 | सुंडी | १७ | ९ | २६ | ०.०१ |
| 64 | कुम्हार | ८ | ९ | १७ | ०.०१ |
| 65 | भेदियार | १० | १० | २० | ०.०१ |
| 66 | घले | ७ | १० | १७ | ०.०१ |
| 67 | माली | ९ | ६ | १५ | ०.०१ |
| 68 | कोरी | १२ | १२ | २४ | ०.०१ |
| 69 | राझभर | १० | ४ | १४ | ०.०१ |
| 70 | गाइने | १२ | १६ | २८ | ०.०१ |
| 71 | ब्यासी | ६ | ८ | १४ | ०.०१ |
| 72 | धरिकार | १३ | १२ | २५ | ०.०१ |

| क्र स | जातजाति | जनसङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | प्रतिशत |
| 73 | कालर | ९ | ५ | १४ | ०.०१ |
| 74 | गोंध | ५ | ५ | १० | ०.०१ |
| | कुल जम्मा | ९४८४९ | ९९४८६ | १९४३३५ | १०० |

***स्रोतः राष्ट्रिय जनगणना २०७८***

यस बुटवल उपमहानगरपालिकामा जातजाति अनुसार जनसङ्ख्याको विवरण हेर्दा मुख्यतया बाहुन, मगर, क्षेत्री , थारू, बिस्वकर्मा, परियार ठकुरी नेवार, गुरूंग, मुसलमान, यादव, जस्ता जातिहरूको बसोबास छ। सबैभन्दा बढी ब्राहमण पहाडी ३०.४२ प्रतिशत रहेको छ भने सबैभन्दा न्यून पथ्थरकट्टा थकाली र लिम्बु समुदायको बसोवास रहेको देखिन्छ।

**तालिका नं. ५**

**धर्म अनुसार जनसङ्ख्या विवरण**

| क्र स | धर्म | पुरुष | महिला | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हिन्दु | ८५२४७ | ८९४६७ | १७४७१४ | ९० | |
| २ | बौद्ध | ५५१३ | ६३०८ | ११८२१ | ६ | |
| ३ | इस्लाम | २६३९ | २०२४ | ४६६३ | २ | |
| ४ | क्रिश्चियन | १०२० | १२३६ | २२५६ | १ | |
| ५ | किरात | ३४ | २७ | ६१ | ० | |
| ६ | प्रकृति | १२६ | १२६ | २५२ | ० | |
| ७ | बोन | २६१ | २९२ | ५५३ | ० | |
| ८ | बहाई | ० | १ | १ | ० | |
| ९ | सिख | ९ | ५ | १४ | ० | |
| | जम्मा | ९४८४९ | ९९४८६ | १९४३३५ | १०० | |

यस बुटवल उपमहानगरपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण गर्दा मुख्यत बाहुन,क्षेत्री ,मगर,थारु, बिस्वकर्मा, परियार, ठकूरी नेवार, गुरूंग, मुसलमान यादव जस्ता जातिहरूको बसोबास छ। सवै जातजाति हरूले आफ्नो परम्परा अनुसारका धर्म रीतिरिवाज र संस्कृति मान्दछन्।

जाति र धर्म अनुसार चालचलन र संस्कृति पनि फरक फरक पाइन्छ। विवाह, भोज, व्रतवन्ध, मृत्यु जस्ता सामाजिक कार्यमा यहाँका मानिसहरू आफ्नै रीति र संस्कार अनुसार मान्ने गरेका छन्। यहाँ विशेषत दशैं, तिहार, होल्सार, ईद, छठ, माघी, बडका आइतबार, उधौंली–उभौंली, जनैपूर्णिमा / रक्षा बन्धन, गाइ जात्रा, होली, तीज बुद्धजयन्ती तथा अन्य चाडहरू मान्नुका साथै धार्मिक विविधता भए तापनि एक आपासमा घुलमिल भई बस्ने गरेका छन्। यस उपमहानगरपालिका मा जातीय हिसावले ब्राहमण समुदायको बाहुल्यता रहेको छ। जसको कुल जनसङ्ख्याको ३४.०८ प्रतिशत छ।

**घ) आर्थिक अवस्थाको विश्लेषण (कृषि, उद्योग, पर्यटन आदि)**

बुटवल उपमहानगरपालिकाको कुल जनसङ्ख्या १,९४,३३५ मध्ये राष्ट्रिय जनगणना २०७८ अनुसार १० वर्षभन्दा माथिको जनसङ्ख्या १,६५,८७५ रहेको छ। यसमध्ये आर्थिक रूपमा सक्रिय र निष्क्रिय जनसङ्ख्याको अवस्था विश्लेषण गर्दा बेरोजगारी दर घटाउन दीर्घकालीन दृष्टिकोण अपनाउनु आवश्यक देखिन्छ। त्यसका लागि अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ , प्रा.वि.धिक तथा व्यावसायिक शिक्षा, र सिप विकास तालिममा.वि.शेष जोड दिनुपर्छ ।

नगरका वडाहरू १४, १५, १६, १७, १८, र १९ मा पर्याप्त खेतीयोग्य जमिन रहेकोले कृषिमा आधारीत शिक्षालाई प्रविधिसँग जोड्ने प्रयास गरिनु आवश्यक छ। सम्भावित विद्यालयहरूमा कृषि, प्रा.वि.धिक तथा व्यावसायिक शिक्षालाई उद्यमशीलतासँग जोड्दै पढ्दै, कमाउँदै, सिक्दै कार्यक्रम सञ्चालन गर्ने शिक्षा योजनामार्फत प्राथमिकता दिनुपर्ने आवश्यकता छ।

यो उपमहानगरपालिका उद्योग र पर्यटनको पनि केन्द्र बन्दै गएको छ। बुटवलको भौगोलिक अवस्था, पूर्वाधार विकास, र व्यापारिक पहुँचले गर्दा साना तथा मझौला उद्योगहरू विस्तार भइरहेका छन्। स्थानीय उत्पादन, कृषि प्रशोधन, तथा सेवा क्षेत्र विस्तारमार्फत रोजगारी सिर्जना गर्ने सम्भावना उल्लेखनीय छ।

यस्तै, बुटवलको ऐतिहासिक, सांस्कतिक र धार्मिक महत्त्वका स्थलहरू: सिद्धबाबा, मणिमुकुन्द सेन पार्क, जीतगढ़ी किल्ला , तिनाउ नदी क्षेत्र आदि मार्फत पर्यटन प्रवर्द्धन गर्ने ठूलो सम्भावना छ। पर्यटन क्षेत्रलाई व्यवस्थित विकास गरी स्थानीय आयआर्जन र रोजगारीको स्रोतमा रूपान्तरण गर्न सकिन्छ।

बुटवल उपमहानगरपालिकाको आर्थिक समृद्धिका लागि कृषि, उद्योग, र पर्यटनलाई आपसमा समन्वय गरी शिक्षा र शिपसँग जोड्नु अत्यावश्यक छ। जीवनोपयोगी सिप, उद्यमशीलता, र स्थानीय स्रोतको सदुपयोग गर्दै दीर्घकालीन आर्थिक वृद्धि र रोजगारी सृजनाको मार्ग खोल्न सकिन्छ।

**ङ) शैक्षिक अवस्थाको विश्लेषण**

बुटवल उपमहानगरपालिका राष्ट्रिय स्तरमै शैक्षिक केन्द्रको रूपमा.वि.कसित हुँदै गएको छ। यहाँ ३९ वटा सामुदायिक विद्यालय सञ्चालनमा छन्, जसमा ४ वटा मदरसा, १ वटा गुरुकुल , महिला र प्रौढ विद्यालय तथा रात्रि विद्यालय विद्यालय संचालनमा छन्। यस्तै, ५८ वटा संस्थागत विद्यालयहरूमा झन्डै ३६ हजार विद्यार्थी अध्ययनरत छन् भने सामुदायिक विद्यालयमा ३३ हजार विद्यार्थीले शिक्षा प्राप्त गरीरहेका छन्।

बुटवलको शैक्षिक वातावरण अन्य उपमहानगरपालिकाहरूको तुलनामा निकै आकर्षक मानिन्छ। यहाँका विद्यालयहरूले राष्ट्रिय स्तरमै उत्कृष्ट नतिजा हासिल गर्दै आएका छन्, जसले गर्दा अन्य पालिकाबाट विद्यार्थीहरू बुटवलमा पढ्न आउन चाहन्छन्। शिक्षाको बढ्दो मागअनुसार आवश्यक पूर्वाधार निर्माण गर्न नसक्दा भने धेरै विद्यार्थीहरू भर्ना पाउन नसकेर अन्यत्र जान बाध्य छन्। विद्यालयहरूको सङ्ख्यात्मक वृद्धि भए संगै गुणस्तरिय शिक्षाका लागि थप पूर्वाधार, प्रविधिमैत्री कक्षाकोठा, र दक्ष शिक्षकहरूको आवश्यकता छ। हाल, बुटवलमा ४ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा छन्, जसमा ३ वटा सक्रिय रूपमा कार्यरत छन्। यी सिकाइ केन्द्रहरूले विशेष रूपमा सामाजिक सचेतना, सिप मूलक तालिम, र आयआर्जन कार्यक्रम सञ्चालन गरीरहेका छन्। यसले विद्यालय जान नपाएका वा विद्यालय छोडेका हरूलाई सिप र रोजगारका अवसर प्रदान गरिरहेको छ।

बुटवल उपमहानगरपालिकाले शिक्षामा गुणस्तर सुधार गर्न विभिन्न पहलहरू गरिरहेको छ। माध्यमिक शिक्षा परीक्षा (SEE) तथा कक्षा १२ को परीक्षामा बुटवलका विद्यालयहरूले राष्ट्रिय स्तरमै उत्कृष्ट नतिजा हासिल गर्दै आएका छन्। विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले सामुदायिक विद्यालयहरूमा शिक्षण सिकाइ सुधार कार्यक्रम लागु गरिएको छ। उपमहानगरपालिकाले नियमित रूपमा शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न तालिम डिजिटल प्रविधिको उपयोग, सूचना प्रविधि (ICT) मा आधारीत शिक्षण प्रणाली, र प्रयोगशालाहरूको विस्तार गरिरहेको छ।

बुटवलमा उच्च शिक्षाका अवसरहरू पनि क्रमशः वृद्धि हुँदै गइरहेका छन्। उपमहानगरपालिकाभित्र ४ वटा सामुदायिक क्याम्पसहरू छन् भने २१ वटा निजी कलेजहरू, प्रा.वि.धिक शिक्षालयहरू, तथा व्यवसायिक तालिम केन्द्रहरू सञ्चालनमा छन्। यी कलेजहरूले विज्ञान, व्यवस्थापन, मानविकी, प्रविधि, कृषि, इन्जिनियरिङ, तथा अन्य विभिन्न विषयका कार्यक्रमहरू प्रदान गरीरहेका छन्। प्रविधिमैत्री तथा नविनतम शिक्षा प्रणालीको अभावमा धेरै विद्यार्थीहरू उच्च शिक्षाका लागि अन्यत्र जानुपर्ने अवस्थालाई रोक्न उपमहाउपमहानगरपालिकाले निजी क्षेत्रसँग सहकार्य गरेर प्रविधि, अनुसन्धान, र शिक्षालाई सिप र रोजगार संग जोड्न 3P मोडेलमा काम गरिरहेको छ।

शिक्षामा पहुँच वृद्धि गर्न बुटवल उपमहानगरपालिकाले महत्त्वपूर्ण सफलता हासिल गरीसकेको छ। यहाँका करिब ९८% वालवालिकाहरू शिक्षाको पहुँचमा छन्, जुन राष्ट्रिय औसतभन्दा माथि हो। शिक्षा क्षेत्रमा समावेशीकरणको नीति लागु गर्दै, उपमहानगरपालिकाले संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको करिब १०% लाई नियमित छात्रवृत्तिमा नि:शुल्क अध्ययनको अवसर प्रदान गरिरहेको छ। विशेष गरी विपन्न तथा असहाय विद्यार्थीहरूलाई लक्षित गर्दै छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, र पोशाक कार्यक्रमलाई निरन्तरता दिन वार्षिक नीति तथा कार्यक्रममै आवश्यक बजेटको व्यवस्था गरिएको छ।

बुटवल उपमहानगरपालिकाले शिक्षालाई दीर्घकालीन रूपमा अघि बढाउन योजनाबद्ध ढंगले लगानी गरिरहेको छ। कुल बजेटको २१% शिक्षामा लगानी गर्दै आएको उपमहानगरपालिकाले भविष्यमा प्रविधिमैत्री विद्यालय,दक्ष शिक्षक उत्पादन, र अनुसन्धानमूलक शिक्षालाई प्राथमिकता दिनुपर्छ। विद्यालय पूर्वाधार सुधार, प्रविधिमैत्री कक्षाकोठा, शिक्षक तालिम, तथा डिजिटल शिक्षाका क्षेत्रमा लगानी बढाउँदै जाने नीति आवश्यक छ। साथै, समुदायमा आधारीत शिक्षाका कार्यक्रमहरूलाई सशक्त बनाएर व्यावसायिक सिप अभिवृद्धि गर्ने योजनाहरू कार्यान्वयन गर्न सके, बुटवललाई लामो समय सम्म नेपालकै प्रमुख शैक्षिक केन्द्रका रूपमा.वि.कास गर्न सकिन्छ। यदि सरकार, निजी क्षेत्र, र समुदायबीचको सहकार्य अझ प्रभावकारी बनाइयो भने, बुटवल उपमहाउपमहानगरपालिका निकट भविष्यमै नेपालकै प्रमुख नमुना शिक्षण केन्द्र तथा ज्ञान सृजनाको प्रमुख थलो बन्न सक्ने सम्भावना रहेको छ। बुटवल उपमहानगरपालिकाको विशेष शैक्षिक व्यवस्थाहरू यस प्रकार रहेको छ।

### ङ) शैक्षिक अवस्था (बुटवलमा शिक्षाको विकासक्रम)

बुटवल खस्यौली नगर पंचायत को स्थापना बि स २०१६ सालमा भएपनि बि स २०२० सालमा निशुल्क प्राथमिक शिक्षा योजना स्थानीय खर्च मा नगर ले स्वयं संचालन गरी नेपाल मै शिक्षा क्षेत्र मा.वि.शिष्ट स्थान प्राप्त गरेको थियो |यस योजना अन्तर्गत ५ वटा केन्द्र सङ्ख्या नं १,२,३,४,५ भनी ८ कोठे विद्यालय भवन बनाई कक्षा १ देखि ५ सम्म सबै को लागि शिक्षा अनिवार्य

गरेको थियो | यसको लागि सङ्ख्या नं १ कालिका मानव ज्ञान मा बि (सेक्टर १), सङ्ख्या नं २ कान्ति मा बि ( सेक्टर २), सङ्ख्या नं ३ बुटवल बहुमुखी क्याम्पस र ज्ञानोदय मा बि , सङ्ख्या नं ४ सरस्वति आधारभूत विद्यालय , सङ्ख्या नं ५ उजिर सिंह मा बि मा स्थापना गरी संचालन गरिएको थियो | राष्ट्रिय शिक्षा पद्दति को योजना २०२२ लागु हुँदा सम्म बुटवल नगरमा उपयुक्त ५ ओटा प्रा.वि.धि क विद्यालय बुटवल मा बि, गणेश जनता मा बि, बुटवल टेक्निकल इन्स्टिच्युट (**BTI**-२०२२) र लुम्बिनी कलेज संचालन मा थिए |

बि सं २०२८ मा रा.शि.प.यो. लागु भएपछि यस नगर ले शिक्षा मा धेरै प्रगति गर्दै गयो र अब यो बुटवल उपमहानगरपालिका नेपाल मै शिक्षा को उत्कृष्ट केन्द्र को रूपमा.वि.कसित हुँदै गएको छ । यहाँ ३९ वटा सामुदायिक विद्यालय सञ्चालनमा छन्, जसमा ४ वटा मदरसा, १ वटा गुरुकुल , १ वटा महिला र प्रौढ विद्यालय,१वटा रात्रि विद्यालय संचालनमा छन्। बुटवलको शैक्षिक वातावरण अन्य उपमहानगरपालिकाहरूको तुलनामा निकै आकर्षक मानिन्छ। यहाँका विद्यालय हरूले राष्ट्रिय स्तरमै उत्कृष्ट नतिजा हासिल गर्दै आएका छन्, जसले गर्दा अन्य पालिकाबाट विद्यार्थीहरू बुटवलमा पढ्न आउन चाहन्छन् । तर, शिक्षाको बढ्दो मागअनुसार आवश्यक पूर्वाधार निर्माण गर्न नसक्दा धेरै विद्यार्थीहरू भर्ना पाउन नसकेर अन्यत्र जान बाध्य छन्। विद्यालय हरूको सङ्ख्यात्मक वृद्धि भए संगै गुणस्तरिय शिक्षाका लागि थप पूर्वाधार, प्रविधिमैत्री कक्षाकोठा, र दक्ष शिक्षकहरूको आवश्यकता छ। हाल, बुटवलमा ४ वटा सामुदायिक सिकाइ केन्द्रहरू (CLC) सञ्चालनमा छन्, जसमा ३ वटा सक्रिय रूपमा कार्यरत छन् । यी सिकाइ केन्द्रहरूले विशेष रूपमा सामाजिक सचेतना, सिप मूलक तालिम, र आयआर्जन कार्यक्रम सञ्चालन गरीरहेका छन् ।यसले विद्यालय जान नपाएका वा विद्यालय छोडेका हरूलाई सिप र रोजगारका अवसर प्रदान गरिरहेको छ ।

बुटवल उपमहानगरपालिकाले शिक्षामा गुणस्तर सुधार गर्न विभिन्न पहलहरू गरिरहेको छ ।माध्यमिक शिक्षा परीक्षा (SEE) तथा कक्षा १२ को परीक्षामा बुटवलका विद्यालयहरूले राष्ट्रिय स्तरमै उत्कृष्ट नतिजा हासिल गर्दै आएका छन् । विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले सामुदायिक विद्यालयहरूमा शिक्षण सिकाइ सुधार कार्यक्रम लागु गरिएको छ ।उपमहानगरपालिकाले नियमित रूपमा शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न तालिम डिजिटल प्रविधिको उपयोग, सूचना प्रविधि (ICT) मा आधारीत शिक्षण प्रणाली, र प्रयोगशालाहरूको विस्तार गरिरहेको छ ।
बुटवलमा उच्च शिक्षाका अवसरहरू पनि क्रमशः वृद्धि हुँदै गइरहेका छन् । उपमहानगरपालिकाभित्र ४ वटा सामुदायिक क्याम्पसहरू छन् भने २१ वटा निजी कलेजहरू, प्रा.वि.धिक शिक्षालयहरू, तथा व्यवसायिक तालिम केन्द्रहरू सञ्चालनमा छन् । यी कलेजहरूले विज्ञान, व्यवस्थापन, मानविकी, प्रविधि, कृषि, इन्जिनियरिङ, तथा अन्य विभिन्न विषयका कार्यक्रमहरू प्रदान गरीरहेका छन् । प्रविधिमैत्री तथा नविनतम शिक्षा प्रणालीको अभावमा धेरै विद्यार्थीहरू उच्च शिक्षाका लागि अन्यत्र जानुपर्ने अवस्थालाई रोक्न उपमहाउपमहानगरपालिकाले निजी क्षेत्रसँग सहकार्य गरेर प्रविधि, अनुसन्धान, र शिक्षालाई सिप र रोजगार संग जोड्न 3P मोडेलमा काम गरिरहेको छ ।

शिक्षामा पहुँच वृद्धि गर्न बुटवल उपमहानगरपालिकाले महत्त्वपूर्ण सफलता हासिल गरीसकेको छ । यहाँका ९८% वालवालिकाहरू शिक्षाको पहुँचमा छन्, जुन राष्ट्रिय औसतभन्दा माथि हो।शिक्षा क्षेत्रमा समावेशीकरणको नीति लागु गर्दै,

उपमहानगरपालिकाले संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको १०% लाई नियमित छात्रवृत्तिमा निशुल्क अध्ययनको अवसर प्रदान गरिरहेको छ । विशेष गरी विपन्न तथा असहाय विद्यार्थीहरूलाई लक्षित गर्दै छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, र पोशाक कार्यक्रमलाई निरन्तरता दिन वार्षिक नीति तथा कार्यक्रममै आवश्यक बजेटको व्यवस्था गरिएको छ।

बुटवल उपमहानगरपालिकाले शिक्षालाई दीर्घकालीन रूपमा अघि बढाउन योजनाबद्ध ढंगले लगानी गरिरहेको छ। कुल बजेटको २०.३७% शिक्षामा (सङ्घ-१४.७८, प्रदेश-०.१० र स्थानीय तह- ५.४८) लगानी गर्दै आएको उपमहानगरपालिकाले भविष्यमा प्रविधिमैत्री विद्यालय, दक्ष शिक्षक उत्पादन, र अनुसन्धानमूलक शिक्षालाई प्राथमिकता दिनुपर्छ । विद्यालय पूर्वाधार सुधार, प्रविधिमैत्री कक्षाकोठा, शिक्षक तालिम, तथा डिजिटल शिक्षाका क्षेत्रमा लगानी बढाउँदै जाने नीति आवश्यक छ।साथै, समुदायमा आधारीत शिक्षाका कार्यक्रमहरूलाई सशक्त बनाएर व्यावसायिक सिप अभिवृद्धि गर्ने योजनाहरू कार्यान्वयन गर्न सके, बुटवललाई लामो समय सम्म नेपालकै प्रमुख शैक्षिक केन्द्रका रूपमा.वि.कास गर्न सकिन्छ ।यदि सरकार, निजी क्षेत्र, र समुदायबीचको सहकार्य अझ प्रभावकारी बनाइयो भने, बुटवल उपमहाउपमहानगरपालिका निकट भविष्यमै नेपालकै प्रमुख उत्कृष्ट नमुना शिक्षण केन्द्र तथा ज्ञान सृजनाको प्रमुख थलो बन्न सक्ने सम्भावना रहेको छ । बुटवल उपमहानगरपालिकाको विशेष शैक्षिक व्यवस्थाहरू यस प्रकार रहेको छ।

**विशेष शैक्षिक व्यवस्थाहरू :**

बुटवल नगरको अवस्थालाई हेर्दा रोजगार, व्यापार, व्यवसाय उद्योग, पर्यटकीय स्थलको रूपमा मात्र नभई शिक्षामा पनि अग्रस्थानमा रहेको छ । साबिकको पाल्ही, माझखण्ड र शिउराज जिल्लाको नामले पहिचान हुँदा होस् वा मुकुन्दसेनको शीतकालिन दरबार, नुवाकोटगढी वा जीतगढी किल्ला र आदि मानव रामापिथेकसको कुरा गर्दा होस् वा रूपन्देही जिल्लाको बुटवल अगाडि नै आउने गर्दछ । पछिल्लो समयमा बुटवलमा स्थापना भएका शिक्षण संस्था विद्यालय र क्याम्पसको सम्बन्धमा बहस चलाउँदा पनि बुटवल बहुमुखी क्याम्पस तथा तत्कालीन बुटवल नगर पञ्चायतमा अनिवार्य तथा निःशुल्क पाठशाला शाखाको रूपमा सञ्चालन गरेको पाइन्छ। यधपि २०४६/२०४७ को राजनैतिक परिर्वतनपछि शिक्षामा उदारीकरणको छाप परेको देखिन्छ भने २०६२/०६३ पछि यसले फड्को समेत मारेको देखिन्छ। हरेक प्रकारका विषयगत अध्ययन गर्ने मोफसलको शैक्षिक राजधानीको रूपमा आधुनिक प्रा.वि.धिकसंगै शिक्षामा द्रुत गतिले विकास भएको छ तापनि यस नगरको शैक्षिक क्षेत्रमा केही अनुकरणीय शैक्षिक संस्थाहरू विकास भएको पाइन्छ , जुन देहाय बमोजिम छन् :

**क) कान्ति खुला विद्यालय** :

शिक्षाको अवसरबाट कोही पनि टाढा नरहुन भन्ने उद्देश्यका साथ स्थापना भएको कान्ति खुला विद्यालय (हाललाई कार्यक्रम) २०६५ सालमा स्थापना भएको हो।नियमित विद्यालयमा जान नसक्ने र आर्थिक समस्याको कारणले बीचैमा पढाई छाडेकाहरूको लागि औपचारिक शिक्षाको मूल धारमा ल्याउनका लागि आधारभूत तहको कक्षा ६–८ सम्मलाई दुईवर्ष र माध्यमिक तहको कक्षा

९–१० लाई एक वर्षमा.वि.षेश कक्षा संञ्चालनबाट अध्ययन पूरा गरेको एक हजार पाँच सय बढी विद्यार्थीहरू उत्पादन गरेको छ ।

हाल विद्यालयको नामबाट कार्यक्रमको रूपमा संचालित यस खुला शिक्षा कार्यक्रलाई कान्ति खुला विद्यालयको रूपमा संस्थागत संरचनाको विधिबाट विद्यार्थीको उमेर, क्षमता, रूचि अनुसार सिप मूलक शिक्षा दिन सकेमा रोजगारी र व्यवसायिक शिक्षाको आपूर्ति गर्न सहयोग हुने देखिन्छ।

**ख) ज्ञानोदय रात्रि  विद्यालय** :

नेपाल भर सवैभन्दा थोरै मात्र रात्रि  विद्यालय (Night School ) सञ्चालनमा भएको पाइन्छ । लुम्विनी प्रदेशको एउटा मात्रै छुट्टै पहिचान राखेको यो रात्रि  विद्यालय हो । बुटवल उप–महानगरपालिका वडा नं. ५ मा अवस्थित यस विद्यालयमा हाल कक्षा ६–१० सम्मको अध्ययन अध्यापन भै रहेको छ । साँझ ४:०० बजेदेखि ८:०० बजेसम्म पढाई हुने यो विद्यालयमा दिउँसो जागिर खाने, व्यापार व्यवसाय गर्ने कामको कारणले शिक्षाको अवसरबाट वञ्चित, समय र आर्थिक अभाव भएका गरीव विद्यार्थी, न्यून आय भएका कारण रोजगारीसँग लड्नु परेका तिनका पुस्ता अर्थात नाति देखि बाजेसम्मका उमेरका विद्यार्थी एउटै थलोमा यहाँ अध्ययन गरीरहेका छन् । यस विद्यालयलाई सिपमूलक शिक्षा प्रदान गर्न सक्ने व्यावसायिक विद्यालयको रूपमा.वि.कास गर्न सके बुटवलको एउटा अनुपम उदाहरण बन्न सक्ने सक्छ ।

**ग) साधना महिला विद्यालय :**

महिला दिदीबहिनीहरूको पढ्न पाउने रहरलाई व्यवहारमा उतार्न बुटवल उपमहानगरपालिका वडा नं. ६ मा साधना महिला विद्यालयको स्थापना भएको  भएको छ । यस विद्यालयले स्थापनाकालदेखि नै विभिन्न उमेर समूहका दिदिवहिनीहरूलाई कक्षा १ देखि कक्षा १० सम्म नेपाल सरकारको स्वीकृत पाठ्क्रम अनुसार पठन पाठन संचालन गरी हालसम्म १३५ जना विद्यार्थीहरूलाई माध्यमिक तहको एस.ई.ई. परीक्षामा सम्मिलित तथा उत्तीर्ण गराईसकेको छ । साना वालिकादेखि हजुर आमासम्मका ज्येष्ठ आमाहरू समेतसंगै बसेर अध्ययन अध्यापन गराई रहेको यस विद्यालयमा समेत अव साधारण शिक्षाको साथै सिप मूलक व्यवसायीक शिक्षाको माध्यमबाट महिला दिदिबहीनीहरूलाई शिक्षा प्रदान गर्नु अपरिहार्य भएको छ।

तल्लो तह १ देखि ५ कक्षा सम्म सामुदायिक विद्यालयको रुपमा र  माथिल्लो तहमा ६ देखि १० कक्षा सम्म गुठी दुइ प्रकारको कानुनबाट अनुमति प्राप्त भै संचालन भएको छ । यस विद्यालयलाई  एउटै प्रकारको सामुदायिक विद्यालयमा सञ्चालन गर्नुपर्ने र सम्पूर्ण खर्च राज्यले व्यहोर्ने गरी निःशुल्क  शिक्षा दिने संस्थाको रुपमा.वि.कास गर्न आवश्यक रहेको छ ।

**घ) धार्मिक विद्यालयहरू** :

बुटवल उपमहानगरपालिका भित्र तीनवटा मदरसा विद्यालय हरू  र एउटा गुरूकुल शिक्षा दिने विद्यालय रहेका छन् । यस उपमहानगरपालिका भित्र गुम्बा लगायत अन्य धार्मिक विद्यालय रहेको देखिदैन । मदरसामा नेपाल सरकारका स्वीकृत

पाठ्यपुस्तकका अतिरिक्त धार्मिक पाठ्यपुस्तकको पठनपाठन हुने गरेको छ भने गुरूकुल पद्दतीबाट पढाई हुने पुरुष बटुक रहेको विद्यालयमा समेत संस्कृत शिक्षाको माध्यमबाट कक्षा १० समेतको पठन पाठन भएको छ।

यो विद्यालय धार्मिक विद्यालयको अनुमति लिइ संचालन भएको छ। यस विद्यालय आफ्नै परम्परा र बैदिक संस्कृति अनुसार अष्ठमी तिथि र प्रतिपदा तिथिमा बटुकलाई विदा हुने गरेको छ। यस्ता विविध प्रकृतिका विद्यालयहरूलाई स्थानीय तहबाट व्यवस्थापन र संरक्षण गरी संचालन हुनु पर्ने देखिन्छ।

**च) अपाङ्गताको शैक्षिक व्यवस्था**

अपाङ्गताको क्षेत्रमा रहेका विशेष प्रकारका शैक्षिक व्यवस्था मध्ये हाल सम्म बुटवलमा बौद्धिक अपाङ्गता भएको एउटा मात्र सुस्त मनस्थिति विद्यालय रहेको छ तापनि यसलाई विषेश सुविधायुक्त बानाई सवै बुटवल उपमहानगरपालिकाको पाँच वर्षे (२०८१–२०८६) शिक्षा योजनाले विभिन्न प्रकारका अपाङ्गता भएका वालवालिकाहरूलाई एउटै थलोबाट पृथक शिक्षा वा एकीकृत समावेशी शिक्षा प्रदान गर्ने र प्राप्त शिक्षाको सदुपयोग गर्नलाई क्षमता अनुसार सिप मूलक शिक्षाको लागि विद्यालयमा हाल सञ्चालन भै रहेको सिप लाई अझ परिष्कृत किसिमको तालिम, रोजगारी र व्यवसायीकरणको समेत न्यूनतम व्यवस्था हुन आवश्यक भएको छ।

**छ) प्रा.वि.धिक तथा ब्यावसायिक शिक्षा :**

माध्यमिक तहका सामुदायिक विद्यालयहरूमा.वि.भिन्न प्रा.वि.धिक विषयमा कक्षा ९–१२ सम्म शिक्षा दिने व्यवस्था भए तापनि त्यो भन्दा बाहेक CTEVT बाट अनुमति स्वीकृति लिई संचालन भई रहेका थुप्रै शिक्षण संस्था एवं प्रशिक्षण केन्द्रहरूले समेत अल्पकालीन र दीर्घकालीन रूपमा तालिम प्रशिक्षण दिई सीप  सिकाइ  रहेका छन्। यस वाहेक विभिन्न विश्व विद्यालयहरूबाट सम्वन्धन लिई डिप्लोमा तहभन्दा माथिको प्रा.वि.धिक तथा व्यवसायिक तालिमको शिक्षा दिने कार्यमा समेत बुटवल उपमहानगरपालिकाभित्र भएका पाइन्छन्। यद्यपि सिपमूलक र व्यावसायिक तालिमको अभावमा आज ठूलो जनशक्ति रोजगार अभाव भएको देखिन्छ। यसलाई निरूत्साहित पारी स्वदेशमा नै अर्थात बुटवल क्षेत्रभित्र नै एकातिर सिप युक्त तालिम दिने संस्थाको विकास र स्तरोन्नति गर्न जरूरी भएको छ भने अर्कोतिर तिनको संरक्षण पनि गर्नुपर्ने अवस्था रहेको छ।

यस सन्दर्भमा अन्य थुप्रै प्रा.वि.धिक तथा व्यवसायिक तालिम केन्द्रको सुधार गर्दै नगरस्तरमा कम्तिमा एउटा प्रा.वि.धिक शिक्षालयको स्थापना गर्ने वा स्तरोन्नती गरी स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रा.वि.धिक शिक्षालयको विकास गर्नु जरूरी देखिन्छ। यसै सन्दर्भमा बुटवलमा स्थापित धैरै पूरानो पूर्वाधार भएको Butwal Technical Institute लाई बहुआयामिक अध्ययन हुने प्रा.वि.धिक शिक्षालयको रूपमा.वि.कास गर्न जरुरी छ।

यस उपमहानगरपालिकाको साक्षरताको अवस्था राष्ट्रिय जनगणना,२०७८ को तथ्याक अनुशार, ९१.३% जनसङ्ख्या साक्षर रहेको छ। कुल साक्षर जनसङ्ख्या मध्ये ९५.२% पुरुष र ८७.६% महिला रहेको साक्षर रहेको देखिन्छ । राष्ट्रिय जनगणना

२०७८ को तथ्याक अनुसार यस उपमहानगरपालिकामा ५ वर्ष भन्दा माथिको साक्षर कुल १८१५०८ जनसङ्ख्या मध्ये १६५७४४ जना ले मात्र लेखन र पढ्न जानेका छन् ।

**तालिका नं. ६**

**पाँच वर्ष भन्दा माथिको साक्षरताको विवरण**

| वार्ड | लिङ्ग | ५ वर्ष भन्दा माथि कोउमेर गत जनसङ्ख्या | जनसङ्ख्या | | | नखुलाईएको | साक्षरता दर |
|---|---|---|---|---|---|---|---|
| | | | पढ्न र लेखन दुवै सक्ने | पढ्न मात्र सक्ने | पढ्न लेखन नसक्ने | | |
| सबै वडा | जम्मा | १८१५०८ | १६५७४४ | ५३५ | १५१३० | ९९ | ९१ |
| | पुरुष | ८७९३१ | ८३७३८ | १७१ | ३९७६ | ४६ | ९५ |
| | महिला | ९३५७७ | ८२००६ | ३६४ | ११५४ | ५३ | ८८ |
| १ | जम्मा | ३१६५ | २७९३ | १९ | ३५१ | २ | ८८ |
| | पुरुष | १६०४ | १४८९ | १२ | १०३ | ० | ९३ |
| | महिला | १५६१ | १३०४ | ७ | २४८ | २ | ८४ |
| २ | जम्मा | ६२७० | ५५९४ | १५ | ६५० | ११ | ८९ |
| | पुरुष | ३१८० | २९६४ | २ | २११ | ३ | ९३ |
| | महिला | ३०९० | २६३० | १३ | ४३९ | ८ | ८५ |
| ३ | जम्मा | १०५८३ | १००११ | १२ | ५५२ | ८ | ९५ |
| | पुरुष | ५१४४ | ५०१४ | ४ | १२१ | ५ | ९७ |
| | महिला | ५४३९ | ४९९७ | ८ | ४३१ | ३ | ९२ |
| ४ | जम्मा | ८६२५ | ८१६९ | २४ | ४३० | २ | ९५ |
| | पुरुष | ४३०७ | ४२०८ | १ | ९७ | १ | ९८ |
| | महिला | ४३१८ | ३९६१ | २३ | ३३३ | १ | ९२ |
| ५ | जम्मा | ३२६७ | २९५९ | ७ | २९८ | ३ | ९१ |
| | पुरुष | १७६४ | १६३८ | १ | १२३ | २ | ९३ |
| | महिला | १५०३ | १३२१ | ६ | १७५ | १ | ८८ |
| ६ | जम्मा | ७०३१ | ६४८९ | १२ | ५३० | ० | ९२ |
| | पुरुष | ३५८६ | ३४२४ | ४ | १५८ | ० | ९५ |
| | महिला | ३४४५ | ३०६५ | ८ | ३७२ | ० | ८९ |

| वार्ड | लिङ्ग | ५ वर्ष भन्दा माथि कोउमेर गत जनसङ्ख्या | जनसङ्ख्या | | | नखुलाईएको | साक्षरता दर |
|---|---|---|---|---|---|---|---|
| | | | पढ्न र लेखन दुवै सक्ने | पढ्न मात्र सक्ने | पढ्न लेखन नसक्ने | | |
| ७ | जम्मा | १०४५७ | ९७८४ | २५ | ६४७ | १ | ९४ |
| | पुरुष | ४९६६ | ४८२४ | ७ | १३५ | ० | ९७ |
| | महिला | ५४९१ | ४९६० | १८ | ५१२ | १ | ९० |
| ८ | जम्मा | १०४८४ | ९९५४ | १७ | ५०५ | ८ | ९५ |
| | पुरुष | ५०७२ | ४९७३ | ७ | ९० | २ | ९८ |
| | महिला | ५४१२ | ४९८१ | १० | ४१५ | ६ | ९२ |
| ९ | जम्मा | ९१२६ | ८६९८ | २१ | ४०५ | २ | ९५ |
| | पुरुष | ४५२१ | ४४३१ | २ | ८६ | २ | ९८ |
| | महिला | ४६०५ | ४२६७ | १९ | ३१९ | ० | ९३ |
| १० | जम्मा | ५८८३ | ५४८८ | १२ | ३८२ | १ | ९३ |
| | पुरुष | २८८७ | २८०९ | ० | ७८ | ० | ९७ |
| | महिला | २९९६ | २६७९ | १२ | ३०४ | १ | ८९ |
| ११ | जम्मा | ५०९७१ | ४६६१६ | १४१ | ४१८७ | २७ | ९१ |
| | पुरुष | २४४३९ | २३२२९ | ५१ | ११४३ | १६ | ९५ |
| | महिला | २६५३२ | २३३८७ | ९० | ३०४४ | ११ | ८८ |
| १२ | जम्मा | १२५७८ | ११२६४ | ६३ | १२४६ | ५ | ९० |
| | पुरुष | ६००६ | ५६७३ | १७ | ३१५ | १ | ९४ |
| | महिला | ६५७२ | ५५९१ | ४६ | ९३१ | ४ | ८५ |
| १३ | जम्मा | १५५९२ | १४३६४ | ३६ | ११८२ | १० | ९२ |
| | पुरुष | ७३८३ | ७१०३ | १३ | २६० | ७ | ९६ |
| | महिला | ८२०९ | ७२६१ | २३ | ९२२ | ३ | ८८ |
| १४ | जम्मा | ५३४१ | ४६४५ | १५ | ६८० | १ | ८७ |
| | पुरुष | २५३२ | २३३९ | ६ | १८६ | १ | ९२ |
| | महिला | २८०९ | २३०६ | ९ | ४९४ | ० | ८२ |
| १५ | जम्मा | ४३१९ | ३७४४ | २२ | ५४९ | ४ | ८७ |

| वार्ड | लिङ्ग | ५ वर्ष भन्दा माथि कोउमेर गत जनसङ्ख्या | जनसङ्ख्या | | | नखुलाईएको | साक्षरता दर |
|---|---|---|---|---|---|---|---|
| | | | पढ्न र लेखन दुवै सक्ने | पढ्न मात्र सक्ने | पढ्न लेखन नसक्ने | | |
| | पुरुष | १९६२ | १८३६ | ६ | ११९ | १ | ९४ |
| | महिला | २३५७ | १९०८ | १६ | ४३० | ३ | ८१ |
| १६ | जम्मा | ३१३४ | २६३४ | ४३ | ४५५ | २ | ८४ |
| | पुरुष | १४९६ | १३६४ | १२ | ११८ | २ | ९१ |
| | महिला | १६३८ | १२७० | ३१ | ३३७ | ० | ७८ |
| १७ | जम्मा | ७३६० | ६१६२ | ४६ | ११४५ | ७ | ८४ |
| | पुरुष | ३५८७ | ३१९८ | २३ | ३६३ | ३ | ८९ |
| | महिला | ३७७३ | २९६४ | २३ | ७८२ | ४ | ७९ |
| १८ | जम्मा | २६६२ | २३४९ | १ | ३०८ | ४ | ८८ |
| | पुरुष | १३१० | १२०८ | १ | १०१ | ० | ९२ |
| | महिला | १३५२ | ११४१ | ० | २०७ | ४ | ८४ |
| १९ | जम्मा | ४६६० | ४०२७ | ४ | ६२८ | १ | ८६ |
| | पुरुष | २१८५ | २०१४ | २ | १६९ | ० | ९२ |
| | महिला | २४७५ | २०१३ | २ | ४५९ | १ | ८१ |

*श्रोत राष्ट्रिय जनगणना :२०७८*

**तालिका नं. ७**

**शैक्षिक तहगत विवरण**

| क्र.सं. | तह | सामुदायिक | संस्थागत | धार्मिक |
|---|---|---|---|---|
| १ | आधारभूत तह १-३ सञ्चालित | ३ | १ | २ |
| २ | आधारभूत तह १-५ सञ्चालित | ५ | ४ | २ |
| ३ | आधारभूत तह १-८ सञ्चालित | ४ | २ | |
| ४ | माध्यमिक तह १-१० सञ्चालित | ८ | २७ | १ |
| ५ | माध्यमिक तह १-१२ सञ्चालित | १४ | १७ | |
| | जम्मा विद्यालय | ३४ | ५१ | ५ |
| १ | बाल विकास केन्द्र | ६१ | ५८ | ० |

| क्र.सं. | तह | सामुदायिक | संस्थागत | धार्मिक |
|---|---|---|---|---|
| २ | बाल विकास केन्द्र नपा स्रोत | ७ | ० | ० |
| ३ | सामुदायिक सिकाइ  केन्द्र | ४ | ० | ० |
| ४ | क्याम्पस | ४ | १० | |
| ५ | महिला विद्यालय | १ | ० | |
| ६ | परम्परागत र धार्मिक विद्यालय | ५ | ० | |
| ७ | प्राविधिक कक्षा संञ्चालत विद्यालय | ३ | ० | |
| ८ | प्राविधिक कक्षा संञ्चालत क्याम्पस | ० | ११ | |
| ९ | रात्रि विद्यालय | १ | ० | |

***श्रोत  IEMIS तथ्थाकं २०८१ र शैक्षिक दर्पण २०७७***

माथि उल्लेखित तालिकामा सामुदायिक विद्यालय ३४, संस्थागत विद्यालय ५८ र धर्मिक विद्यालय ५ गरी जम्मा ९७ विद्यालय रहेको छ । बालविकास केन्द्र ६८ र सामुदायिक सिकाइकेन्द्र ४, क्याम्पस २५, महिला विद्यालय १ र प्राविधिक कक्षा संचालन भएको विद्यालय ४ रहेका छन् ।

**तालिका नं. ८**

**वडागत सामुदायिक विद्यालय विबरण**

| वडा नं | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | प्रा.वि.धिक धार |
|---|---|---|---|---|---|
| १ | ० | १ | ० | १ | ० |
| २ | ० | ० | ० | १ | ० |
| ३ | १ | ० | ० | ० | ० |
| ४ | ० | ० | १ | १ | ० |
| ५ | १ | ० | १ | १ | ० |
| ६. | ० | ० | २ | ० | ० |
| ७. | ० | १ | ० | १ | ० |
| ८. | ० | ० | १ | ० | ० |
| ९. | ० | ० | ० | ० | ० |
| १०. | ० | ० | ० | १ | १ |
| ११. | ३ | १ | १ | २ | १ |
| १२ | ० | ० | ० | २ | ० |
| १३ | ० | ० | ० | १ | ० |

| वडा नं | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | प्रा.वि.धिक धार |
|---|---|---|---|---|---|
| १४ | १ | १ | ० | ० | ० |
| १५ | १ | ० | ० | १ | १ |
| १६ | ० | १ | ० | ० | ० |
| १७ | ० | १ | ० | १ | ० |
| १८ | ० | ० | १ | ० | ० |
| १९ | ० | ० | १ | ० | ० |
| जम्मा | ७ | ६ | ८ | १३ | ३ |

*श्रोत: IEMIS तथ्यांक* २०८१

**तालिका नं. ९**

**वडागत धार्मिक विद्यालय विबरण**

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १-५ | कक्षा ६-८ | कक्षा १-१० | कक्षा १-१२ | प्रा.वि.धिक धार |
|---|---|---|---|---|---|---|---|
| १ | ० | ० | १ | ० | ० | ० | ० |
| २ | ० | ० | १ | ० | ० | ० | ० |
| ३ | | | | | | १ | |
| ४ | ० | ० | २ | ० | ० | १ | ० |
| | | | ४ | | | १ | |

**तालिका नं. १०**

**वडागत संस्थागत विद्यालय विबरण**

| वडा नं | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा ११–१२ | प्रा.वि.धिक धार |
|---|---|---|---|---|---|
| १ | ० | ० | २ | ० | ० |
| २ | ० | १ | ० | ० | ० |
| ३ | १ | १ | ३ | १ | ० |
| ४ | ० | ० | २ | १ | ० |
| ५ | ० | ० | ० | १ | ० |
| ६ | ० | ० | ० | ० | ० |
| ७ | ० | ० | २ | १ | ० |
| ८ | ० | ० | १ | ४ | ० |

| वडा नं | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा ११–१२ | प्रा.वि.धिक धार |
|---|---|---|---|---|---|
| ९ | ० | ० | १ | २ | ० |
| १० | ० | ० | २ | ० | ० |
| ११ | ४ | ० | २ | ५ | ० |
| १२ | ० | ० | ३ | १ | ० |
| १३ | २ | | २ | १ | |
| १४ | ० | ० | २ | ० | ० |
| १५ | ० | ० | २ | ० | ० |
| १६ | ० | ० | | ० | ० |
| १७ | ० | ० | १ | ० | ० |
| १८ | ० | ० | १ | ० | ० |
| १९ | ० | ० | १ | ० | ० |
| जम्मा | ७ | २ | २७ | १७ | |

बुटवल उपमहानगरपालिकाका विद्यालयहरूमध्ये वडागत रूपमा सामुदायिकतर्फ कक्षा १-५ सञ्चालित ११ कक्षा १-८ संचालित ६ कक्षा १-१० सञ्चालित ८ कक्षा १-१२ सञ्चालित १४ विद्यालय गरी जम्मा ३९ विद्यालय रहेका छन्। कक्षा १-१२ सञ्चालित सामुदायिक विद्यालयमा हाल प्रा.वि.धिक तर्फको कक्षा ९-१२ सम्मको प्रा.वि.धिक धार ३ विद्यालय समेत रहेको छ। त्यस्तै गरी संस्थागत तर्फ कक्षा १-५ सञ्चालित ७, कक्षा १-८ सचालित २, कक्षा १-१० सञ्चालित २७ विद्यालय, कक्षा १-१२ सञ्चालित १७ गरी जम्मा ५२ रहेका छन्।

**तालिका नं. ११**

विद्यार्थी बिवरण (२०८१

| | बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१२ | जम्मा |
|---|---|---|---|---|---|
| सामुदायिक | २१६८ | ७१३२ | ६६४९ | १३९३१ | २९८८० |
| संस्थागत | ८६१३ | १६१५८ | ६९०१ | ९९१७ | ४१५८९ |
| धार्मिक | ३० | १६९ | २५ | १० | २३४ |
| जम्मा | १०८११ | २३४५९ | १३५७५ | २३८५८ | ७१७०३ |

***स्रोत: IEMIS २०८१***

उपलब्ध तथ्यांकले शिक्षा क्षेत्रको वर्तमान अवस्थाको चित्रण गर्दछ जसमा.वि.द्यार्थीहरू चार तह-बाल विकास केन्द्र, कक्षा १-५, ६-८, र ९-१२ मा.वि.भाजित छन्। कुल ७१,७०३ विद्यार्थीमध्ये प्रारम्भिक कक्षामा (१-५) सर्वाधिक २३,४५९ विद्यार्थी छन् भने माध्यमिक तह (९-१२) मा २३,८५८ विद्यार्थी अध्ययनरत छन्।

संस्थागत विद्यालयहरूमा खासगरी प्रारम्भिक तहमा.वि.द्यार्थीको आकर्षण उच्च छ, जुन अभिभावकको निजी विद्यालयप्रतिको विश्वास दर्शाउँछ। तर माध्यमिक तहमा सामुदायिक विद्यालयतर्फ विद्यार्थीहरूको आकर्षण देखिन्छ, जुन निजी विद्यालयबाट सरकारीतर्फ सर्ने प्रवृत्ति वा विद्यालय त्यागको सूचक हुनसक्छ। धार्मिक विद्यालयमा.वि.द्यार्थी सङ्ख्याको न्यूनता परम्परागत शिक्षाप्रतिको प्राथमिकता झल्काउँछ।

सामुदायिक विद्यालयहरूमा आर्थिक, सामाजिक रूपमा पिछडिएको वर्गका बालबालिकाहरूको सङ्ख्यात्मक बाहुल्यता देखिन्छ, जसले ती विद्यालयहरूको लागि थप चुनौतिहरू सिर्जना गरेको छ। विद्यालयले मात्र विद्यार्थीको शिक्षामा नभई समाजमा पनि सचेतना ल्याउने जिम्मेवारी निर्वाह गर्नुपर्ने देखिन्छ। विद्यालय शिक्षा गुणस्तरीय बनाउने, अभिभावकका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, शिक्षा पहुँच र व्यावहारिक सिप मा जोड दिने, खेलकुद र सिप मूलक कार्यक्रमसँग शिक्षालाई जोड्ने तथा सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास बढाउने रणनीति आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ।

**तालिका नं. १२**

**जातिगत विद्यार्थी बिवरण (२०८१)**

| कक्षा | दलित | | जनजाति | | अन्य | | अपाङ्गता | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| ECD | ५८५ | ६४१ | १४४३ | १८९० | २७८१ | ३४४१ | ६८ | ६८ |
| १ | ३३२ | ४१४ | ८०४ | १०१० | १३३६ | १७५४ | ५ | ६ |
| २ | २५४ | ३०५ | ६३५ | ७३७ | १००१ | १२८७ | ७ | ११ |
| ३ | २८१ | २८५ | ५९९ | ७४७ | ९७५ | १२९२ | ७ | १२ |
| ४ | २५४ | ३२० | ६९० | ७९७ | ११२२ | १४०३ | ५ | ५ |
| ५ | २९५ | २८५ | ७०२ | ७९८ | ११०० | १४७६ | २ | ६ |
| ६ | २७५ | २७६ | ६८९ | ८०२ | ११५५ | १४६७ | ८ | ७ |
| ७ | २७८ | २५२ | ६७० | ८५४ | १०६४ | १३७१ | ५ | ४ |
| ८ | २४० | २५३ | ६०२ | ७८१ | १०९१ | १४३० | १ | ४ |
| ९ | २७५ | २७० | ६६७ | ७७३ | ११२२ | १४६८ | २ | ८ |
| १० | २०५ | २०७ | ६९१ | ७३१ | १०८३ | १३८३ | १ | २ |
| ११ | ३३६ | ३६३ | ९९१ | १२४० | १८८६ | २७८८ | ९ | ९ |
| १२ | ३३० | ४१० | १००० | ११८१ | १८४२ | २६०६ | २ | ५ |
| जम्मा | ३९४० | ४२८१ | १०१८३ | १२३४१ | १७५५८ | २३१६६ | १२२ | १४७ |

***स्रोत EMIS तथांक २०८१***

दलित, जनजाति र अपाङ्गता भएका विद्यार्थीहरूको शैक्षिक सहभागितामा.वि.भिन्न तहहरूमा उल्लेखनीय भिन्नता देखिन्छ। प्रारम्भिक तहमा समान सहभागिता देखिए पनि दलित छात्राहरूको सङ्ख्या उच्च कक्षामा जाँदा घट्ने प्रवृत्तिले सामाजिक र आर्थिक अवरोध संकेत गर्दछ। जनजाति समुदायमा कक्षा ११-१२ मा विद्यार्थी सङ्ख्याको पुनः वृद्धि उच्च शिक्षाप्रतिको आकर्षण दर्शाउँछ, जसमा छात्रवृत्ति र चेतना अभिवृद्धिले भूमिका खेलेको देखिन्छ।

अपाङ्गता भएका बालबालिकाको सहभागिता न्यून छ, विशेषतः माथिल्लो तहमा शिक्षाको पहुँच अभाव स्पष्ट देखिन्छ। समावेशी शिक्षाको प्रवर्द्धनका लागि पहुँचयुक्त पूर्वाधार, विशेष सिकाइ सामग्री, र शिक्षक तालिम आवश्यक छ।

छात्राहरूको सङ्ख्यामा माध्यमिक तहमा कमी हुनु सामाजिक र सांस्कृतिक कारणहरूको परिणाम हो, जसमा बालविवाह, घरेलु दायित्व र पहुँच अभाव प्रमुख छन्।

समग्रमा, दलित, जनजाति, तथा अपाङ्गता भएका विद्यार्थीहरूको लागि लक्षित छात्रवृत्ति, सिप मूलक शिक्षा, पहुँचयुक्त पूर्वाधार, र लैङ्गिक समानतामा आधारीत नीति तथा कार्यक्रमहरू आवश्यक छन्। सबैका लागि समान अवसरसहितको गुणस्तरीय र समावेशी शिक्षाको सुनिश्चितताका लागि दीर्घकालीन नीति र सहकार्य अपरिहार्य देखिन्छ।

**तालिका नं : १३**

**सामुदायिक विद्यालयमा शिक्षक दरवन्दी -२०८१**

| क्रसं | दरबन्दी | | | | नगर अनुदान | सङ्घीय अनुदान | निजी | प्रा.वि.धिक | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | तह | स्थायी | राहत | जम्मा | | | | | |
| १ | वालविकास सहजकर्ता | | ० | | ७ | ६१ | | ० | ६८ |
| २ | आधारभूत १-५ | १७९ | २१ | २०० | ९ | ० | १३८ | ० | २४७ |
| ३ | आधारभूत ६-८ | ५७ | २२ | ७९ | ५ | २ | ६१ | ० | १४७ |
| ४ | माध्यमिक ९-१० | ५४ | २१ | ७५ | ४ | १२ | ६४ | १२ | १६७ |
| ५ | माध्यमिक ११-१२ | १२ | ७ | १९ | ७ | ० | २०६ | १२ | २४४ |
| कुल जम्मा | | **३०२** | **७१** | **३७३** | **२५** | **१४** | **४६९** | **२४** | **८०५** |

***स्रोत: शैक्षिक प्रोफाइल २०८०***

बुटवल उपमहानगरपालिकामा २०८१ सालको शिक्षक दरबन्दी विवरण अनुसार कुल ८०५ जना शिक्षक कार्यरत छन्, जसमा सबैभन्दा ठूलो हिस्सा निजी स्रोतबाट नियुक्त (४६९ जना) शिक्षकहरूको रहेको छ । यो सङ्ख्या कुल शिक्षकको करिब ५८% हो, जुन स्थानीय तहको शिक्षामा निजी स्रोतप्रतिको निर्भरता उच्च रहेको संकेत गर्दछ। स्थायी शिक्षकको सङ्ख्या ३०२ र राहत दरबन्दीमा ७१ जना छन् भने नगर र सङ्घीय अनुदानबाट क्रमशः ३२ र ७५ जना शिक्षक कार्यरत छन् ।

शिक्षकहरूको तहगत विवरण हेर्दा, वालविकासमा सम्पूर्ण शिक्षक अनुदानमा आधारीत छन्, आधारभूत तह (कक्षा १–८) मा निजी स्रोतको उल्लेखनीय भूमिका देखिन्छ, भने माध्यमिक तह (९–१२) मा त झनै निजी स्रोतमा निर्भरता अत्यधिक देखिन्छ—विशेष गरी ११–१२ मा ८४% शिक्षक निजी स्रोतबाट छन् । यस्तै, प्रा.वि.धिक शिक्षामा जम्मा २४ शिक्षक छन्, जुन

कुल दरबन्दीको ३% मात्र हो। यी तथ्यहरूले देखाउँछ कि बुटवलमा गुणस्तरीय र सन्तुलित शिक्षा प्रवाह गर्ने दीर्घकालीन योजना, स्थायी दरबन्दी विस्तार, र स्रोतको सन्तुलन आवश्यक छ।

**च) बुटवल उपमहानगरपालिकाले शैक्षिक क्षेत्रमा गरेका असल अभ्यास र उपलब्धिहरू**

१. **सूचना तथा प्रविधिमार्फत शिक्षाको प्रवर्द्धन**

- **स्मार्ट कक्षा स्थापना:** नगरका विभिन्न विद्यालयहरूमा स्मार्ट बोर्ड, प्रोजेक्टर, इन्टरनेट सेवा लगायतका प्रविधियुक्त कक्षा सञ्चालनमा ल्याइएको छ।
- **ICT तालिम कार्यक्रम:** शिक्षकहरूको प्रविधिमैत्री शिक्षण क्षमता अभिवृद्धिका लागि ICT सम्बन्धी आधारभूत तथा उन्नत तालिमहरू प्रदान गरिएको छ।
- **स्थानीय डिजिटल प्लेटफर्म विकास:** "मेरो शिक्षा" जस्तो वेब प्लेटफर्ममार्फत पाठ योजना, सिकाइ सामग्री र अभ्यासका सामाग्रीहरू उपलब्ध गराइएको छ।

२. **शिक्षक पेशागत विकासमा जोड**

- **निरन्तर तालिम कार्यक्रम:** शिक्षकहरूलाई विषयगत, पेडागोजिकल र प्रविधि सम्बन्धी तालिम प्रदान गरिएको छ।
- **विद्यालय अनुगमन र परामर्श:** विद्यालय निरीक्षण तथा शिक्षकलाई सहजीकरण गरिने अभ्यास अगाडि सारिएको छ।
- **प्रदर्शनमा आधारीत मूल्याङ्कन:** शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणालीको प्रारम्भिक अभ्यास सुरु गरिएको छ।

३. **समावेशी र पहुँचयुक्त शिक्षा**

- **अपाङ्गता मैत्री संरचना:** केही विद्यालयहरूमा र्याम्प, विशेष शौचालय र सहायक उपकरणको व्यवस्था गरिएको छ।
- **छात्रवृत्ति कार्यक्रम:** विपन्न, दलित, मुस्लिम, अपाङ्गता भएका विद्यार्थीहरूका लागि छात्रवृत्ति प्रदान गरिएको छ।
- **बाल संरक्षण र लैङ्गिक समानता:** विद्यालयस्तरमै लैङ्गिक संवेदनशीलता र बाल संरक्षणसम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरिएको छ।

४. **विद्यालय-समुदाय साझेदारी सुदृढीकरण**

- **सक्रिय विद्यालय व्यवस्थापन समिति (SMC):** SMC र PTA लाई निर्णय प्रक्रियामा समावेश गर्दै उत्तरदायी बनाइएको छ।
- **अभिभावक शिक्षक संवाद कार्यक्रम:** नियमित अन्तरक्रिया कार्यक्रममार्फत विद्यालय सुधारमा अभिभावकको भूमिका बढाइएको छ।
- **स्थानीय सङ्घ-संस्थासँग सहकार्य:** गैरसरकारी संस्था, दातृ निकाय र सामुदायिक समूहहरूसँग सहकार्य गर्दै स्रोत परिचालन गरिएको छ।

५. **बालमैत्री विद्यालय वातावरण**

- **सुरक्षित र स्वच्छ विद्यालय पूर्वाधार:** शुद्ध खानेपानी, शौचालय, बालमैत्री कक्षाकोठा निर्माण गरी सिकाइको वातावरण सुधार गरिएको छ।
- **बाल क्लब तथा बाल संसद**: बालबालिकाको सृजनशीलता, नेतृत्व र सहभागिता अभिवृद्धिका लागि विद्यालयमा बाल क्लब स्थापना गरिएको छ।
- **मानसिक स्वास्थ्य सेवा:** शिक्षकलाई बाल परामर्शको आधारभूत तालिम दिइ आवश्यक परामर्श सेवा उपलब्ध गराइएको छ।

६. **प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली**

- **विद्यालय प्रगति मूल्याङ्कन:** हरेक विद्यालयबाट त्रैमासिक शैक्षिक प्रगति प्रतिवेदन संकलन गरी विश्लेषण गरीन्छ।
- **शिक्षा गुणस्तर सूचकांक (Education Quality Index):** विद्यालय मूल्याङ्कनका लागि सूचक तय गर्दै गुणस्तर मापन गर्ने अभ्यास प्रारम्भ गरिएको छ।

७. **नवप्रवर्तन र प्रेरणा कार्यक्रमहरू**

- **शैक्षिक नवप्रवर्तन पुरस्कार:** नयाँ शिक्षण विधि, सिर्जनात्मक प्रयोग र उत्कृष्ट प्रदर्शनका आधारमा शिक्षक तथा विद्यालयलाई सम्मान गरिएको छ।
- **शैक्षिक नवप्रवर्तन मेला:** शिक्षण सामग्री, बाल आविष्कार र नविन विचारहरूको प्रदर्शनी गरिने कार्यक्रम सञ्चालन गरिएको छ।

८. **पाँच वर्षे शिक्षा योजना निर्माण र कार्यान्वयन**

- बुटवल उपमहानगरपालिकाले सन् २०७६-२०८१ सम्मको पाँच वर्षे शिक्षा योजना निर्माण गरी सार्वजनिकरण गरेको छ। हाल सो योजना कार्यान्वयनको अन्तिम चरणमा रहेको छ।
- यसका साथै, दोस्रो पाँच वर्षे शिक्षा योजना (२०८१/८२-२०८६/८७)को मस्यौदा अन्तिम चरणमा पुगेको छ, जसले शिक्षामा दिगो विकासका लागि मार्गनिर्देशन गर्नेछ।

९. **आधारभूत तहको स्थानीय पाठ्यक्रम विकास**

- कक्षा १-८ सम्मका लागि स्थानीय संस्कृति, भूगोल र सामाजिक सन्दर्भमा आधारीत पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिएको छ। हाल पाठ्यक्रम परिमार्जनको चरणमा रहेको छ।

१०. **बालविकास कक्षाको स्तरीकरण**

- नगरको बजेट व्यवस्थाबाट बालविकास केन्द्रहरूमा आवश्यक सामग्री, संरचना र मानव स्रोत उपलब्ध गराई बालमैत्री वातावरणको सुनिश्चितता गरिएको छ।

११. **विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याबको स्थापना**

- सबै माध्यमिक विद्यालयमा.वि.ज्ञान प्रयोगशाला र कम्प्युटर ल्याब स्थापनासँगै प्रयोगात्मक शिक्षालाई प्रवर्द्धन गरिएको छ।

**१२. शिक्षक तथा कर्मचारीका लागि मासिक तलब-भत्ता व्यवस्था**

- सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको तलब भत्ता नगरपालिकाबाट मासिक रूपमा निकासा गरिँदै आएको छ।

**१३. अनुदान शिक्षक कोटा व्यवस्थापन**

- न्यून दरबन्दी भएका विद्यालयमा नगरको आन्तरिक स्रोतबाट ३६ जना अनुदान शिक्षकको कोटा उपलब्ध गराई शिक्षण कार्य सुदृढ पारिएको छ।

**१४. बालविकास सहयोगी तथा कर्मचारीलाई मासिक प्रोत्साहन**

- न्यून पारिश्रमिक पाउने सहयोगी तथा कर्मचारीलाई मासिक रूपमा प्रोत्साहन स्वरूप रु. ९,०००/११००० प्रदान गरिँदै आएको छ।

**१५. शिक्षा क्षेत्रका उत्कृष्ट योगदानकर्ताहरूको सम्मान**

- नगर स्थापना दिवसको अवसरमा शिक्षक, विद्यालय कर्मचारी, व्यवस्थापन समिति अध्यक्ष लगायत शिक्षा क्षेत्रका योगदानकर्ताहरूलाई सम्मान गर्ने अभ्यास कायम गरिएको छ।

**१६. भौतिक पूर्वाधार विकास कार्यक्रम**

- "नगर प्रमुख विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम" अन्तर्गत विद्यालय भवन, शौचालय, कम्पाउन्ड, खेलमैदान आदिको निर्माण तथा मर्मत गरिएको छ।

**१७. धार्मिक विद्यालयलाई अनुदान**

- नगरपालिका भित्र रहेका सबै धार्मिक विद्यालयहरूलाई विद्यालय सञ्चालन र व्यवस्थापनका लागि वार्षिक अनुदान उपलब्ध गराइएको छ।

**१८. छात्रवृत्ति वितरणमा पारदर्शिता**

- संस्थागत विद्यालयद्वारा उपलब्ध गराइने छात्रवृत्तिलाई व्यवस्थापन गर्न नगरपालिकाको नेतृत्वमा प्रतियोगितात्मक छात्रवृत्ति परीक्षा सञ्चालन गरिएको छ।

**१९. संस्थागत विद्यालय वर्गीकरण प्रक्रिया**

- निजी विद्यालयहरूको शिक्षण गुणस्तर, शुल्क संरचना, पूर्वाधार आदिको आधारमा वर्गीकरण गरिने कार्य प्रक्रियामा रहेको छ।

**२०. दरबन्दी मिलान कार्यक्रम**

- शिक्षक र विद्यार्थी सङ्ख्याको अनुपातलाई सन्तुलनमा राख्न दरबन्दी मिलान कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

**२१. विद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता**

- स्थानीय कला र संस्कृतिको प्रवर्द्धनका लागि विद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता आयोजना गरिएको छ।
- विद्यालयस्तरीय फुटबल प्रतियोगिता तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता नगरपालिकाको आयोजनामा भव्य रूपमा सम्पन्न गरिएको छ।

## १.२ मुख्य समस्या तथा चुनौतिको विश्लेषण

बुटवल उपमहानगरपालिकाको शिक्षा क्षेत्रका चुनौतिको SWOT विश्लेषण

**क) सवल पक्ष**

- स्थानीय तहको संलग्नता र स्वामित्वमा सकृयता हुनु।
- विपन्न विद्यार्थीहरूका लागि छात्रवृत्ति र पोसाक व्यवस्था हुनु।
- प्रा.वि.धिक शिक्षा र व्यावसायिक तालिमको प्रवर्द्धन गरिनु ।
- अभिभावक र समुदायको संलग्नता विद्यालय प्रति सकृय हुनु।
- विद्यार्थीहरूको नियमित उपस्थितिका लागि प्रोत्साहन कार्यक्रमहरू संन्चालन हुनु।
- विद्यालयका भौतिक पूर्वाधारहरू सवल हुदै जानु।
- केही विद्यालयमा प्रा.वि.धिक तथा डिजिटल माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप संचालन गरिनु ।
- शिक्षकहरूको पेशागत विकासका लागि क्षमता विकास कार्यक्रम संचालन गरिनु ।
- नगर श्रोतबाट शिक्षक तथा कर्मचारी व्यवस्थापन गरिनु ।
- कक्षा १-५ मा अध्ययनरत विद्यार्थी हरू लाई दिवाखाजामा थप रकम प्रति विद्यार्थी रु १० उपलब्ध गराउनु।
- विद्यालयका प्र.अ. हरूलाई नवप्रवर्तनात्मक दृष्टिकोण विकास गर्नका लागि नियमित बैठक तथा शैक्षिक अन्तरक्रिया गरिनु ।
- बालबालिकाहरू को सुविधाका लागि केही विद्यालयमा यातायातका साधन संचालन हुनु।
- आन्तरीक श्रोतबाट भौतिक पुर्वाधार निर्माण तथा शैक्षिक गुणस्तर सुधारका लागि विषगत प्रयोगशाला, ICT Lab लगायतको व्यवस्थापन हुनु।
- छोरी पढाऔँ समाज बनाऔँ नीति निर्माण गरी सोही अनुसार प्रा.वि.धिक शिक्षामा छोरीहरू लाई छात्रवृद्धी कार्यक्रम लागु गरिनु।
- स्थानीय पाठ्यक्रम निर्माण भइ कार्यान्वयन हुनु।
- विद्यार्थी सङ्ख्या र गुणस्तरका आधारमा राष्ट्रीय स्तरमानै उत्कृट विद्यालय पालिका भित्र रहनु

**ख) समस्या**

- सामुदायिक विद्यालयको आधारभूत तह कक्षा १ देखि ८ सम्म अभिभावकहरूको आकर्षण कम हुनु।

- शिक्षकलाई कार्यक्षमताको आधारमा प्रोत्साहनमा मा कमी हुनु ।
- शिक्षालाई सिप तथा रोजगारसँग जोड्न नसकिनु।
- सबै विद्यालय हरू मा प्रविधि तथा डिजिटल माध्यम बाट शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्न नसकिनु |
- पाठ्यक्रमको प्रबोधीकरणमा पर्याप्तता नहुनु ।
- विद्यालय अनुगमन निरीक्षण सुपरिवेक्षण मा कमी हुनु ।
- शिक्षक पेशागत सहयोगकालागि आवश्यक संयन्त्रको विकास हुन नसक्नु ।
- विद्यालयको प्रशासनिक कार्य चुस्त दुरुस्त हुन नसक्नु ।
- शिक्षालाई पूर्ण प्रविधिमैत्री बनाउन नसकिनु ।
- विद्यार्थी सिकाइ उपलब्धि अपेक्षित नहुनु।
- विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरवन्दी मिलान नहुनु ।
- विद्यालय पूर्णरूपमा अपाङ्गता मैत्री हुनु नसक्नु ।
- संस्थागत विद्यालयहरूलाई पूर्ण रूपमा नियमन गर्न नसकिनु।
- पाठ्यक्रमले तोकेबमोजिम विद्यार्थीको सिकाइ उपलब्धि हुन नसक्नु ।
- अभिलेखीकरणतथा उपचारात्मक शिक्षण प्रभावकारी रुपमा हुन नसक्नु ।
- अभिभावक सचेतना कार्यक्रममा कमी हुनु ।
- विद्यार्थी सङ्ख्याको आधारमा भौतिक पूर्वाधार कमी हुनु।
- स्थानीय पाठ्यक्रमलाई स्थानीय चाहना र समय सापेक्ष परिमार्जन गर्न नसकिनु ।

**ग) चुनौतिहरू**

- विद्यालयमा थप आर्थिक व्यस्थापनको कमी ले गर्दा निःशुल्क तथा अनिवार्य शिक्षा पूर्णरूपमा कार्यान्वयन गर्न कठिन ।
- विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्न कठिन ।
- शिक्षक सुशासन र उत्तरदायी त्व बहन गर्ने कार्यमा उत्प्रेरित गर्न कठिन ।
- सबै विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक शिक्षण सिकाइ वातावरण विकास गर्न कठिन ।
- शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक बालमैत्री एवं प्रविधिमा आधारीत बनाउन र विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्न कठिन ।
- कक्षा छाड्ने दर घटाउन र अपेक्षित सिकाइ उपलब्धि प्राप्त गर्न कठिन ।
- शिक्षाको गुणस्तर अभिवृद्धि गर्न कठिन ।
- सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग गर्न कठिन ।
- शैक्षिक सुधारका लागि सरोकारवाला हरूबिच अपनत्वमा कमी ।

- शिक्षक तथा शिक्षाक्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्न नसकिनु ।
- विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक सङ्घ र प्र.अ. को भूमिका सबलीकरण गर्न कठिन ।
- सामुदायिक विद्यालय प्रति सबै नागरीकको विश्वास जगाउने वातावरण सिर्जना गर्न कठिन ।
- विद्यालय नक्साङ्कनकोआधारमा समायोजन तथा पुनर्वितरण गरी सबैबालबालिकाको विद्यालय शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न कठिन ।
- भौतिक वातावरणमा सुधार ल्याई बालमैत्री विद्यालयलाई बनाउन चुनौति।
- विद्यालय शिक्षालाई प्राकृतिक प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थति संग जुध्न सक्ने बनाउन कठिन ।
- विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्न कठिन ।
- जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरू अवलम्बन गर्न कठिन ।

**घ) अवसरहरू**

- संबैधानिक तथा कानुनी अधारहरू प्राप्त हुनु ।
- स्थानीय तह मा भएको रैथाने ज्ञान, सिप र प्रविधि लाई अत्मिकिकरण गरिनु ।
- आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारभित्र रहनु ।
- विद्यालय तहको शिक्षामा खुद भर्ना दर र लैङ्गिक समता सूचकाङ्कहरूमा सुधार हुनु ।
- समावेशी सहभागितामा वृद्धि हुनु ।
- सामुदायिक विद्यालयप्रति जनअपेक्षा र चासो बढ्दै जानु ।
- तीनै तहका सरकारको आपसी सहयोग र साझेदारीमा लगानी वृद्धि हुनु , शैक्षिक व्यवस्थापन र सुधारमा तीनै तहका सरकारबाट सहभागिता, जिम्मेवारी र शैक्षिक सेवा प्रवाह हुने अवसर प्राप्त हुनु ।
- शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु ।
- शिक्षामा सूचनातथा संचार प्रविधिको प्रयोगको विस्तार हुनु ।
- विद्यालयहरू आर्थीक रुपमा सक्षम हुँदै जानु ।
- विद्यार्थीहरूलाई प्रा.वि.धिक शिक्षाको प्रर्यात अवसर हुनु ।
- आर्थीक रुपमा कमजोर अभिभावकविहीन वालबालिकाहरू कालागि पालिकाले अभिभाकत्व ग्रहण गर्नु।

# परिच्छेद २

# दूरदृष्टि, उद्देश्य , रणनीति तथा लक्ष्य निर्धारण

## २.१ बुटवल उपमहानगरपालिका शिक्षा योजना निर्माण गर्दा लिइएको आधार

नेपाल सङ्घीय संरचनामा प्रवेश गरेपछि स्थानीय तहको भूमिका अझ सशक्त र जिम्मेवारीपूर्ण बनेको छ। नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रारम्भिक बालविकास तथा शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीतिनिर्माण, मापदण्ड निर्धारण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यस्तै, सङ्घीय सरकारले विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan–SESP) तयार पार्दै "आर्थिक तथा सामाजिक रूपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित समृद्ध नेपाल, सुखी नेपाली" बनाउने दीर्घकालीन सोच अगाडि सारेको छ।
यो परिवर्तित संरचनामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबीचको समन्वय अत्यावश्यक छ। नागरीकका मौलिक हकको प्रत्याभूति, शिक्षामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयन, र प्रदेश तथा स्थानीय सरकारका शिक्षासम्बन्धी लक्ष्यहरू प्राप्त गर्न व्यवस्थित योजना आवश्यक रहेको छ।

यसै सन्दर्भमा बुटवल उपमहानगरपालिकाले समेत आफ्ना नीति, ऐन, नियम र सन्दर्भगत दस्तावेजहरूको आधारमा पञ्चवर्षीय शिक्षा क्षेत्र योजना (२०८१/८२–२०८५/८६) निर्माण गरेको छ, जसले स्थानीय स्तरमा गुणस्तरीय, समावेशी र सान्दर्भिक शिक्षाको प्रवर्द्धन गर्दै शिक्षा क्षेत्रमा दीर्घकालीन सुधारमा टेवा पुर्‍याउनेछ।

### २.१.१ संवैधानिक प्रावधान

**धारा ३१ शिक्षा सम्बन्धी हक**

१. प्रत्येक नागरीकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ।
२. प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ।
३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरीकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ।
४. दृष्टिविहीन नागरीकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरीकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ।

**धारा ५१ राज्यका नीति: <u>(ज) नागरीकका आधारभूत आवश्यकतासम्बन्धी नीतिः</u>**

१. शिक्षालाई वैज्ञानिक, प्रा.वि.धिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने।

२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने।
३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने।
४. नागरीकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने।

यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्ष्यित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको छ।

### २.१.२ स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४

**दफा ११ (२) ज (स्थानीय तहका शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार)**

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन।
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन।
३. प्रा.वि.धिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,।
४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन।
५. गाभिएका वा बन्द गरीएका विद्यालयको सम्पत्ति व्यवस्थापन।
६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन।
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन।
८. विद्यालयको नामकरण।
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन।
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण।
११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान
१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन
१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
१७. ट्यूसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन

२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन

२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन

२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

**दफा २४ योजना बनाई कार्यान्वयन गर्नेः**

क) गाउँपालिका तथा उपमहानगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नु पर्ने छ।

ख) योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुल न, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धी त विषयलाई ध्यान दिनुपर्ने छ।

ग) योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिइएको छ।

- आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
पाठ्यक्रले निर्दिष्ट गरेका सिकाइ उपलब्धि हासिल भए वा भएनन् भनी लेखाजोखा गर्न मूल्याङ्कन गरीन्छ । मूल्याङ्कनले मूलतः विद्यार्थीको सिकाइ उपलब्धिको स्तरलाई देखाउँछ । मूल्याङ्कन गर्दा आन्तरिक र बाह्य दुवै प्रक्रिया अवलम्बन गरी विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण गर्नुपर्छ ।

### ४.१.२  वर्तमान अवस्था

वर्तमान पाठ्यक्रममा.वि.द्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को परिमार्जन २०७९ कार्यान्वयनमा रहेको छ । शिक्षाको पहुँचलाई समावेशी र समतामूलक बनाई गुणस्तरीय शिक्षा प्रदान गर्ने दिशातर्फ वर्तमान पाठ्यक्रमले मार्गनिर्देश गरेको

छ। यस पाठ्यक्रमले विद्यालय शिक्षालाई कक्षा १ देखि कक्षा ८ सम्म आधारभूत र कक्षा ९ देखि १२ सम्म माध्यमिक तह निर्धारण गरेको छ। यस प्रारूपले विद्यालय शिक्षामा नीतिगत तथा संरचनागत नवीन आयाम समावेश गरी कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम तथा कक्षा ९ देखि १२ सम्म एकलपथीय पाठ्यक्रम ढाँचा अवलम्बन गरेको छ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा विद्यालय शिक्षाको मार्गचित्रमा आधारीत भई पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षाको आन्तरिक तथा वाह्य मूल्याङ्कन मापदण्ड विकास गरेको छ। आधारभूत शिक्षाको कक्षा १ र ३ मा पूर्ण रूपमा निरन्तर मूल्याङ्कन पद्धति अवलम्बन गरिएको छ भने कक्षा ४ देखि १२ सम्मको आन्तरिक मूल्याङ्कन पद्धति निम्नानुसार रहेको छः

कक्षा ४ देखि ८ सम्मको आन्तरिक तथा वाह्य मूल्याङ्कनका लागि ५० र ५० अङ्कभार तोकिएकोमा आन्तरिक मूल्याङ्कनका लागि निम्नानुसार मापदण्ड निर्धारण गरिएको छः

| क्र.स. | मूल्याङ्कनका क्षेत्र | भार |
|---|---|---|
| १. | उपस्थिति र सिकाइ सहभागिता | ४ |
| २. | प्रयोगात्मक/ सिर्जनात्मक कार्य तथा परियोजना कार्य र प्रस्तुतीकरण | ३६ |
| ३. | त्रैमासिक परीक्षा | १० |

त्यस्तै गरेर कक्षा ९ देखि १२ सम्मको आन्तरिक तथा वाह्य मूल्याङ्कनका लागि २५/७५ अङ्कभार तोकिएकोमा आन्तरिक मूल्याङ्कनका लागि निम्नानुसार मापदण्ड निर्धारण गरिएको छः

| क्र.स | मूल्याङ्कनका क्षेत्र | अङ्क भार |
|---|---|---|
| १. | उपस्थिति र कक्षा सहभागिता | ३ |
| २. | प्रयोगात्मक/ परियोजना कार्य र सिर्जनात्मक कार्य र प्रस्तुति | १६ |
| ३ | त्रैमासिक परीक्षा | ६ |
| **जम्मा** | | **२५** |

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को मार्ग निर्देशन बमोजिम विद्यार्थी मूल्याङ्कन मा लेटर ग्रेडिङको प्रक्रिया निर्धारण गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लेटर ग्रेडिङ तयार गरी लागु गरेको छ जुन यसप्रकार रहेको छः

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

बुटवल उपमहानगरपालिकाले स्थानीय समुदायको समग्र शिक्षा प्रणालीमा सुधार ल्याउनका लागि शिक्षकहरूको क्षमता वृद्धिमा ध्यान दिंदै तालिम सञ्चालन गरिएको छ। शिक्षक तथा विद्यार्थीका लागि शिक्षण सामग्री वितरण गर्नेशिक्षक , व्यवस्थापन गर्ने समय समयमा विद्यालय अनुगमन गर्ने आदिजस्ता कार्यहरू गर्दै आइरहेको छ। यहाँको कला, संस्कृति, भाषा ,इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारीत स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरी कक्षा १ देखि ८ सम्म कार्यान्वयन गरिरहेको छ र हाल समय सान्दर्भिक परिमार्जन गरिएको छ ।

**यस आधारमा विश्लेषण गर्दा देहाय बमोजिमका समस्या र चुनौतिहरू पहिचान गरिएको छ:**

- पाठ्यक्रम अझै पनि व्यावहारिक सिप र जीवनोपयोगी ज्ञानभन्दा बढी किताबी र सैद्धान्तिक हुनु।
- पूर्ण साक्षर घोषणा भए पनी उपमहानगरपालिका अझै पनि पूर्ण साक्षर हुन नसक्नु।
- शैक्षिक गुणस्तर अपेक्षित रूपमा बढ्न नसक्नु।
- दृश्य सामग्री, अभ्यास कार्य र सिर्जनात्मक क्रियाकलापको कमी हुनु।
- सवै विद्यालयहरूमा सिकाइ सामग्रीको एकरुपता नहुनु।
- डिजिटल सामग्रीको विकास भए पनि सबै विद्यालयको पहुँच नहुनु।
- अंक र नतिजामा आधारीत मूल्याङ्कन प्रणाली हुनु।
- निर्माणात्मक मूल्याङ्कन प्रणालिको कम प्रयोग हुनु।
- शिक्षण कृयाकलापक समयानुकुल रूपमा.वि.कसित नहुनु।
- समग्र शिक्षा पद्धतिबाट उत्पादित सम्पूर्ण जनशक्ति रोजगार बजारमा खपत हुन नसक्नु।
- उत्पादित जनशक्तिमा मानवीय मूल्य, मान्यता र आचरण अपेक्षाकृत रूपमा वृद्धि हुन नसक्नु ।

### ४.१.३ उद्देश्य

१. पाठ्यक्रममा आधारीत शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु ।
२. निरन्तर, आवधिक तथा स्तरयुक्त मूल्याङ्कन पद्धति लागु गर्नु ।
३. स्थानीय पाठ्यक्रमका माध्यमबाट शिक्षा सगँ सिप र रोजगार विकास गर्नु ।

### ४.१.4 रणनीति र कार्यनीति

| क्रसं | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गर्ने । | १. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरीएका पाठ्यक्रम तथा पाठ्य सामग्रीको सम्बन्धी त शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गरिने छ।<br>२. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गरिने छ।<br>३. पाठ्यपुस्तकहरू विद्यालयहरूमा समयमै उपलब्ध गराइने छ ।<br>४. दृश्य, श्रव्य, डिजिटल सामग्रीहरू विकास गरी कक्षा शिक्षणमा प्रयोग गरिने छ । |
| २ | सवैका लागि पाठयक्रममा आधारीत शिक्षण सिकाइ र मूल्याङ्कनको अवस्था सुनिश्चित गर्ने । | १. राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूप पाठ्यक्रम कार्यान्वयन२०७६,गरिने छ।<br>२. शिक्षकका लागि शिक्षक निर्देशिका तथा , स्वअध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गरिने छ ।<br>३. एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लगि उपयोगी सिकाइको वातावरण तयार गरिने छ ।<br>४. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रबोधीकरण गरी निरन्तर अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास गरिने छ ।<br>५. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाई ने छ ।<br>६. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोग गरिने छ ।<br>७. CDC, NCED, CEHRD ले उपलब्ध गराएका अनलाईन सिकाइ सामग्रीको प्रयोगलाई प्रभावकारी बनाउदै बालबालिकाहरूमा स्वाध्ययनको बानीको विकास गरिने छ ।<br>८. स्टिमको अवधारणा अनुसार सवै विषयको उपलब्धि बृद्धिगर्न शिक्षकहरूको क्षमता विकास गरिने छ । |

| | | |
|---|---|---|
| | | ९. स्टिमको अवधारणा अनुसार विद्यार्थीहरू लाई अभ्यासको वातावरण तयार गरिने छ। |
| ३ | स्थानीय पाठ्यक्रमका माध्यमबाट शिक्षा सगँ सिप र रोजगार विकास गर्ने | | १. समुदायको अध्ययन )need assessment) गरेर व्यकिगत इच्छा र **बजारको माग अनुसार सिप र रोजगारीसँग जोड्नका लागि** छलफल गरिने छ।<br>२. समय सापेक्ष स्थानीय उद्योग, कृषि, पर्यटन, हस्तकला आदि क्षेत्र पहिचान गरेर सम्बन्धी त सिप को विकास गराइनेछ। |

### ४.१.५ उपलब्धि , नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

**क. उपलब्धि**

- उपमहानगरपालिका भित्र रहेका विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई सूचना प्रविधि सहितको सिपयुक्त उद्धमशील नैतिकवान प्रतिस्प्रधि बनाउन सहयोग पुग्नेछ।
- पाठ्यक्रममा आधारीत शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ।
- पाठ्यसामग्रीको सम्बन्धी त शिक्षक तथा सरोकारवालालाई सुसुचित हुनेछन्।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री परिमार्जन तथा कार्यान्वयन भएको हुनेछ।
- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

**ख. प्रमुख नतिजा**

- समावेशी अवधारणा अनुरूप पाठ्यक्रमको कार्यान्वयन हुने ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास एवम् कार्यान्वयनका लागि स्थानीय तहमा सञ्चालित विद्यालय संयन्त्रको विकास हुने।
- पाठ्यक्रमले निर्धारण गरेअनुरूप विविध प्रकारका मापन योग्य साधन प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन हुने।
- शिक्षकलाई सिकारुले हासिल गर्नुपर्ने सक्षमता, सिकाइ उपलब्धि, मापदण्ड र मूल्याङ्कन गर्ने तरिकाको जानकारी हुने।
- कार्यमूलक सिप को प्राप्ति, नतिजामुखी प्रतिफल र व्यवहार उन्मुख ज्ञान, सिप तथा अभिवृत्ति विकास गर्न सहयोग पुग्ने ।

- कार्यमूलक सिप को प्राप्ति, नतिजामुखी प्रतिफल र व्यवहार उन्मुख ज्ञान, सिप तथा अभिवृत्ति विकास गर्न सहयोग पुग्ने ।
- विद्यार्थीको उपचारात्मक शिक्षण सिकाइको माध्यमबाट न्यून तम सक्षमता हासिल गरेका हुने।
- स्थानीय आवश्यकता अनुसारको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा कार्यान्वयन भएको हुने ।
- तहगत शिक्षाको प्राप्ति पश्चात् व्यक्तिगत सामाजिक व्यवहार र परिवर्तित सन्दर्भ समेतमा आफूलाई समायोजन गर्ने सामर्थ्य प्राप्त हुने।
- विद्यार्थीमा सिप, प्रविधि दक्षता खोज तथा अनुसन्धान उद्यमशीलताको विकास हुने।
- प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन भई व्यक्तित्वको विकास हुने।
- समुदायको अध्ययन (**Need assessment)** गरेर व्यकिगत इच्छा र बजारको माग अनुसार सिप र रोजगारीमा वृद्धि हुने।
- शिक्षकमा सिकाइ सहजीकरणका विधिहरू जानकारी भई छनोट र पहिचान गर्ने सिप को विकास हुने।

**(ग)** प्रमुख **नतीजा तथा परिमाणात्मक लक्ष्यहरू**

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १ देखि १२ सम्मका पाठ्यक्रमहरू सुचारू तरिकाले कार्यान्वयन हुने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| २ | कक्षा १-३ को एकीकृत पाठ्यक्रमले अपेक्षा गरेका व्यवहारकुशल सिप हरू कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| | स्थानीय पाठ्यक्रम निर्माण ( १ देखि ३ र ४ देखि ८ ) | पटक | १ | १ | १ | १ | १ |
| ३ | स्थानीय पाठ्रयक्रम सञ्चालन गर्ने विद्यालय | विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ६ | स्टिम अवधारणा अनुसार शिक्षण प्रकृयाले गणित र विज्ञान विषयको उपलब्धिमा सुधार हुने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ७ | सूचना, सञ्चार तथा प्रविधिमा आधारीत शिक्षणले कक्षागत वा तहगत सिकाइ उपलब्धि वृद्धि हुनेविद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ |

### ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरू | एकाई | **वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target)** | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरू को विकास गर्ने( | विद्यार्थी सङ्ख्या | ३९०३ | ३९०३ | ३९०३ | ३९०३ | ३९०३ | १९५१५ |
| पाठ्यक्रमको मूल्याङ्कन (मूल्याङ्कन , सुधार र विद्यालय मा आधारीत | पटक | ० | ० | १ | १ | १ | ३ |

| प्रस्तावित कार्यक्रमहरू | एकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| पाठ्यक्रम विकास र नमुना परीक्षण( | | | | | | | |
| Digital सामाग्रीहरू को कार्यन्वयन (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरू को विकास र तिनलाई Online/Offline माध्यमबाट विद्यार्थी अपाङ्गता भएका) विद्यार्थी र (समेत् शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरीएका सबै सामाग्रीहरू लाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | पटक | ० | १ | ० | ० | ० | १ |
| सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने )विज्ञ हरू को परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राविधिक सहयोग प्रदान गर्ने विधि र पद्धति स्थापित गर्ने( | पटक | ० | १ | १ | १ | १ | ४ |

| प्रस्तावित कार्यक्रमहरू | एकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने | बिध्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| प्राविधिक धारका विषय हरू को पाठ्यक्रम र सिकाइ सामग्रीहरू को विकास र कार्यान्वयन गर्ने (जसमा-: प्राविधिक धारका विषय गत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाइ सामग्रीहरूको विकास, मूल्याङ्कन पद्धतिको विकास र तिनको प्रबोधीकरण , वितरण , प्रयोग विषय हरू समावेश गर्ने( | बिध्यालय | ० | ३ | ३ | ४ | ४ | १४ |
| विद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य विषय क्षेत्रका निर्देशिका, विधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने( | पटक | ० | १ | ० | १ | ० | २ |
| स्थानीय पाठ्यक्रम परिमार्जन गर्ने | पटक | १ | ० | ० | ० | १ | २ |

| प्रस्तावित कार्यक्रमहरू | एकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यन्वयनका लागि प्रबोधीकरण गर्ने | बिध्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| विविध प्रकारका मापनयोग्य साधन प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन | पटक | ० | १ | ० | १ | ० | २ |
| पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरीएका पाठ्यक्रम तथा पाठ्य सामग्रीको सम्बन्धी त शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण। | पटक | ० | १ | १ | १ | १ | ४ |
| स्टिमको अवधारणा अनुसार सवै विषयको उपलब्धि बृद्धिगर्न शिक्षकहरूको क्षमता विकास गरिने छ | पटक | ० | १ | १ | १ | १ | ४ |
| सिकाइ पोर्टल को प्रयोग सम्बन्धी शिक्षक क्षमता विकास तालिम | शिक्षक | ६० | ६५ | ७५ | ७५ | १०० | ३७५ |

### ४.१.७ प्रमुख क्रियाकलाप तथा लगात (बजेट)

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान हजारमा)) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन तहगत पाठ्यक्रमहरूको विकास), परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, | ११७१ | ११७१ | ११७१ | ११७१ | ११७१ | ५८५ ५ |

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान हजारमा)) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरू को विकास गर्ने( | | | | | | |
| पाठ्यक्रमको मूल्याङ्कन (मूल्याङ्कन , सुधार र विद्यालय मा आधारीत पाठ्यक्रम विकास र नमुना परीक्षण( | - | ० | ५०० | ५०० | ५०० | १५० ० |
| Digital सामाग्रीहरू को कार्यन्वयन विधुतीय ) अन्तरक्रियात्मक सामाग्रीहरू को विकास र तिनलाईOnline/Offline माध्यमबाट विद्यार्थी अपाङ्गता भएका)विद्यार्थी र (समेत् शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरीएका सबै सामाग्रीहरू लाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | - | ३०० | ० | ० | ० | ३०० |
| सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने )विज्ञहरू को परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागिप्रा.वि.धि क सहयोग प्रदान गर्नेविधि (र पद्धति स्थापित गर्ने | - | १५० | १५० | १५० | १५० | ६०० |
| आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने | २७३ | २७३ | २७३ | २७३ | २७३ | १३६ ५ |
| प्राविधिक धारका विषय हरू को पाठ्यक्रम र सिकाइ सामग्रीहरू को विकास र कार्यान्वयन गर्ने -:जसमा)प्राविधिक धारका विषय गत समस्या पत्ता लागउने तथा सवालहरू, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाइ सामग्रीहरूको विकास, मूल्याङ्कन पद्धतिको विकास र तिनको | ० | ० | ० | ४५० | ६०० | १०५ ० |

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान हजारमा)) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४ २५/ | २०२५ २६/ | २०२६ २७/ | २०२७ २८/ | २०२८ २९/ | |
| | ८१ ८२/ | ८२ ८३/ | ८३ ८४/ | ८४ ८५/ | ८५ ८६/ | |
| प्रबोधीकरण , वितरण , प्रयोग विषयहरू समावेश गर्ने | | | | | | |
| विद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य विषय क्षेत्रका निर्देशिका, विधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने | | ७०० | ० | ७०० | ० | १४०० |
| स्थानीय पाठ्यक्रम परिमार्जन गर्ने | १५०० | ० | ० | ० | १५०० | ३००० |
| पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यन्वयनका लागि प्रबोधीकरण गर्ने | ३१२ | ३१२ | ३१२ | ३१२ | ३१२ | १५६० |
| विविध प्रकारका मापनयोग्य साधन प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन | ० | ५०० | ० | ५०० | ० | १०००० |
| पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरीएका पाठ्यक्रम तथा पाठ्य सामग्रीको सम्बन्धी त शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण। | ० | ३०० | ३०० | ३०० | ३०० | १२०० |
| स्टिमको अवधारणा अनुसार सवै विषयको उपलब्धि बृद्धिगर्न शिक्षकहरूको क्षमता विकास गरिने छ | ० | ३५० | ३५० | ३५० | ३५० | १४०० |
| सिकाइ पोर्टल को प्रयोग सम्बन्धी शिक्षक क्षमता विकास तालिम | १८० | १९५ | २२५ | २२५ | ३०० | ११२५ |
| **पाठ्यक्रम र मूल्याङ्कन कार्यक्रमको जम्मा बजेट (लाखमा)** | ११७१ | ११७१ | ११७१ | ११७१ | ११७१ | ५८५५ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त स्रोत हो। यही जीवन्त स्रोतको क्रियाशीलतामा शिक्षण सिकाइमा अरु स्रोतहरूले गति लिने गर्दछन्। शिक्षकमा भएको पेसाप्रतिको समर्पण र उत्साह, विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। नेपालमा शिक्षक व्यवस्थापनको संरचना सङ्घीय ता अनुसार तीनै तह - सङ्घीय , प्रदेश र स्थानीय सरकार बीच कार्य विभाजनमा आधारीत छ।

शिक्षक सेवा आयोग, शिक्षा सेवा ऐन, र स्थानीय तहका अधिकारहरूका माध्यमबाट शिक्षकको नियुक्ति, सरुवा, प्रोन्नति, र व्यवस्थापन हुने गर्छ। यद्यपि व्यवहारमा स्पष्ट कार्यविभाजनको अभाव र समन्वय कमजोर भएका कारण व्यवस्थापन प्रणाली अझै पनि केन्द्रमुखी देखिन्छ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुनुपर्दछ। शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ को अनुसूची १२ मा शिक्षक व्यवस्थापन सम्बन्धी प्रावधान निम्नअनुसार रहेको देखिन्छ।

१. पूर्व प्राथमिक विद्यालयमा एक जना शिक्षक
२. आधारभूततहको पचास जना विद्यार्थी भएमा कम्तीमा दुई जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा तीन जना शिक्षक रहने व्यवस्था छ।
३. आधारभूततहको ६ कक्षा देखि ८ कक्षा सम्म सञ्चालन भएको विद्यालयमा आधारभूततहको चार जना शिक्षक रहनेछ।
४. माध्यमिक विद्यालयमा कक्षा १० सम्म सञ्चालन भएको विद्यालयमा १२ जना शिक्षक रहने व्यवस्था छ।

हाम्रो देशमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्दछ। शिक्षक तयार गर्ने काम विश्वविद्यालय र विद्यालयहरूले गरीरहेका छन्। शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धी काम र रिक्त शिक्षक दरबन्दीमा स्थायी पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिश गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ भने आयोग बाट सिफारिश भई आएका शिक्षकहरूलाई शिक्षा विकास तथा समन्वय इकाइले रिक्त दरबन्दिमा नियूक्ति र पदस्थापनाका लागि स्थानीय तहमा सफारिश गर्दछ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण तथा customize तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य गर्दछ भने प्रदेश शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम गर्दै आएका छन्।

### ४.२.२ वर्तमान अवस्था

यस उपमहानगरपालिकको शिक्षक व्यवस्थापनको अवस्थाको तथ्याङ्क विश्लेषण गर्दा उपमहानगरपालिकामा सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०८१ कक्षा १ देखि १२ सम्म अध्ययन गर्ने कुल विद्यार्थीहरू को सङ्ख्या ७१७०३ रहेको छ। जस मध्ये बाल विकास केन्द्रमा १०८११ कक्षा १ देखि ५ सम्म २३४५९ जना, कक्षा ६ देखि ८ सम्म १३५७५ जना, कक्षा ९ देखि १२ सम्म २३८५८ गरी ७१७०३ रहेछ। बुटवल उपमहानगरपालिकाको स्थायी , राहत, पालिका अनुदान, संघिय अनुदान, शिक्षण सिकाइ अनुदान र निजी स्रोत गरी शिक्षकहरूको कुल सङ्ख्या ८३५ रहेको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ मा उल्लेख भएअनुसार, हालको शिक्षक दरबन्दीको पुनर्वितरणबाट पनि आवश्यकता अनुसार शिक्षकको सङ्ख्या नपुगेमा नेपाल सरकारलाई कुनै दायित्व नपर्ने गरी प्रदेश सरकार वा स्थानीय तहले आवश्यकताका आधारमा नयाँ शिक्षक दरबन्दी सिर्जना गर्न सक्ने व्यवस्था गरिएको छ। यस उपमहानगरपालिकाको सन्दर्भमा, राहत शिक्षकहरूको व्यवस्थाले शिक्षक अभावको समस्या केही हदसम्म समाधान गरे तापनि, माध्यमिक तहमा शिक्षक-विद्यार्थी अनुपात उच्च देखिएको छ। यस समस्या समाधानकालागि विद्यालय स्रोतबाट नियुक्त गरीएका शिक्षकहरूले शिक्षक विद्यार्थी अनुपातलाई

केही  हदसम्म पूरा गरेको छ। अतः गुणस्तरीय शिक्षाका लागि माध्यमिक तहमा थप शिक्षक दरबन्दी सिर्जना गर्नु आवश्यक देखिन्छ ।

बदलिंदो पाठ्यक्रम र शिक्षण विधिको प्रभावकारी कार्यान्वयनका लागि शिक्षकहरूलाई व्यावसायिक रूपमा दक्ष बनाउने उद्देश्यले नतिजामूलक पेसागत विकास कार्यक्रमहरू-जस्तै तालिम, सिकाइ भ्रमण, कार्यशाला, समूह सिकाइ आदानप्रदान-सञ्चालन गर्नु अपरिहार्य छ । नीतिगत प्रावधानअनुसार, शिक्षकले कक्षामा बिताउने समयको अभिलेख राख्ने प्रणालीको विकास, नियमित अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने, शिक्षकलाई उत्तरदायी बनाउने, र पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था गर्नु जरुरी छ । साथै, शिक्षकको पेसागत विकासलाई सुनिश्चित गर्न स्थानीय तहले शिक्षकसँग करार गर्ने तथा अवसर प्रदान गर्ने प्रणाली विकास गर्नुपर्ने देखिन्छ।

स्थानीय शिक्षा योजनाले शिक्षकहरूलाई आवश्यक पेसागत सहयोग उपलब्ध गराउने उद्देश्यले 'शिक्षक रोष्टर' तयार गरी आवश्यकता अनुसार परिचालन गर्ने कार्यक्रम पनि समावेश गरेको छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सञ्चालन गरेको विद्यार्थी उपलब्धि सम्बन्धी राष्ट्रिय मूल्याङ्कनले नेपाली र गणित विषयमा विद्यार्थीको प्रदर्शन सन्तोषजनक नभएको देखाएको छ। यस उपमहानगरपालिकाभित्रका केही विद्यालयले राम्रो प्रदर्शन गरेका छन् । त्यसैले गुणस्तरीय शिक्षाका लागि विषयगत शिक्षकको पूर्ति, प्रभावकारी पेसागत विकास कार्यक्रम, र उत्तरदायी त्वयुक्त शिक्षण प्रणालीको विकास अपरिहार्य देखिन्छ।

**तालिका नं.२३**

**सामुदायिक विद्यालयमा तालिम प्राप्त शिक्षक विवरण**

| क्रम | विद्यालय | ECD basic | TPD 30 day | Customize 5 day | Modular 3 day | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | कालिका मानवज्ञान मा.वि. | ४ | २९ | ० | ० | ३३ |
| २ | कान्ति  मा. वि. | ६ | ३ | ६ | ३ | १८ |
| ३ | नविन औद्योगिक कदरवहादुर रीता मा.वि. | ४ | ६ | ० | ० | १० |
| ४ | नयांगाउ मा. वि. | ४ | १५ | ० | ० | १९ |
| ५ | नवरत्न मा.वि. | २ | १८ | १ | ० | २१ |
| ६ | नहरपुर मा.वि. | ४ | १८ | - | - | २२ |
| ७ | मोतिपुर मा.वि. | १ | १२ | - | १४ | २७ |
| ८ | सिद्धेश्वर लालकुमारी मा.वि. | २ | - | २ | | ४ |
| ९ | उजिरसिंह मा.वि. | ४ | - | - | - | ४ |
| १० | बुटवल मा. वि. | - | - | - | - | ० |
| ११ | ज्ञानोदय मा. वि. | २ | १२ | - | - | १४ |
| १२ | जितेश्वरी मा. वि. | २ | १० | ५ | २ | १९ |

| क्रम | विद्यालय | ECD basic | TPD 30 day | Customize 5 day | Modular 3 day | जम्मा |
|---|---|---|---|---|---|---|
| १३ | सरस्वती मा. वि. | २ | २ | १ | | ५ |
| १४ | सन्तोषिमाता गुरुकुल विद्याश्रम | - | - | - | - | ० |
| १५ | लक्ष्मी मा. वि. | २ | ६ | १ | ४ | १३ |
| १६ | जनता मा. वि. | २ | १२ | | | १४ |
| १७ | तिलोत्तमा मा. वि. | २ | ९ | ० | ० | ११ |
| १८ | ज्ञानोदय रात्रि मा. वि. | | ८ | - | - | ८ |
| १९ | साधना महिला मा. वि. | ० | १ | ० | ० | १ |
| २० | भवानी मा. वि. | २ | ५ | ० | ६ | १३ |
| २१ | अमर मा. वि. | १ | ११ | १ | ० | १३ |
| २२ | प्रगति मा.वि. | ४ | ३ | - | ४ | ११ |
| २३ | सरस्वती आधारभूत विद्यालय | २ | - | - | - | २ |
| २४ | वेलभरिया आधारभूत विद्यालय | १ | ४ | ० | १ | ६ |
| २५ | नरैनापुर आधारभूत विद्यालय | २ | - | - | - | २ |
| २६ | जनशक्ति नमुना भीमप्रसाद प्रा . वि. | २ | १ | १ | १ | ५ |
| २७ | सहिद्स्मृति आधारभूत विद्यालय | २ | ४ | ० | ० | ६ |
| २८ | जनज्योती प्रा.वि. | १ | २ | २ | | ५ |
| २९ | मायादेवी जनजागृति आधारभूत विद्यालय | २ | २ | १ | १ | ६ |
| ३० | सुर्योदय प्रा.वि. | ३ | १ | १ | ० | ५ |
| ३१ | दुर्गा भवानी प्रा.वि. | १ | ३ | १ | ० | ५ |
| ३२ | मैनावगर आधारभूत विद्यालय | १ | १ | १ | | ३ |
| ३३ | सरस्वती प्रा.वि. | १ | २ | - | - | ३ |
| ३४ | बुटवल वालमन्दिर प्राथमिक विद्यालय | १ | १ | - | - | २ |
| ३५ | सुस्त मनस्थिति वालविद्या मन्दिर | - | - | - | - | ० |
| ३६ | जमिया गुलसन मदरसा | - | - | - | - | ० |

| क्रम | विद्यालय | ECD basic | TPD 30 day | Customize 5 day | Modular 3 day | जम्मा |
|---|---|---|---|---|---|---|
| ३७ | रजाय मुस्तफा मदरसा | - | - | - | - | ० |
| ३८ | मदिना मदरसा प्रा.वि. | - | - | - | - | ० |
| ३९ | मदरसा कादरिया हेसामूल उलूम | ० | ० | ० | ० | ० |
| | जम्मा | ६९ | २०१ | २४ | ३६ | ३३० |

*स्रोत: विद्यालय*

**चुनौति र समस्या**

शिक्षक व्यवस्थापन र विकास क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरू पहिचान गरीएका छन्

- शिक्षण पेसालाई आकर्षक पेसाका रूपमा विकास गर्न।
- ठुलो सङ्ख्यामा रहेको विद्यालय स्रोतका  शिक्षकहरू लाई  समेट्न।
- शिक्षक पेसागत विकासको प्रणाली स्थापित गर्न।
- शिक्षक मूल्याङ्कन अनुगमन मेन्टोरिङ  पद्धतिको विकास गर्न
- पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न।
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान,पुनर्वितरण तथा थप गर्न ।
- शिक्षकहरूका लागि सेवा सुविधालाई  स्तरीय बनाउन।

**४.२.३ उद्देश्य**

उपर्युक्त समस्या तथा चुनौतिहरूका आधारमा स्थानीय तहको शिक्षा क्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका उद्देश्यहरू निम्नानुसार निर्धारण गरीएका छन्:-

१. तहगत, कक्षागत, तथा विषयगत रूपमा शिक्षकको व्यवस्थापन गर्नु
२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु
३. शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु

**४.२.४ रणनीतिक क्रियाकलापहरू**

उपर्युक्त चुनौति र अवसरहरूका आधारमा  सैनामैना  नगरपालिकाले शिक्षक व्यवस्थापनमा  रणनीति र  क्रियाकलापहरू देहायबमोजिम निर्धारण गरीएका छन् :

| क्र सं | रणनीति | क्रियाकलापहरू |
|---|---|---|
| १ | शिक्षक/कर्मचारीको दरबन्दी व्यवस्थापन गर्ने | १. सबै विद्यालयको विद्यार्थी सङ्ख्या, कक्षा, विषय, र तहअनुसार शिक्षक तथा कर्मचारीको आवश्यकता पहिचान गरिने छ।<br>२. प्रारम्भिक बालविकासका सहजकर्ताहरू आवश्यकताका आधारमा व्यवस्थापन गरिने छ।<br>३. शिक्षकको स्थानान्तरण तथा समायोजनको मापदण्ड तयार गरिने छ।<br>४. शैक्षिक सत्रको सुरुवातमा हालको दरबन्दीको अवस्थाको समीक्षा गरी अभाव भएका विद्यालयमा दरबन्दी स्थानान्तरण गर्ने प्रक्रिया सञ्चालन गरिने छ।<br>५. स्थानीय तहको स्रोत प्रयोग गरीविषयगत शिक्षक अनुदान प्रदान गरिने छ। |
| २ | पेसागत विकास कार्यक्रम सञ्चालन गर्ने | १. शिक्षकलाई नवीन सिप पाठ्यक्रम, प्रविधि, र शिक्षण विधिमा अद्यावधिक गराइने छ।<br>२. शिक्षकको पेशागत विकास र समयसापेक्ष अद्यावधिक हुनका लागि मागमा आधारीत पुनर्ताजगी तालिम सञ्चालन गरिने छ ।<br>३. शिक्षकको पेसागत विकासका लागि असल अभ्यासको अवलोकन भ्रमण गराइने छ।<br>४. शिक्षक पेसागत सहयोगलागि मेन्टोरींग र कोचिंग कार्यक्रम संचालन गरिने छ।<br>५. शिक्षक पेसागत सहयोग र सिकाइका लागि विषयगत शिक्षकको इसञ्जाल बनाइने छ।<br>६. तालिम प्राप्त प्रशिक्षकको समूह तयार गरी तालिम कार्यक्रम निरन्तरता दिइने छ।<br>७. प्रारम्भिक बालविकासका सहजकर्ताहरू क्षमता विकास गरिने छ। |
| ३ | शिक्षक बैङ्कको व्यवस्था गर्ने | १. विद्यालयमा शिक्षक सुत्केरी विदा, प्रसुति स्याहार विदा, किरिया विदा जस्ता विभिन्न कारणले अनुपस्थित भई शिक्षक विहीन हुने अवस्थामा नगरपालिकाले स्वयंसेवक शिक्षकको व्यवस्था गरिने छ। |
| ४ | शिक्षक उत्तरदायी त्व र मूल्याङ्कन प्रणालीविकास गर्ने | १. शिक्षणको गुणस्तर र प्रभावकारिता मूल्याङ्कन गरिने छ।<br>२. मूल्याङ्कनको आधारमा सुधार, वा प्रोत्साहन गर्न सहयोग गरिने छ।<br>३. शिक्षक मूल्याङ्कनका लागि फारम, चेकलिस्ट, अनुगमन ढाँचा विकास गरिने छ। |
| ५ | प्र अ / शिक्षकलाई नतिजाप्रति जवाफदेही | १. कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकास गरिने छ।<br>२. मूल्याङ्कन नतिजालाई सुधार कार्य योजना वा पुरस्कार प्रणालीसँग जोड्ने छ। |

| क्र सं | रणनीति | क्रियाकलापहरू |
|---|---|---|
| | हुने पद्धतिको विकास गर्ने | |

### ४.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।
२. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुनेछ।
३. सक्षम, योग्य, उत्तरदायी र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुनेछ|
४. शिक्षकहरू आफ्नो पेशा प्रति प्रोत्साहित हुनेछन्।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास मा योग्यता प्राप्त सहजकर्ताको सङ्ख्या | सङ्ख्या | १००% | १००% | १००% | १००% | १००% | १००% |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | शिक्षक %) | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | शिक्षक %) | १००% | १००% | १००% | १००% | १००% | १००% |

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ४ | शिक्षक बैङ्कको व्यवस्था गर्ने | सङ्ख्या | १ | १ | १ | १ | १ | १ |

### ४.२.३ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरू | एकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४/२५ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| नयाँ नियुक्ति भएका शिक्षकहरूलाई सेवा प्रवेश तालिम | शिक्षक सङ्ख्या | ० | १५ | १५ | १५ | १५ | ६० |
| १५ %३५देखि % माध्यमिक शिक्षकहरू लाई गणित, विज्ञान र अंग्रेजी विषय को विषय बस्तुहरुको पाठ अध्ययन सामग्री विकास सम्बन्धी तालिम दिने | शिक्षक सङ्ख्या | ० | २५ | ३० | ३० | ३० | ११५ |
| शिक्षकहरू लाई ICT मा आधारीत तीनदिने Online/Offline सिकाइ सम्बन्धी तालिम | शिक्षक सङ्ख्या | ० | १०० | १५० | १७५ | २०० | ६२५ |
| सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि १० दिने प्रशिक्षण तालिम )TOT) | शिक्षक सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ |
| प्रारम्भिक कक्षा सिकाइ )EGL) सम्बन्धी ५ दिने प्रशिक प्रशिक्षण तालिम | बिध्यालय | ० | ५ | ० | ५ | ० | १० |

| प्रस्तावित कार्यक्रमहरू | एकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४/२५ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| ECED सँग सम्बन्धी त बिभिन्न तालिमहरू को नयाँ मापदण्डका आधारमा तालिमहरू को गुणस्तर सुनिश्चित गर्न प्रशिक प्रशिक्षण सन्चालन गर्ने | केन्द्र | ० | ३ | ३ | ३ | ३ | १२ |
| सबै विद्यालय का प्र.अ.हरू लाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गरिने | विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| विद्यालय मा आधारीत अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरू का लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| शिक्षक अनुगन कार्यक्रमका लागि क्षमता अभिवृद्धि गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ |
| नयाँ भर्ना हुने ECED Teachers/Facilatotars हरूलाई १५ दिने ९०) (घण्टासेवा प्रवेश तालिम प्रदान गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ |
| हाल कार्यरत सबै ECED Teachers/Facilatotars हरूलाई दुई Modules मा प्रत्येक ५ ५/वर्ष मा | सहजकर्ता | ० | ६१ | ० | ६१ | ० | १२२ |

| प्रस्तावित कार्यक्रमहरू | एकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४/२५ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| पुनर्ताजगी तालिम प्रदान गर्ने | | | | | | | |
| शिक्षकहरूलाई Face to Face र Online दुवै विधिमा मागमा आधारीत Soft-skills integration, EGL Skill, एकीकृत शिक्षण सिकाइ र शिक्षण सिकाइ का अन्य क्षेत्रमा छोटो अवधिका तालिमहरू प्रदान गर्ने | शिक्षक | ० | ३० | ४० | ० | ० | ७० |
| विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रमहरू )School to work transition) | पटक | ३ | ४ | ५ | ५ | ५ | २२ |
| बिशेष शिक्षाका विद्यालय हरूमा कार्यरत शिक्षकहरू र बिशेष शिक्षाका स्रोतकक्षाहरू सन्चालन गर्ने स्रोत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | शिक्षक | ० | १५ | ० | १५ | ० | ३० |
| असल अभ्यासको अवलोकन भ्रमण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| शिक्षक बैकको व्यवस्था | शिक्षक | | ५ | ५ | ५ | ५ | २० |
| विषयगत शिक्षक अनुदान प्रदान | शिक्षक | १० | २० | २० | २५ | ३० | १३६ |
| शिक्षक पेसागत सहयोगलागि मेन्टरीग र कोचिग कार्यक्रम संचालन | शिक्षक सङ्ख्या | ० | ३४ | ३४ | ३४ | ३४ | ११६ |

### ४.२,७ प्रमुख क्रियाकलाप तथा बजेट

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | पाँच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| नयाँ नियुक्ति भएका शिक्षकहरू लाई सेवा प्रवेश तालिम | - | ४५० | ४५० | ४५० | ४५० | १८०० |
| १५ %३५देखि %माध्यमिक शिक्षकहरू लाई गणित, विजयन र अंग्रेजी विषय को विषय बस्तुहयूको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम दिने | - | १७५ | २१० | २१० | २१० | ८०५ |
| शिक्षकहरू लाई ICT मा आधारीत तीनदिने Online/Offline सिकाइ सम्बन्धी तालिम | - | ५०० | ७५० | ८७५ | १००० | ३१२५ |
| सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि १० दिने प्रशिक्षण तालिम )TOT) | १०० | १०० | १०० | १०० | १०० | ४०० |
| प्रारम्भिक कक्षा सिकाइ )EGL) सम्बन्धी ५ दिने प्रशिक प्रशिक्षण तालिम | - | १०० | - | १०० | - | २०० |
| ECED सँग सम्बन्धी त बिभिन्न तालिमहरू को नयाँ मापदण्डका आधारमा तालिमहरू को गुणस्तर सुनिश्चित गर्न प्रशिक प्रशिक्षण सन्चालन गर्ने | ० | ४५ | ४५ | ४५ | ४५ | १८० |
| सबै विद्यालय का प्र.अ.हरू लाई जिम्मेवार बनाईTeacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गरिने | १९५ | १९५ | १९५ | १९५ | १९५ | ७८० |
| विद्यालय मा आधारीत अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरू | २३४ | २३४ | २३४ | २३४ | २३४ | ९३६ |

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | पाँच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| का लागिTeachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | | | | | | |
| शिक्षक अनुगन कार्यक्रमका लागि क्षमता अभिवृद्धि गर्ने | ० | २०० | २०० | २०० | २०० | ८०० |
| नयाँ भर्ना हुने ECED Teachers/Facilatotars हरूलाई १५ दिने (घण्टा ९०)सेवा प्रवेश तालिम प्रदान गर्ने | - | - | - | - | - | ० |
| हाल कार्यरत सबै ECED Teachers/Facilatotars हरूलाई दुई Modules मा प्रत्येक ५ ५/वर्ष मा पुनर्ताजगी तालिम प्रदान गर्ने | - | ६१० | - | ६१० | - | १२२० |
| शिक्षकहरूलाई Face to Face र Online दुवै विधिमा मागमा आधारीत Soft-skills integration, EGL Skill, एकीकृत शिक्षण सिकाइ र शिक्षण सिकाइ का अन्य क्षेत्रमा छोटो अवधिका तालिमहरू प्रदान गर्ने | - | १५० | २०० | - | - | ३५० |
| विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रमहरू )School to work transition) | १५०० | २००० | २५०० | २५०० | २५०० | ९५०० |
| बिशेष शिक्षाका विद्यालय हरूमा कार्यरत शिक्षकहरू र बिशेष शिक्षाका स्रोतकक्षाहरू सन्चालन गर्ने स्रोत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | - | २२५ | - | २२५ | - | ४५० |
| असल अभ्यासको अवलोकन भ्रमण गर्ने | ११७६ | ११७६ | ११७६ | ११७६ | ११७६ | ४७०४ |
| शिक्षक बैकको व्यवस्था | - | २२७५ | २२७५ | २२७५ | २२७५ | ९१०० |

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | पाँच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५ २६/ | २०२६ २७/ | २०२७ २८/ | २०२८ २९/ | |
| | ८१ ८२/ | ८२ ८३/ | ८३ ८४/ | ८४ ८५/ | ८५ ८६/ | |
| विषयगत शिक्षक अनुदान प्रदान | ५८५० | ११७०० | ११७०० | १४६२५ | १७५५० | ५५५७५ |
| शिक्षक पेसागत सहयोगलागि मेन्टरीग र कोचिग कार्यक्रम संचालन | - | १०२० | १०२० | १०२० | १०२० | ४०८० |
| शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमको जम्मा बजेट (लाखमा) | ९१ | २१२ | २११ | २४८ | २७० | ९४० |

**४.३ शैक्षिक समता र समावेशीकरण**

**४.३.२ परिचय**

शिक्षा मानव अधिकारको आधारभूत पाटो हो। सबै व्यक्ति जातीय, भाषिक, लैङ्गिक, सामाजिक तथा भौतिक अवस्थाका आधारमा शिक्षाको समान अवसरका हकदार हुन्। शैक्षिक समताभन्नाले सबैले समान गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवस्था जनाउँछ भने समावेशीकरण भन्नाले सबै पृष्ठभूमिका बालबालिकालाई शिक्षामा सक्रिय र गरीमायुक्त सहभागी बनाउने प्रक्रियालाई जनाउँछ। यी दुवै सिद्धान्त शिक्षालाई निष्पक्ष, न्यायपूर्ण र पहुँचयुक्त बनाउने उपाय हुन्।

समाजमा भाषा, जात, संस्कृति, लिङ्ग, अपाङ्गता, आर्थिक स्थिति लगायतका आधारमा विविधता विद्यमान हुन्छ। शैक्षिक समावेशीकरणले यी विविधतालाई स्वीकार गर्दै दिंदै शिक्षा प्रणालीलाई त्यसअनुसार अनुकुल बनाउने कार्य गर्छ। यसले विद्यालयलाई सबैका लागि स्वागतयोग्य बनाउने, भेदभाव घटाउने र सहभागिता बढाउने वातावरण सिर्जना गर्छ। दक्ष शिक्षक, पहुँचयुक्त संरचना र लचिलो पाठ्यक्रमयसको मूल आधार हुन्। शैक्षिक समता बिना समावेशी शिक्षा सम्भव छैन, र समावेशी शिक्षा बिना समता पनि अधुरो रहन्छ। उदाहरणका लागि, दलित, जनजाति, अपाङ्गता भएका बालबालिकाले शिक्षा प्राप्त गर्ने मात्र होइन, त्यहाँ समान व्यवहार, सिकाइको अवसर र सशक्तीकरण अनुभव गर्नुपर्छ। त्यसैले समता र समावेशीकरण परस्परमा सम्बद्ध र परिपूरक सिद्धान्त हुन् जसले गुणस्तरीय शिक्षा सुनिश्चित गर्छन्। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ। विद्यालय क्षेत्र सुधार योजनामा सबैलाई समावेशी शिक्षाको सुनिश्चितता गर्ने लक्ष्य राखेको छ।

स्थानीय सरकार सञ्चालन कार्यविधिमा सबै बालबालिकालाई निःशुल्क र अनिवार्य शिक्षाको पहुँचमा ल्याउने कुरा उल्लेख गरिएको छ। विद्यालय क्षेत्र विकास योजना २०७३ ले समूहसमूहका बीचमा हुने विभेदलाई न्यूनीकरण गरी सबैका लागि समतामूलक पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुनिश्चित गर्ने लक्ष्य लिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ को उद्देश्यमा

आधारभूत शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच सुनिश्चित गर्ने र माध्यमिक तहमा पनि शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्ने कुरा उल्लेख गरिएको छ।

### ४.३.२ वर्तमान अवस्था

बुटवल उपमहानगरपालिका विभिन्न जातीय, भाषिक, सांस्कृतिक तथा सामाजिक समूहहरूको साझा बसोबास भएको क्षेत्र हो।सामाजिक विविधताका कारण समुदायबीच शैक्षिक पहुँच, सहभागिता र नतिजामा पनि असमानता देखिएको छ। विशेष गरी दलित, जनजाति, आर्थिक रूपमा विपन्न वर्ग, अपाङ्गता भएका बालबालिका अझै पनि शैक्षिक अवसरबाट वञ्चित भइरहेका छन्। यस्ता समुदायका बालबालिकाहरू विद्यालयमा भर्ना भए तापनि टिकाउ दर र सिकाइ उपलब्धि सन्तोषजनक छैन। उपमहानगरपालिकाले शिक्षा समावेशी बनाउने प्रयोजनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

विद्यालय भर्ना अभियान, घरदैलो कार्यक्रम, छात्रा प्रोत्साहन छात्रवृत्ति लगायतका कार्यक्रमहरूले केही हदसम्म सहभागिता बढाएको छ। यस्तै, कक्षा १ देखि ८ सम्मका बालबालिकाका लागि स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गरिएको छ, जुन समावेशी शिक्षाको राम्रो अभ्यास मानिन्छ। धेरै विद्यालयहरूमा अपाङ्गमैत्री भवन, र्याम्प, शौचालय र पहुँचयुक्त पूर्वाधारको अभाव छ। विद्यालयहरू मा पुस्तकालय, विज्ञान प्रयोगशाला र सिकाइ सहायक सामग्रीहरू उपलब्ध गराइएता पनि पूर्ण छैनन् जसले सिकाइमा असमानता बढाउँछ। विशेष शिक्षाको पहुँच सबै अपाङ्गता भएका बालबालिकाका लागि समानरूपमा उपलब्ध छैन। बौद्धिक अपाङ्गताका लागि एक विद्यालय भए तापनि दृष्टिविहीन, श्रवण वा अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाको पहुँचमा उपयुक्त संरचना र विशेष विद्यालय र स्रोत कक्षा सञ्चालनमा छैन।
विद्यालयमा गुनासो सुनुवाई सम्बन्धी व्यवस्थाको सुरूवात भएको छ। दलित तथा विपन्न समुदायका बालबालिकाहरू बीचमै विद्यालय छाड्ने दर बढी देखिएको छ।सबै बालबालिकाहरू विद्यालय भर्ना हुने दर बढे पनि टिकाउ दर भने अपेक्षाकृत हुन सकेको छैन। सामाजिक रूपमा पछि परेको वर्ग,यौनिक तथा अल्पसंख्यक समुदाय र अपाङ्गता भएका व्यक्ति लगायतकालाई मूलप्रवाहीकरणमा ल्याउन अझै पनि कठिन रहेको छ।

यस उपमहानगरपालिकामा प्रारम्भिक बालविकासमा बालिकाका सङ्ख्या ४८०९ र १ देखि १२ विद्यार्थी कुल भर्नामा छात्राको सङ्ख्या २६८७२, दलितको विद्यार्थी सङ्ख्या ६९५५ रहेको छ भने जनजातिको सङ्ख्या ८६०९ रहेको छ। जसमा अपाङ्गता भएका १३३ जना बालबालिका भर्ना भएका छन्। समुदायमा अपाङ्गता भएका बालबालिकाहरू अझै धेरै छन् तर त्यस्ता बालबालिकाहरूको अभिलेखीकरण हुनसकेको छैन।

**समस्या तथा चुनौति हरू**

- अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन बिश्लेषण र अभिलेखीकरण हुन नसक्नु।
- दलित तथा विपन्न समुदायका बालबालिकाहरू बीचमै विद्यालय छाड्ने दर बढी हुनु।
- सिकाइ को विश्वव्यापी ढाँचाको सिद्धान्तमा आधारीत शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुन नसक्नु।

- समावेशी शिक्षण सिकाइका लागि आवश्यक सक्षमता विकास तथा प्रयोग गर्ननसक्नु ।

### ४.३.३ उद्देश्य

१ लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु ।

२ UDL (Universal Design for Learning) को अवधारणा बमोजिम लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु।

३ विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

### ४.३.४ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. **सबै तहको विद्यालय शिक्षामा समतामुलक समावेशी पहुँच सुनिश्चित गर्ने ।** | १. अपाङ्गता भएका बालबालिकाको वास्तविक तथ्याङ्क सङ्कलन गरी कार्यक्रम विकास तथा कार्यान्वयनमा गरिनेछ ।<br>२. घरदैलो भर्ना अभियानमार्फत वञ्चित बालबालिकाको पहिचान र विद्यालय भर्ना प्रवर्द्धन गरिनेछ ।<br>३. विद्यालय सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारहरू तयार गरी अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बनाइनेछ ।<br>४. अपाङ्गता भएका बालबालिकालाई अत्यावश्यक सहायक उपकरण( ह्वील चेयर, सेते छडी, बैशाखी आदि) सहयोग गरी शिक्षण सिकाइ प्रक्रियामा सक्रिय बनाइने छ ।<br>५. विभिन्न प्रकारकमा डिजिटल सिकाइमा आधारीत सिकाइ सामग्री विकास गरी प्रयोगमा ल्याइनेछ ।<br>६. स्रोत कक्षा सञ्चालन गरी सुरक्षित सिकाइ वातावरण सिर्जना गरिनेछ ।<br>७. प्रत्येक विद्यालय हरूमा गुनासो सुन्ने अधिकारी र जेन्डर फोकल पर्सनको व्यवस्था गरिने छ ।<br>८. किशोरी लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिने छ<br>९. कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गरिने छ । |
| **२.समावेशी शिक्षाका लागि आवश्यक सक्षमता विकास गर्ने** | १ समावेशी शिक्षामा अभिभावक र शिक्षकको क्षमता विकास गरिने छ । |

| | |
|---|---|
| | २ पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण ,इतिहास तथा नागरीक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गरिने छ।<br>३ बाल क्लव तथा जुनियर रेडक्रस सर्कलमा आधारीत कार्यक्रम सञ्चालन गरिने छ। |
| **३. समावेशी तथा समतामूलक शिक्षाका लागि नीतिगत व्यवस्थाको कार्यान्वयनगर्ने** | १ समावेशी शिक्षाको नीति तय गरी कार्यान्वयनमा ल्याइनेछ।<br>२ अपाङ्गता, भाषा र विविधतासँग काम गर्न सक्ने विशेषज्ञ शिक्षकको तयारी गरिने छ।<br>३ वास्तविक उपस्थिति, सिकाइ उपलब्धि, विद्यालयबाट बाहिरिने दर जस्ता सूचकहरूको नियमित समीक्षा गरिने छ<br>४ कार्यविधि तयार गरी आवश्यकताका आधारमा विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गरिने छ।<br>५ विद्यालयमा अपाङ्गता भएका बालबालिकाको कार्यगत सीमितता पहिचान (Early screening of functional limitations) गर्ने पद्दति विकास गरी कार्यान्वयनमा ल्याइनेछ। |

### ४.३.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

**उपलब्धि**

- लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुने छ।

**नतीजा**

- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैकालागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने।
- अपाङ्गता, विपन्न, अभिभावक विहीन, बेसहारा बालबालिकाहरू आदिको अभिलेख अद्यावधिक हुने।
- लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ति एव प्रोत्साहन प्राप्त गरेको हुने।
- विद्यालयहरूमा लैङ्गिक जातीय, सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने|

- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुने ।
- सिकाइ सीमितता भएका बालबालिकाले अतिरिक्त सिकाइ सहयोग कार्यक्रममा सहभागी भई शैक्षिक उपलब्धिमा सुधार भएको हुने ।
- अपाङ्गता भएका बालबालिकाका लागि स्रोत कक्षा संचालनमा आएको हुने ।
- महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले वञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने,
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार हुने,

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| शिक्षामा समता र समावेशीकरण | | इकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालयबाहिर रहेका बालबालिका | प्रतिशत | ५ | ४ | ३ | २ | १ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | प्रतिशत | ०.९५ | ०.९६ | ०.९८ | ०.९९ | १.० |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | प्रतिशत | ०.९१ | ०.९२ | ०.९४ | ०.९६ | ०.९८ |
| ४ | अपाङ्गतामैत्री विद्यालय सङ्ख्या | विद्यालय | १ | १ | १ | १ | १ |
| ५ | विशेष विद्यालय/स्रोत कक्षा सङ्ख्या | विद्यालय | १ | १ | १ | १ | १ |

## ४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरू | एकाइ | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| स्थानीय तहका स्वास्थ्य शाखा/केन्द्र सँग हरू समन्वय गरी शैक्षिक सत्रको शुरूमा ECD देखि आधारभूत तहसम्मका विद्यार्थी हरू को अपाङ्गतासम्बन्धी स्वास्थ्य जांच र परीक्षण गरी निदान कार्यक्रम | विद्यार्थी सङ्ख्या | २५४९३ | २३१४५ | २२८८६ | २२६७२ | २२७९४ | ११६९९० |
| बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि बिशेष शिक्षा प्रदान गर्न बिशेष विद्यालय निर्माणका लागि बजेट अनुदान | पटक | ० | ० | १ | ० | ० | १ |
| श्रवणबहिरा/, बोलाई कठिनाई भएका र बौद्धिक अपाङ्गता भएका बालबालिकाकालाई बिशेष शिक्षा प्रदान गर्नका लागि साथै आवास सुबिधा सहित भएका विद्यालय हरू लाई बजेट अनुदान | पटक | १ | १ | २ | २ | २ | ८ |
| बिशेष शिक्षा अन्तगतका स्रोत कक्षाहरू सन्चालन र | पटक | १ | १ | २ | २ | २ | ८ |

| प्रस्तावित कार्यक्रमहरू | एकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| व्यवस्थापन बापतको बजेट अनुदान | | | | | | | |
| शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम परम्परागत) विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत ( | पटक | १ | १ | १ | १ | १ | ५ |
| श्रवणबहिरा र बौद्धिक / अपाङ्गता भएका बालबालिकाका लागि साथै अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षणसिकाइ सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरू वितरण का लागि बजेट अनुदान | विद्यार्थी | १३५ | १४० | २१० | २४० | २४० | ९६५ |
| बिशेष शिक्षा र अन्तरगतका छात्रबास सुबिधा, छात्रवृत्ति र तथ्याँक प्रमाणिकरण | पटक | १ | १ | २ | २ | २ | ८ |
| शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घ | पटक | ० | १ | १ | १ | १ | ४ |

| प्रस्तावित कार्यक्रमहरू | एकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४ २५/ | २०२५ २६/ | २०२६ २७/ | २०२७ २८/ | २०२८ २९/ | |
| | | ८१ ८२/ | ८२ ८३/ | ८३ ८४/ | ८४ ८५/ | ८५ ८६/ | |
| संस्थाबिच जवाफदेही सहितको कार्यगत समन्वय | | | | | | | |
| प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लक्षित समावेशी शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ |
| बाल क्लव तथा जुनियर रेडक्रस सर्कलमा आधारीत कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | २ | २ | ६ |
| स्रोत कक्षाशैक्षिक तथा प्रशासकिन व्यवस्थापन | पटक | १ | १ | २ | २ | २ | ८ |
| समावेशी शिक्षा संजाल गठन कार्यविधि , निर्माण तथा कार्यन्वयन | पटक | ० | १ | १ | १ | १ | ४ |
| गुनासो सुनवाई कार्यविधि निर्माण तथा कार्यान्वयन | पटक | ० | १ | १ | १ | १ | ४ |

## ४.३.७ प्रमुख क्रियाकलाप र बजेट

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान (हजारमा ) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | पांच वर्ष को जम्मा |
| स्थानीय तहका स्वास्थ्य शाखा/केन्द्रहरू सँग समन्वय गरी शैक्षिक सत्रको शुरूमाECD देखि आधारभूत तहसम्मका विद्यार्थी हरू को अपाङ्गतासम्बन्धी स्वास्थ्य जांच र परीक्षण गरी निदान कार्यक्रम | ७६५ | ६९४ | ६८७ | ६८० | ६८४ | ३५१० |
| बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि बिशेष शिक्षा प्रदान गर्न बिशेष विद्यालय निर्माणका लागि बजेट अनुदान | - | - | २०००० | - | - | २०००० |
| श्रवणबहिरा/, बोलाई कठिनाई भएका र बौद्धिक अपाङ्गता भएका बालबालिकाकालाई बिशेष शिक्षा प्रदान गर्नका लागि साथै आवास सुबिधा सहित भएका विद्यालय हरू लाई बजेट अनुदान | ३०० | ३०० | ६०० | ६०० | ६०० | २४०० |
| बिशेष शिक्षा अन्तगतका स्रोत कक्षाहरू सन्चालन र व्यवस्थापन बापतको बजेट अनुदान | ३०० | ३०० | ६०० | ६०० | ६०० | २४०० |
| शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम परम्परागत) विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत ( | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| श्रवणबहिरा र बौद्धिक अपाङ्गता भएका / बालबालिकाका लागि साथैअन्य प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाइ सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरू वितरण का लागि बजेट अनुदान | १३५० | १४०० | २१०० | २४०० | २४०० | ९६५० |
| बिशेष शिक्षा र अन्तरगतका छात्रबास सुबिधा, छात्रवृत्ति र तथ्याँक प्रमाणिकरण | ५० | ५० | १०० | १०० | १०० | ४०० |

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान (हजारमा ) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०२४ २५/ | २०२५ २६/ | २०२६ २७/ | २०२७ २८/ | २०२८ २९/ | |
| | ८१ ८२/ | ८२ ८३/ | ८३ ८४/ | ८४ ८५/ | ८५ ८६/ | पांच वर्ष को जम्मा |
| तपाइको पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरू : | | | | | - | ० |
| शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घ संस्था बिच जवाफदेही सहितको कार्यगत समन्वय | - | ५०० | ५०० | ५०० | ५०० | २००० |
| प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लक्षित समावेशी शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | - | १०० | १०० | १०० | १०० | ४०० |
| बाल क्लव तथा जुनियर रेडक्रस सर्कलमा आधारीत कार्यक्रम सञ्चालन | - | २० | २० | ४० | ४० | १२० |
| स्रोत कक्षा शैक्षिक तथा प्रशासकीय व्यवस्थापन | ५०० | ५०० | १००० | १००० | १००० | ४००० |
| समावेशी शिक्षा संजाल गठन कार्यविधि , निर्माण तथा कार्यन्वयन | | ५० | ५० | ५० | ५० | २०० |
| गुनासो सुनवाई कार्यविधि निर्माण तथा कार्यान्वयन | | १०० | १०० | १०० | १०० | ४०० |
| समाहित शिक्षा कार्यक्रमको जम्मा बजेट (लाखमा) | ४३ | ४९ | २६७ | ७० | ७० | ४९९ |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

नेपालमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम शिक्षा, बालस्वास्थ्य र सामाजिक समावेशीता सँग प्रत्यक्षरूपमा सम्बन्धीत बहुआयामिक पहल हो । यो कार्यक्रम मुख्यतः विद्यालय तहमा विद्यार्थीको पोषण स्तर सुधार, कुपोषण न्यूनीकरण, विद्यालयमा उपस्थिति वृद्धि तथा सिकाइ उपलब्धिमा सुधार गर्ने उद्देश्यले सञ्चालन गरिएको छ । यस कार्यक्रमले बालबालिकाको समग्र शारीरिक र मानसिक विकासमा सहयोग पुर्‍याउँदै आएको छ । नेपाल सरकारको शिक्षा मन्त्रालय तथा स्वास्थ्य मन्त्रालयको सहकार्यमा सञ्चालित दिवा खाजा कार्यक्रम विद्यालयमा अध्ययनरत बालबालिकालाई पौष्टिक खाजा प्रदान गर्ने उद्देश्यले सुरू

गरिएको हो। यो कार्यक्रम सङ्घीय सरकारको सहयोगमा स्थानीय तहमार्फत कार्यान्वयनमा ल्याइएको छ। बालबालिकाको स्वास्थ्य, पोषण र शिक्षा त्रैविधिक समन्वयमा अघि बढाउने प्रयास गरिएको हो।

दिवा खाजा कार्यक्रम प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मका सामुदायिक विद्यालयमा अध्ययनरत सबै विद्यार्थीहरूलाई लक्षित गरिएको छ। विशेष गरी गरीब, विपन्न, दलित, जनजाति तथा अपाङ्गता भएका बालबालिकाहरूका लागि यो कार्यक्रम थप उपयोगी देखिएको छ।

विद्यालयमा पहुँच बढाउन होस अथवा विद्यालयको शैक्षिक गुणस्तर माथि उठाउन विद्यालय स्वास्थ्य र पोषणको एकदमै महत्त्वपूर्ण भूमिका हुन्छ र यो बालबालिकाको विकास र सिकाइसँग प्रत्यक्ष जोडिएको हुन्छ। विद्यालयमा स्वास्थ्य र पोषणको अवस्था राम्रो भएमा बालबालिका लाई सिकाइ सहभागिता बढाउन र उपलब्धि सुधार गर्न सहयोग गर्दछ। विद्यालयमा आधारीत स्वास्थ्य र पोषण सम्बन्धी कार्यक्रमहरूले विद्यार्थी भर्ना तथा टिकाउदर बढाउन र अनुपस्थित हुने तथा बिचैमा विद्यालय छोड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ। यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अझै पनि नियमित निगरानी, स्थानीय स्तरमा स्रोत परिचालन, पौष्टिक खाना आपूर्ति तथा समुदायको सक्रिय सहभागिता आवश्यक छ। कतिपय विद्यालयमा भान्साघर, भान्से, तथा सरसफाइको उपयुक्त व्यवस्था नहुँदा समस्या आइरहेको छ। यी चुनौति समाधान गर्दै यो कार्यक्रमलाई अझ सुदृढ र दिगो बनाउनु पर्ने खाँचो छ।

### ४.४.२ वर्तमान अवस्था

बुटवल उपहानगरपालिकामा वार्षिक रुपमा स्वास्थ्य परीक्षण, अर्धवार्षिक रुपमा जुकाको औषधि वितरण, आइरन चक्की तथा फोलिक एसिड वितरण, दादुरा रुबेलाखोप, विटामिन ए, पोलियो खोप, प्राथमिक उपचार बाकसको उपलब्धताको पक्षमा कार्य गरिएको छ। प्राथमिक उपचार बाकसमा सामान्य खालका औषधि तथा उपकरणको व्यवस्था गरिएको छ। महिनावारी स्वच्छता अन्तर्गत छात्राहरूलाई सेनेटरी प्याड उपलब्ध गराइएको छ तर प्रयोग भएका सेनेटरी प्याडको उचित व्यावस्थापन नहुदा चुनौति को रुपमा रहेको छ। सरसफाई तथा स्वच्छताको मापदण्ड सबै विद्यालमा पूर्ण रूपमा लागु भएको देखिएको छैन। सामुदायिक विद्यालयको प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीका लागि सङ्घीय सरकारको सशर्त अनुदानबाट दिवाखाजाका लागि बजेट प्राप्त हुँदै आएको छ। उक्त बजेटमा बुटवल उपमहानगरपालिकाको तर्फ बाट थप रु १० गरी पोषक तत्वपुग्ने गरी दिवाखाजाको व्यवस्था गरिएको छ।

त्यसैगरी विद्यालय शिक्षा प्रणालीमा स्वास्थ्य सेवा र जनचेतनालाई एकीकृत गर्ने उद्देश्यले सञ्चालित विद्यालय नर्स कार्यक्रम तिन माध्यमिक विद्यालयले आफ्नै श्रोतबाट व्यवस्था गरेका छन्। यो एक महत्त्वपूर्ण पहल हो। यो कार्यक्रमले विद्यालयमा अध्ययनरत बालबालिकाहरूको शारीरिक, मानसिक तथा पोषण सम्बन्धी स्वास्थ्यका पक्षमा नियमित रेखदेख, परामर्श र प्राथमिक सेवा पुऱ्याउने व्यवस्था मिलाएको छ। कार्यविधि बनाइ अगामी दिनमा उपमहानगरपालिकाले भित्रका सवै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा यो कार्यक्रम लागु गर्नु पर्ने देखिन्छ।

**समस्या तथा चुनौतिहरू**

- दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका लागि मितब्ययी, प्रभावकारी, दिगो र पर्याप्त व्यवस्थापन नहुनु ।
- खाजाको गुणस्तर, मात्रा र नियमितताको प्रभावकारी अनुगमन प्रणालीको विकास नहुनु ।
- शिक्षक, अभिभावक र विद्यार्थीहरूमा पोषणको महत्वबारे पर्याप्त चेतना नहुनु ।
- प्रजनन स्वास्थ्य र मानसिक स्वास्थ्यका विषयमा खुला छलफल र परामर्शको कमी हुनु ।
- सबै विद्यालयमा विद्यालय नर्सको (स्वास्थ्य कर्मी )व्यवस्था गर्न नसकिनु ।
- विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न नसक्नु ।
- विद्यालय खाजा विद्यालय स्वास्थ्य पोषण तथा सफाई तथा स्वच्छता सम्बन्धी नीतिगत तथा कार्यक्रमगत बहुक्षेत्रीय समन्वयलाई प्रभावकारी बनाउन नसकिनु ।

**४.४.3 उद्देश्य**

१. विद्यालय जाने बालबालिकालाई नियमित रूपमा स्वास्थ र पोषणको अवस्थामा सुधार गरी निरन्तर सिकाइका लागि अभिप्रेरित गर्नु ।
२. विद्यालयमा उपस्थितिको दर वृद्धि गर्नु र विद्यालय छोड्ने दर घटाउनु ।
३. स्थानीय स्रोत र उत्पादनको प्रयोग गर्दै सामुदायिक सहभागिता प्रवर्द्धन गर्नु ।

**४.४.4 रणनीति तथा कार्यनीति**

| क्रस | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | दिवा खाजाको नियमित र गुणस्तरीयता सुनिश्चित गर्ने। | १. स्थानीय उत्पादन फलफूल), अन्न, तरकारीप्रयोग गरी पोषणयुक्त र ताजा खाजा ( कार्यान्वयनगरिने छ ।<br>२. पोषणसम्बन्धी मापदण्डको आधारमा मेनु निर्माण र समय समयमा परिमार्जन गरिने छ ।<br>३. विद्यालयमा भान्छा कक्ष र सरसफाइयुक्त खाने स्थानको व्यवस्था गरिने छ ।<br>४. विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयन गरिने छ।<br>५. दिवाखाजाका लागि चाहिने खाध्य सामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी किसान समूहलाई तालिमको व्यवस्था ,गरिने छ।<br>६. पत्रू खाजाका हानिकारक प्रभावका विषयमा अभिमुखीकरण गरिने छ। |

| क्रस | रणनीति | कार्यनीति |
|---|---|---|
| २ | पोषण तथा सरसफाई व्यस्थापन लाई अझै प्रभावकारी बनाउने | १. दिवा खाजा, पोषण र सरसफाइ कार्यक्रमका लागि स्थायी बजेट व्यवस्था गर्ने तथा वार्षिक योजनामा समावेश गरिने छ।<br>२. विद्यालयमा विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धी समिति गठन र तालिम प्राप्त फोकल शिक्षकको व्यवस्था गर्ने<br>३. गैर सरकारी संस्था स्वास्थ्य संस्था र अभिभावक समूहसँग साझेदारीमा पोषण र सरसफाइ कार्यक्रमका सञ्चालन गरिने छ।<br>४. विद्यालय नर्स, वा स्वास्थ्य सहयोगी स्थायी रूपमा राख्ने नीतिबनाइने छ।<br>५. शिक्षक, विद्यालय व्यवस्थापन समिति, र कक्षा ५ माथिका विद्यार्थीलाई स्वास्थ्य, पोषण र सरसफाइ सम्बन्धी तालिम दिइने छ।<br>६. विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त सरसफाई सामग्रीको व्यवस्था गरिने छ।<br>७. छात्राका लागि चेन्जिंग रूमको व्यवस्था गरिने छ।<br>८. विद्यालय मा व्यवस्थापन गर्न मिल्ने फोहोर लाई विद्यालयमा नै व्यवस्थापन गरिने छ।<br>९. विद्यालय मा प्राथमिक उपचार किट प्रदान तथा प्रतिस्थापन गरिने छ।<br>१०. विद्यालयमा नियमित स्वास्थ्य जाँच र पोषण परीक्षण कार्यक्रम सञ्चालन गरिने छ।<br>११. दिवाखाजा व्यवस्थापनमा सहयोग गर्ने शिक्षक हरू लाई प्रोत्साहनको व्यवस्था गर्ने।<br>१२. बालबालिकाहरूको जुकाको औषधि तथा सूक्ष्म पोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण गरिने छ।<br>१३. छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाईनेछ। |
| ३ | पोषण तथा स्वास्थ्यमा सुधारका लागि विद्यार्थी सहभागितामा वृद्धी गर्ने। | १. विद्यार्थी स्वास्थ्य क्लबहरू गठनगरी उनीहरूलाई कार्यक्रमको सक्रिय बनाइनेछ।<br>२. स्वच्छता अभियान, पोषण सप्ताह, जस्ता सृजनात्मक गतिविधिबाट विद्यार्थीको रुचि बढाइनेछ।<br>३. किशोरी तथा किशोरहरूलाई लक्षित गरी पोषण, महिनावारी व्यवस्थापन, व्यक्तिगत सरसफाइका विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरि परिचालन गरिने छ\|<br>४. WASH in School" कार्यक्रम अन्तर्गत विद्यार्थी क्लब मार्फत सरसफाइ सचेतना र व्यवहार परिवर्तन कार्यक्रम सञ्चालन गरिने छ\| |
| ४ | पोषण तथा स्वास्थ्यमा सुधार गर्नका लागि स्थानीय स्वास्थ्य इकाइ | १.विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्नका लागि स्थानीय स्वास्थ्य इकाइ तथा सङ्घ संस्थाको सहकार्यमा बालबलिकाहरूको स्वाथ्य परीक्षण गरिने छ। |

| क्रस | रणनीति | कार्यनीति |
|---|---|---|
| | तथा सङ्घ संस्था सँग सहकार्य गर्ने । | २.विद्यालयमा जङकफुड, मध्यपान, धुम्रपान पूर्णरुपमा निषेध गरिनु का साथै विद्यालय क्षेत्रको कम्तिमा १०० मिटर वरपर बेचबिखन गर्न रोक लगाइनेछ । |

### ४.४.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुनेछ ।

२. मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

**ख) नतिजा**

- प्रारम्भिक बालविकासदेखि आधारभूत तह कक्षा ५ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारीत दिवा खाजाको व्यवस्थापन भएको हुने ।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्जरुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षा कोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध व्यवस्था हुने ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, भिटामिन ए र आइरन फोलिक, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व वितरण र किशोरीहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको नियमित वितरण हुने ।
- विद्यालयमा जङकफुड, मद्यपान, धुम्रपान पूर्ण रुपमा निषेध गरिनु का साथै विद्यालय क्षेत्रको कम्तिमा १०० मिटर वरपर बेचबिखन गर्न रोक लगाएको हुने ।
- विद्यार्थी स्वास्थ्य क्लबहरू **गठन** गरी उनीहरूलाई कार्यक्रमको सक्रिय बनाईएको हुने ।
- विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयन हुने ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | सबै प्रकारका विद्यालयको प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त | बालबालिका* (%) | ९९% | ९९% | ९९% | ९९% | ९९% |

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | गरेका बालबालिका* (%) | | | | | | |
| २ | सवै प्रकारका विद्यालयको कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | बालबालिका* (%) | ९९% | ९९% | ९९% | ९९% | ९९% |
| ३ | सामुदायिक विद्यालयमा अध्ययनरत दिवा खाजा प्राप्त गर्ने कक्षा १ देखि ५ | बालबलिका सङ्ख्या | २३२९० | २३४९० | २३६९० | २३८९० | २४०० |
| ४ | वार्षिक रूपमा.वि.द्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | विद्यालयको सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ५ | विद्यालयमा खानेपानी, शौचालयको पहुँच पुगेका विद्यालय सङ्ख्या | विद्यालयको सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ६ | विद्यार्थी स्वास्थ्य क्लबहरू गठन | विद्यालयको सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ |

### ४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| **प्रस्तावित कार्यक्रमहरू** | एकाइ | **वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target)** | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडा तथा आवश्यक सामग्रीको प्रबन्ध गर्ने | विद्यालय | - | - | ३९ | - | - | ३९ |
| दिवा खाजाको तयारी तथा गुणस्तरीयता कायम, खाजाको मेनु तयारको | विद्यालय | - | ३९ | - | - | - | ३९ |

| प्रस्तावित कार्यक्रमहरू | एकाइ | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| लागि भान्सेलाई २ दिने तालिम | | | | | | | |
| विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय, शुद्ध खानेपानीको व्यवस्था गर्ने | विद्यालय | २ | २ | ३ | ० | २ | ९ |
| पत्रू खाजाका हानिकारक प्रभावका विषयमा अभिमुखीकरण | विद्यालय | ९८ | ९८ | ९८ | ९८ | ९८ | ९८ |
| कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था गर्ने | विद्यार्थी | ९५८५ | ९६८१ | ९७७८ | ९८७५ | ९९७४ | ४८८९३ |
| आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदानगर्ने (, स्वास्थ्य शाखा मार्फत | पटक | - | १ | १ | १ | १ | ४ |
| विद्यालयलाई प्राथमिक उपचारको किट तथा बाकस प्रदान गर्ने | विद्यालय | - | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| विद्यालयमा विद्यालय स्वास्थ्य तथा पोषण | विद्यालय | ० | ३९ | ३९ | ३९ | ३९ | ३९ |

| प्रस्तावित कार्यक्रमहरू | एकाइ | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४ २५/ | २०२५ २६/ | २०२६ २७/ | २०२७ २८/ | २०२८ २९/ | |
| | | ८१ ८२/ | ८२ ८३/ | ८३ ८४/ | ८४ ८५/ | ८५ ८६/ | |
| सम्बन्धी समिति गठन र फोकल शिक्षकलाई तालिमको व्यवस्था गर्ने | | | | | | | |
| बाल क्लब गठन तथा पुनरगठन र परिचालनका गर्ने | विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |

### ४.५.७ प्रमुख क्रियाकलाप र बजेट

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान (हजारमा ) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४ २५/ | २०२५ २६/ | २०२६ २७/ | २०२७ २८/ | २०२८ २९/ | |
| | ८१ ८२/ | ८२ ८३/ | ८३ ८४/ | ८४ ८५/ | ८५ ८६/ | |
| दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडा तथा आवश्यक सामग्रीको प्रबन्ध गर्ने | - | - | १०५० | - | - | १९५० |
| दिवा खाजाको तयारि तथा गुणस्तरीयता कायम, खाजाको मेनु तयारको लागि भान्सेलाई २ दिने तालिम | - | ५८५ | - | - | - | ० |
| विद्यालयमा.वि.द्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय, शुद्ध खानेपानीको व्यवस्था गर्ने | १४०० | १४०० | २१०० | - | १४०० | ३५०० |
| पत्रू खाजाका हानिकारक प्रभावका विषयमा अभिमुखीकरण | ४९० | ४९० | ४९० | ४९० | ४९० | १४७० |
| कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी | ११५०२ | ११६१७ | ११७३३ | ११८५१ | ११९६९ | ३५५५३ |

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान (हजारमा ) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था गर्ने | | | | | | |
| आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदानगर्ने (, स्वास्थ्य शाखा मार्फत | - | २०० | २०० | २०० | २०० | ६०० |
| विद्यालयलाई प्राथमिक उपचारको किट तथा बाकस प्रदान गर्ने | - | ९७५ | ९७५ | ९७५ | ९७५ | २९२५ |
| विद्यालयमा विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धी समिति गठन र फोकल शिक्षकलाई तालिमको व्यवस्था गर्ने | - | ३९० | ३९० | ३९० | ३९० | ११७० |
| बाल क्लब गठन तथा पुनरगठन र परिचालनका गर्ने | १९५ | १९५ | १९५ | १९५ | १९५ | ५८५ |
| **विद्यालय मा स्वास्थ्य पोषण कार्यक्रमको जम्मा बजेट (लाखमा)** | १३६ | १५९ | १८० | १४१ | १५६ | ४७८ |

### ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

विद्यालय बालबालिकाको दोस्रो घर हो, जहाँ उनीहरूले केवल शिक्षा मात्र होइन, सुरक्षित र सकारात्मक वातावरणमा रहन र बाँच्न सिक्छन् । विद्यालयको सुरक्षा भन्नाले भौतिक संरचना सुरक्षित हुनुका साथै बालबालिका हिंसा, दुव्र्यवहार र जोखिमबाट जोगिनु, तथा आपतकालीन अवस्थामा तत्काल उद्धार र सहयोग सुनिश्चित गर्नु हो। सुरक्षित विद्यालयले बालबालिकाको मानसिक, शारीरिक र भावनात्मक विकासमा सकारात्मक प्रभाव पार्दछ । विद्यालय सुरक्षा सुनिश्चित गर्न सरकार, शैक्षिक संस्था र स्थानीय समुदायबीच समन्वय र सहकार्य आवश्यक छ । नेपालमा लामो समयको द्वन्द्व, २०७२ को विनाशकारी भूकम्प, विभिन्न प्राकृतिक प्रकोपहरू तथा कोभिड–१९ महामारी जस्ता घटनाहरूले बालबालिकाको शिक्षामा अवरोध उत्पन्न गरेका छन् । यस्ता

चुनौतिबाट सिक्दै, पाठ सिकाइ विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८)मार्फत आगामी १० वर्षका लागि नीति, कार्यक्रम तथा कार्यान्वयनको ढाँचा तय गरिएको छ।

**राष्ट्रिय शिक्षा नीति, २०७६**ले विद्यालयमा सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्न भौतिक तथा मानवीय व्यवस्थापनसहित कार्यान्वयन मापदण्ड तयार गर्ने व्यवस्था गरेको छ। साथै, सरोकारवालालाई विपद् व्यवस्थापनसम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्रदान गरी, विपद् पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्निर्माणसम्बन्धी कार्यक्रमहरू विद्यालयको वार्षिक कार्यतालिकामा समावेश गर्न भनिएको छ।

### ४.५.१ वर्तमान अवस्था

बुटवल उपमहानगरपालिकाको विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता सम्बन्धी वर्तमान अवस्था समग्र रूपमा सक्रिय र सुधारमुखी रहेको छ। विद्यालयहरूमा बालमैत्री, सुरक्षित र भूकम्प प्रतिरोधी संरचना निर्माणमा प्राथमिकता दिइएको छ, जसअन्तर्गत भारत सरकारको सहयोगमा नयाँ भवनहरू निर्माण भइरहेका छन्। शिक्षामा पहुँच विस्तारका लागि "**नगर प्रमुख शैक्षिक सुधार कोष**" मार्फत असहाय तथा विपन्न बालबालिकालाई छात्रवृत्ति, पोशाक र पाठ्यपुस्तक प्रदान गरिँदै आएको छ। विपद् व्यवस्थापनका लागि स्थानीय तहमा.वि.शेष योजना तयार पारिएको छ, जसमा जनचेतना अभिवृद्धि, जोखिम न्यूनीकरण र आपतकालीन तयारी समावेश छन्।समग्रमा, बुटवल उपमहानगरपालिकाले विद्यालय सुरक्षा तथा विपद् न्यूनीकरणमा उल्लेखनीय पहलहरू गरे पनि अझ बढी प्रभावकारिता र समावेशीताको सुनिश्चितता जरुरी देखिन्छ।

भूकम्प प्रतिरोधक संरचना निर्माण भए पनि अन्य सेफ्टी उपकरणहरूको उपलब्धता, र अन्य आपतकालीन सुरक्षा उपायहरूको व्यवस्था गर्न सकिएको छैन। विद्यालयमा विपद सुरक्षाका सम्बन्धमा प्रशिक्षित शिक्षकहरूको उपस्थिति र विद्यार्थीहरूको लागि नियमित सुरक्षा तालिमहरू सञ्चालन गर्न सकिएको छैन।

विद्यालयको उत्थानशीलताका लागि शैक्षिक सुधार, समुदायको संलग्नता र संरचनात्मक सुधारहरूको प्रयास भएको छैन।

**समस्या र चुनौति**

- विद्यालयहरूमा भूकम्प प्रतिरोधी संरचना निर्माण नभएकाले भौतिक जोखिम कायमै रहनु।
- विपद् आउँदा पर्याप्त ज्ञान, अभ्यास र पूर्वतयारी अभाव रहनु।
- कार्यान्वयनमा आवश्यक जनशक्ति, तालिम , प्राविधिक, र स्रोत साधनको सहयोगमा कमी हुनु।
- भौतिक संरचना समानरूपमा सुरक्षित र बालमैत्री नहुनु।
- जलवायु उत्थानशीलता सम्बन्धी चेतनाको कमी हुनु।

**अवसर**

- स्थानीय सरकारले विपत् व्यवस्थापनका लागि चासो दिनु,
- विपत् व्यवस्थापन सम्बन्धी कानुनी तथा संरचनागत प्रबन्ध गरिनु ,
- स्थानीय सरकारलाई विपत् व्यवस्थापन सम्बन्धी कार्यक्रम विकास गरी कार्यान्वयन गर्ने अधिकार हुनु।
- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार गरी पूर्व तयारीका कार्यक्रमहरू कार्यन्वयन गरिनु ।

### ४.५.२ उद्देश्य

१. विपत व्यवस्थान प्रतिकार्यको सम्यन्त्र र कार्यढाँचा विकास गर्नु।
२. आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी वालवालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु।

### ४.५.३ रणनीति तथा कार्यनीति

| क्र स | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | नीतिगत तथा संस्थागत तयारी गर्ने | १. विद्यालय सुरक्षा सम्बन्धी नीति, निर्देशिका तथा कार्ययोजना निर्माण र कार्यान्वयन गरिने छ।<br>२. विपद् व्यवस्थापन समन्वय समिति गठन विद्यालय तहमा गरिने छ।<br>३. जोखिमको विश्लेषणको आधारमा पूर्वतयारी योजना वार्षिक रुपमा अद्यावधिक गरिने ।<br>४. विद्यालय सुरक्षाका लागि विपत कोष स्थापन गरिने छ\| |
| २ | भौतिक संरचनाको सुरक्षा सुनिश्चित गर्ने | १. विद्यालय भवनको भौगोलिक अवस्था मूल्याङ्कन गरिने छ।<br>२. नयाँ संरचना निर्माण गर्दा विपद् प्रतिरोधी डिजाइन अपनाइने छ। |
| ३ | पूर्वतयारी र आपतकालीन योजनातयार गरिने । | १. विद्यालय स्तरको आपतकालीन कार्ययोजना )School Emergency Plan) तयार गरिनेछ<br>२. विपत व्यवस्थापन तथा क्षति न्यूनीकरण लागि शिक्षक तथा विद्यार्थीहरूलाई विपत प्रतिकार्य अभ्यास गराइनेछ । |

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- विपत वस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ।
- सम्भावित विपत्को व्यवस्थापनकालागि आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ।
- आपतकालिन अवस्थामा वैकल्पिक सिकाइ सुनिश्चित भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय सुरक्षा सम्बन्धी नीति, | विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निर्देशिका तथा कार्ययोजना कार्यान्वयन गर्ने | | | | | | |
| २ | जोखिमको बिष्लेषणको आधारमा योजनाअद्यावधिक गर्ने। | विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ३ | जीर्ण तथा जोखिमयुक्त भवनहरूको मर्मत/पुनर्निर्माण | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ |
| ४ | विद्यालयमा आपतकालिन कोषको स्थापना | पटक | १ | १ | १ | १ | १ |

### ४.५.५ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरू | एकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| विद्यालय सुरक्षाका लागि विपत कोष स्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| विद्यार्थीहरूलाई विपत प्रतिकार्य अभ्यास | पटक | - | १ | १ | १ | १ | ३ |
| विद्यालय सुरक्षा सम्बन्धी नीति, निर्देशिका तथा कार्ययोजना निर्माण | पटक | - | १ | - | - | - | १ |
| विद्यालय स्तरको आपतकालीन कार्ययोजना )School Emergency Plan) तयार गर्ने। | पटक | - | - | १ | - | - | १ |

### ४.५.६ प्रमुख क्रियाकलाप र बजेट

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान  हजारमा)) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| विद्यालय सुरक्षाका लागि विपत कोष स्थापन | ३००० | ३७५० | ३७५० | ३७५० | ३७५० | १८००० |
| विद्यार्थीहरूलाई  विपत प्रतिकार्य अभ्यास | - | ५०० | ५०० | ५०० | ५०० | २००० |
| विद्यालय सुरक्षा सम्बन्धी नीति, निर्देशिका तथा कार्ययोजना निर्माण | - | १५० | - | - | - | १५० |
| विद्यालय स्तरको आपतकालीन कार्ययोजना )School Emergency Plan) तयार  गर्ने | - | - | १५० | - | - | १५० |
| **विपद व्यवस्थापन तथा न्यूनीकरण  कार्यक्रमको जम्मा बजेट  (लाखमा)** | ३० | ४४ | ४४ | ४३ | ४३ | २०३ |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

नेपाल सरकारको विद्यालय शिक्षा क्षेत्र विकास योजना (SSDP) तथा राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार विद्यालयको भौतिक पूर्वाधार विकासलाई गुणस्तरीय सिकाइको आधारका रूपमा लिइएको छ। यस अन्तर्गत सबै बालबालिकाका लागि पहुँचयोग्य, सुरक्षित, र समावेशी विद्यालय भवन निर्माणमा जोड दिइएको छ। प्रत्येक विद्यालयमा न्यूनतम ५ कोठे पक्की भवन, बालमैत्री र अपाङ्गमैत्री शौचालय, पिउने पानीको व्यवस्था, पुस्तकालय, प्रयोगशाला, ICT प्रयोग कक्ष, सुरक्षित पर्खाल, र खेलमैदान अनिवार्य पूर्वाधारको रूपमा सुनिश्चित गर्न नीति बनाइएको छ। साथै, हरित विद्यालय अवधारणालाई प्रवर्द्धन गर्दै सौर्य ऊर्जा, वर्षा पानी संकलन, र वातावरणमैत्री संरचना विकासलाई प्राथमिकता दिइएको छ। सङ्घीय , प्रदेश र स्थानीय सरकारबीच सहकार्य गरी स्रोत परिचालन र पूर्वाधार विकास गरिने  व्यवस्था छ भने निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न प्रा.वि.धिक अनुगमनको व्यवस्था गरिएको  छ। यसरी विद्यालय भौतिक पूर्वाधार सुदृढीकरण मार्फत समावेशी, सुरक्षित, र प्रविधिमैत्री शिक्षाको वातावरण निर्माण गर्ने नीति सरकारको प्राथमिकतामा परेको छ।

### ४.६.२ वर्तमान अवस्था

बुटवल उप-महानगरपालिकाको शिक्षा क्षेत्रमा भौतिक पूर्वाधारको अवस्था समग्र रूपमा सुधारोन्मुख देखिन्छ, तर अझै सुधारको खाँचो रहेको छ। अधिकांश विद्यालयमा पक्की भवन छन् भने केही विद्यालयमा भवनको मर्मत आवश्यक देखिन्छ। कक्षा कोठा पर्याप्त नभएकाले विद्यालयले विद्यार्थी आएजति भर्ना गर्न सकेका छैनन्। शौचालयको व्यवस्था अधिकांश विद्यालयमा भए पनि सबैमा अपाङ्गमैत्री पहुँच युक्त शौचालय उपलब्ध छैन। स्वच्छ खानेपानीको पहुँच पनि पूर्ण छैन। ICT पूर्वाधारका हिसाबले कम्प्युटर ल्याब र स्मार्ट कक्षाको अवधारणा केही विद्यालयमा मात्र सीमित छ, र इन्टरनेटको पहुँच पनि छ। खेलमैदान, पुस्तकालय, र विज्ञान प्रयोगशालाको अवस्था पनि सन्तोषजनक  पाइन्छ। यद्यपि, बुटवल उपमहानगरपालिकाले सङ्घीय सरकार, साझेदार संस्था र समुदायको सहकार्यमा.वि.द्यालय भौतिक पूर्वाधार सुधार गर्न विभिन्न पहलहरू गरिरहेको  छ, जसले शिक्षामा पहुँच र गुणस्तर सुधारतर्फ सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको  छ।

**तालिका नं.२४**

**विद्यालय मा भौतिक पूर्वाधारको अवस्था**

| क्र.स. | विद्यालयको नाम | भवन किसिम | | जम्मा कक्षाकोठा | | छापामय वातावरण | पढाइ कुना | कम्तीमा ५० किताव भएको | पुस्तकालय | विज्ञान प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | पक्की | कच्ची | | | | | | |
| १ | कालिका मानवज्ञान मा.वि. | १६ | २ | २१५ | ५ | √ | २० | √ | २ | ८ | |
| २ | कान्ति  मा.वि. | १२ | ० | ९० | X | √ | ११ | √ | १ | ४ | |
| ३ | नविन औद्योगिक कदरवहादुर रीता मा.वि. | ८ | १ | ६३ | २ | √ | ६ | √ | १ | ३ | मर्मतको आवस्यकता |
| ४ | नयांगाउ मा.वि. | ३ | २ | ३८ | ३ | √ | | | १ | १ | मर्मतको आवस्यकता |
| ५ | नवरत्न मा.वि. | ४ | १ | ३५ | ४ | √ | | | १ | ४ | |
| ६ | नहरपुर मा.वि. | ४ | | २७ | | √ | ४ | X | १ | १ | |

| क्र.स. | विद्यालयको नाम | भवन किसिम | | जम्मा कक्षाकोठा | | छापामय वातावरण | पढाइ कुना | कम्तीमा ५० किताव भएको | पुस्तकालय | विज्ञान प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | पक्की | कच्ची | | | | | | |
| ७ | मोतिपुर मा.वि. | ५ | | २५ | | √ | ५ | X | १ | १ | |
| ८ | सिद्धेश्वर लालकुमारी मा.वि. | ५ | | ४० | | √ | | √ | १ | १ | मर्मतको आवस्यकता |
| ९ | उजिरसिंह मा.वि. | ५ | x | २० | X | √ | ४ | √ | १ | १ | मर्मतको आवस्यकता |
| १० | बुटवल मा.वि. | | | | | | | | | | |
| ११ | ज्ञानोदय मा.वि. | ४ | | १९ | | | ३ | √ | १ | १ | |
| १२ | जितेश्वरी मा.वि. | ४ | ३ | १८ | ८ | √ | X | x | १ | १ | |
| १३ | सरस्वती मा.वि. | २ | x | २५ | | √ | X | x | १ | १ | |
| १४ | सन्तोषिमाता गुरुकुल विद्याश्रम | | | | | | | | | | |
| १५ | लक्ष्मी मा.वि. | ३ | १ | १८ | | | | x | १ | १ | |
| १६ | जनता मा.वि. | २ | | १२ | | | ५ | x | १ | १ | |
| १७ | तिलोत्तमा मा.वि. | ४ | x | १३ | X | √ | X | x | १ | १ | |
| १८ | ज्ञानोदय रात्रि मा.वि. | २ | | १० | | | | | १ | १ | |

| क्र.स. | विद्यालयको नाम | भवन किसिम | | जम्मा कक्षाकोठा | | छापामय वातावरण | पढाइ कुना | कम्तीमा ५० किताव भएको | पुस्तकालय | विज्ञान प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | पक्की | कच्ची | | | | | | |
| १९ | साधना महिला मा.वि. | १ | x | १६ | X | √ | १० | x | ० | १ | |
| २० | भवानी मा.वि. | ३ | ० | १३ | X | X | ० | x | १ | १ | |
| २१ | अमर मा.वि. | ५ | २ | १८ | ४ | | ५ | x | १ | १ | |
| २२ | प्रगति मा.वि. | ३ | १ | १२ | ८ | √ | √ | √ | √ | √ | |
| २३ | सरस्वती आधारभूत विद्यालय | २ | २ | ४ | ५ | √ | ९ | √ | १ | ० | |
| २४ | वेलभरिया आधारभूत विद्यालय | २ | | १० | | १ | ४ | x | x | X | |
| २५ | नरैनापुर आधारभूत विद्यालय | २ | २ | ५ | ६ | √ | ० | x | १ | १ | मर्मतको आवस्यकता |
| २६ | जनशक्ति नमुना भीमप्रसाद प्रा.वि. | २ | १ | १२ | | √ | २ | x | x | X | मर्मतको आवस्यकता |
| २७ | सहिद स्मृति आधारभूत विद्यालय | २ | २ | ६ | ४ | √ | X | x | x | | |
| २८ | जनज्योति प्रा.वि. | ३ | | १० | | २ | ३ | x | १ | | |

| क्र.स. | विद्यालयको नाम | भवन किसिम | | जम्मा कक्षाकोठा | | छापामय वातावरण | पढाइ कुना | कम्तीमा ५० किताव भएको | पुस्तकालय | विज्ञान प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | पक्की | कच्ची | | | | | | |
| २९ | मायादेवी जनजागृति आधारभूत विद्यालय | १ | २ | ३ | ५ | √ | X | x | x | X | |
| ३० | सुर्योदय प्रा.वि. | १ | १ | ६ | २ | √ | X | x | x | X | |
| ३१ | दुर्गा भवानी प्रा.वि. | २ | | ५ | | X | X | x | x | X | |
| ३२ | मैनावगर आधारभूत विद्यालय | १ | | ७ | | X | ४ | x | x | X | |
| ३३ | सरस्वती प्रा.वि. | ३ | x | ७ | X | √ | X | x | x | X | |
| ३४ | बुटवल वालमन्दिर प्राथमिक विद्यालय | ० | १ | | २ | X | X | x | x | x | |
| ३५ | सुस्त मनस्थिति वालविद्यामन्दिर | २ | ० | १० | √ | X | X | x | x | X | |
| ३६ | जमिया गुलसन मदरसा | १ | ० | - | - | - | - | - | - | - | |

| क्र.स. | विद्यालयको नाम | भवन किसिम | | जम्मा कक्षाकोठा | | छापामय वातावरण | पढाइ कुना | कम्तीमा ५० किताव भएको | पुस्तकालय | विज्ञान प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | पक्की | कच्ची | | | | | | |
| ३७ | रजाय मुस्तफा मदरसा | १ | ० | - | - | - | - | - | - | - | |
| ३८ | मदिना मदरसा प्रा.वि. | १ | ० | - | - | - | - | - | - | - | |
| ३९ | मदरसा कादरिया हेसामूल उलूम | १ | १ | - | २ | X | X | X | X | X | |

**समस्या/चुनौति**

- सबै शैक्षिक भवनहरू भूकम्प प्रतिरोधी नहुनु
- अपाङ्गमैत्री पूर्वाधार र्याम्प , रेलिङको अभाव हुनु ।
- सबै विद्यालयका पूर्वाधार सुधार गर्न पर्याप्त बजेट नहुनु
- हरित विद्यालय (Green School) अवधारणाको अभाव हुनु ।

**अवसर**

- बुटवल उप महानगरपालिकाले-शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखिनु ।
- शिक्षा मन्त्रालय र प्रदेश सरकार मार्फत भौतिक पूर्वाधारका लागि विशेष अनुदान कार्यक्रम संचालन हुनु ।
- गैरसरकारी तथा साझेदार संस्थासँग सहकार्य हुनु ।

**४.६.३ उद्देश्य**

- विद्यालय शिक्षाका लागि आवश्य सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु ।
- सबै विद्यालयमा भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, सबलीकरण गर्नु ।
- जलवायु परिवर्तनका असरबाट सुरक्षित बनाउनु ।

### ४.६.४ रणनीति तथा कार्यनीति

| क्र स | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | समावेशी, सुरक्षित र बालमैत्री संरचना निर्माण गर्ने। | १. विद्यालयको भौतिक पूर्वाधार अवस्थाको विस्तृत मूल्याङ्कन (School Infrastructure Audit) संचालन गरिनेछ।<br>२. बालबालिका, शिक्षक, अपांगता भएका व्यक्तिका लागि पहुँचयुक्त पूर्वाधार विकास गरिनेछ।<br>३. बालमैत्री शौचालय, स्वच्छ खानेपानी, सुनिश्चित गरिनेछ। |
| २ | आवश्यकताको आधारमा पूर्वाधार योजना बनाउने। | १. हरित विद्यालय अवधारणा अनुसार व्यवस्थापन प्रणाली अपनाइनेछ।<br>२. प्राथमिकता आधारमा पूर्वाधार निर्माणको चरणबद्ध कार्ययोजना तयार गर्ने<br>३. भवन डिजाइन गर्दा स्थानीय वातावरण अनुसार निर्माण सामग्री र प्रविधि छनोट गरिनेछ।<br>४. विद्यालयको आवश्यकतामा आधारीत भौतिक पूर्वाधार निर्माण गर्नको लागि नगरप्रमुख शैक्षिक पूर्वाधार कोष स्थापना गरिनेछ। |
| ३ | स्थानीय स्रोत र समुदाय परिचालन गर्ने। | १. निर्माणमा स्थानीय श्रम, सामग्री, तथा जनशक्ति प्रयोग गरेर स्वामित्व र लागत न्यूनीकरण गरिनेछ।<br>२. अभिभावक समिति, विद्यालय व्यवस्थापन समिति, बाल क्लब लगायतका सरोकारवालासँग सहकार्य गरिनेछ। |

### प्रमुख उपलब्धि तथा नतिजा

१. विद्यालय भवनको सुधार र पुनर्निर्माण हुनेछ।
२. शौचालय र सरसफाइ पूर्वाधारको विस्तार हुनेछ।
३. लागत साझेदारी कार्यक्रमको सफल कार्यान्वयन हुनेछ।
४. बालमैत्री र समावेशी संरचना विकास हुने छ।

### ४.६.5 नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयको भौतिक पूर्वाधार अवस्थाको | विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विस्तृत मूल्याङ्कन | | | | | | |
| २ | **पहुचयुक्त** पूर्वाधार विकास | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ |
| ३ | बालमैत्री शौचालय निर्माण | सङ्ख्या | | | | | |
| ४ | स्वच्छ खानेपानी, | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ |

४.६.६ **प्रमुख क्रियाकलाप र भौतिक लक्ष्य**

| प्रस्तावित कार्यक्रमहरू | एकाई | **वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target)** | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| संघिय सरकार र यस पालिकाको लागत साझेदारीमा.वि.द्यालय हरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका विद्यालय निर्माण गर्ने | विद्यालय | ३ | ४ | ५ | ४ | ५ | २१ |
| तपाइको पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरू : | | | | | | | |
| विद्यालयको भौतिक पूर्वाधार अवस्थाको विस्तृत मूल्याङ्कन | विद्यालय | ० | १४ | | १८ | ९ | ३९ |
| पहुचयुक्त पूर्वाधार विकास निर्माण अपाङ्गता मैत्री ) ( पूर्वाधार स्तरउन्नति गर्ने | विद्यालय | ० | १० | १० | ५ | ५ | ३० |
| स्वच्छ खानेपानी,व्यवस्था जडान | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| नगर प्रमुख भौतिक पूर्वाधार निर्माण कोष र विद्यालय पूर्वाधार विकासको लागि वडाबाट बिनियोजन बजेटवाट विद्यालयको आवश्यकतामा आधारीत भौतिक निर्माण | विद्यालय | ० | ४ | ३ | ३ | ४ | १४ |

| प्रस्तावित कार्यक्रमहरू | एकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| प्रदेशको लागत साझेदारी विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय सवलिकरण | विद्यालय | ३ | ३ | ४ | ४ | ३ | १५ |
| विद्यालयको रंगरोगन | पटक | १ | १ | १ | १ | १ | ५ |
| विद्यालयमा आपतकालिन कोषको स्थापना शैक्षिक) (विकास कोष | पटक | १ | १ | १ | १ | १ | ५ |

### ४.६.७ प्रमुख क्रियाकलाप र बजेट

| | लगानीको अनुमान (हजारमा) | | | | | पांच वर्ष को जामा |
|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरू | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| संघिय सरकार र यस पालिकाको लागत साझेदारीमा.वि.द्यालय हरूम WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका विद्यालय निर्माण गर्ने | २७०० | २७००० | ३६००० | ४५००० | ४५००० | १८०००० |
| तपाइको पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरू : | ० | ० | ० | ० | ० | ० |
| विद्यालयको भौतिक पूर्वाधार अवस्थाको विस्तृत मूल्याङ्कन | ० | ७०० | ० | ९०० | ४५० | २०५० |
| पहुचयुक्त पूर्वाधार विकास निर्माण अपाङ्गता मैत्री पूर्वाधार) (स्तरउन्नति गर्ने | ० | २००० | ३००० | ३००० | २००० | १०००० |
| स्वच्छ खानेपानी, व्यवस्था RO | ० | ३००० | ३००० | १५०० | १५०० | ९००० |
| नगर प्रमुख भौतिक पूर्वाधार निर्माण कोष र विद्यालय पूर्वाधार विकासको लागि वडाबाट बिनियोजन बजेटवाट विद्यालयको | ३०००० | ४५००० | ६०००० | ४५००० | ४५००० | २२५००० |

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान (हजारमा) | | | | | पांच वर्ष को जामा |
|---|---|---|---|---|---|---|
| | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| आवश्यकतामा आधारीत भौतिक निर्माण | | | | | | |
| प्रदेशको लागत साझेदारी विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय सवलिकरण | ० | ८००० | ६००० | ६००० | ८००० | २८००० |
| विद्यालयको रंगरोगन | ७५० | ७५० | १००० | १००० | ७५० | ४२५० |
| विद्यालयमा आपतकालिन कोषको स्थापना (शैक्षिक विकास कोष) | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० |
| **विद्यालय भौतिक निर्माण र सुधार कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट (लाखमा)** | ६२८ | ९१५ | ११४० | १०७४ | १०७७ | ४८३४ |

## ४.७ विद्यालयमा सूचना तथा संचार प्रविधि

### ४.७.१ परिचय

शिक्षण सिकाइ लाई बढी अन्तर्क्रियात्मक बनाउन पर्ने हुन्छ । सिकाइप्रति सिकारुको उत्प्रेरणा बढाउन सकेमा सिकाइ बढी अन्तरक्रियात्मक र उपयोगी हुन्छ । सिकारुलाई खोज तथा अनुसन्धान कार्यमा सक्रिय बनाउन सकेमा खोजमुखी तथा अनुसन्धानमुखी जनशक्ति उत्पादन गर्न सकिन्छ । शिक्षामा सूचना सञ्चार तथा प्रविधिको प्रयोगबाट सिकारुलाई सक्रिय, खोजमुखी तथा अनुसन्धानमुखी गराउन सकिन्छ । यही अभिप्रायबाट शिक्षामा सूचना सञ्चार र प्रविधिको प्रयोग हुन थालेको छ । विद्यालयमा ICT को प्रयोग विविध क्षेत्रमा भइरहेको छ, जस्तै कम्प्युटर कक्षा, प्रोजेक्टरमार्फत शिक्षण, इन्टरनेटबाट श्रोत संकलन, र अनलाईन लर्निङ प्लेटफर्मको उपयोग अदि यसले विद्यार्थीहरूलाई दृश्य-श्रव्य सामग्री मार्फत विषय बुझ्न सजिलो बनाउँछ। शिक्षकहरूले पनि डिजिटल उपकरण प्रयोग गरी आकर्षक र सहभागीमुखी शिक्षण गर्न सक्छन्। साथै, ICT को प्रयोगले विद्यार्थीहरूलाई २१औं शताब्दीका सिप हरू (जस्तै: डिजिटल साक्षरता, सञ्चार सिप , समस्या समाधान) सिक्न सहयोग गर्छ। यद्यपि ICT को उपयोग लाभदायक भए तापनि, विद्यालयहरूमा प्रविधि सम्बन्धी पूर्वाधारको अभाव, शिक्षकको सिप अभाव, र नियमित मर्मत सम्भारको समस्या रहेका छन् । आधुनिक जीवन शैलीका हरेक गतिविधिमा सूचना तथा सञ्चारको प्रयोग गर्ने वातावरण निर्माण हुन थालेको छ ।

विश्वमा प्रविधिको प्रयोगका कारण शिक्षण सिकाइको शैलीमा समेत आमुल परिवर्तन हुन गएको छ । यसबाट शिक्षण सिकाइ क्रियाकलापमा परिवर्तन भएको छ । व्यक्तिले शैक्षिक योग्यता अभिवृद्धि गर्ने प्रयोजनका लागि पनि प्रविधिको प्रयोग गर्न थालेको अवस्था छ । त्यसै गरी विभिन्न विकासका गतिविधिमा इन्टरनेट सेवाको पहुँचका कारण सेवा प्रवाहमा सुधार हुन थालेको छ ।

### ४.७.२ वर्तमान अवस्था

बुटवल उपमहानगरपालिकाका  विद्यालय हरूमा सूचनातथा संचार (ICT) प्रविधिको अवस्था मिश्रित रहेको छ। केही माध्यमिक विद्यालयहरूमा कम्प्युटर ल्याब स्थापना भई डिजिटल शिक्षण अभ्यास थालिएको छ भने धेरैजसो आधारभूत विद्यालयहरूमा अझैसम्म ICT सामग्रीको न्यून पहुँच देखिन्छ । नगर क्षेत्रका केही विद्यालयहरूले SMART classroom, प्रोजेक्टर, स्मार्ट टि.भि.  तथा डिजिटल बोर्डको प्रयोग गरी शिक्षणमा प्रविधिको उपयोग गर्न थालेका छन्। यस्तै, शिक्षकहरूका लागि सूचना प्रविधि अभिमुखीकरण तालिमको सुरुवातले प्रविधिमैत्री शिक्षणको आधार तयार पार्न थालिएको छ ।

कतिपय विद्यालयमा उपलब्ध कम्प्युटरहरू मर्मत नहुँदा प्रयोगविहीन अवस्थामा छन्, र ICT उपकरण प्रयोग गर्न दक्ष जनशक्तिको समेत अभाव छ। यद्यपि, नगरपालिकाले SMART classroom विस्तार गर्ने योजना, सङ्घीय  सरकार तथा साझेदार संस्थाहरू र शिक्षकलाई थप डिजिटल तालिम दिने उद्देश्यले ICT पूर्वाधारको विस्तारमा नयाँ अवसरहरू सिर्जना भइरहेका छन् । यसरी, बुटवल उप–महानगरपालिकामा सूचना प्रविधिको क्षेत्रमा केही विद्यालयहरू अगाडि बढेका छन् भने बाँकी विद्यालयहरूमा अझै पर्याप्त लगानी, पहुँच विस्तार, दक्ष जनशक्ति र स्रोत परिचालन आवश्यक रहेको छ ।

बुटवल उपमहानगरपालिकाका विद्यालयहरूमा ICT को अवस्था सकारात्मक दिशामा अघि बढिरहेको छ । स्थानीय सरकारको सक्रियता र बजेट विनियोजनले ICT पूर्वाधारको विकासमा मद्दत पुर्याएको छ। यद्यपि, अझै केही चुनौतिहरू बाँकी छन्, जसका लागि थप प्रयास र सुधार आवश्यक छ ।

**तालिका नं.२५**

**सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको अवस्थाको विवरण**

| क्रस | विद्यालयको नाम | बिजुली जडान | वाइफाई जडान | डेस्कटप | ल्यापटप | प्रिन्टर | प्रोजेक्टर | स्मार्ट बोर्ड | कम्प्युटर प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कालिका मानवज्ञान मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | स्मार्ट बोर्ड को सुबिधा रहेको |
| २ | कान्ति मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | स्मार्ट बोर्ड को सुबिधा रहेको |
| ३ | नविन औद्योगिक कदरवहादुर रीता मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | |
| ४ | नयांगाउ मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | |
| ५ | नवरत्न मा.वि. | √ | √ | √ | | √ | √ | √ | √ | |

| क्रस | विद्यालयको नाम | बिजुली जडान | वाइफाई जडान | डेस्टप | ल्यापटप | प्रिन्टर | प्रोजेक्टर | स्मार्ट बोर्ड | कम्प्युटरप्र ◌ोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | नहरपुर मा.वि. | √ | √ | √ | √ | √ | √ | | √ | स्मार्ट बोर्ड को कमी रहेको |
| ७ | मोतिपुर मा.वि. | √ | √ | √ | √ | √ | √ | | √ | |
| ८ | सिद्धेश्वर लालकुमारी मा.वि. | √ | √ | √ | √ | √ | X | √ | √ | स्मार्ट बोर्ड / प्रोजेक्टर को कमी रहेको |
| ९ | उजिरसिंह मा.वि. | √ | √ | √ | √ | √ | √ | | √ | |
| १० | बुटवल मा.वि. | | | | | | | | | |
| ११ | ज्ञानोदय मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | |
| १२ | जितेश्वरी मा.वि. | √ | √ | √ | √ | √ | √ | | √ | |
| १३ | सरस्वती मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | |
| १४ | सन्तोषिमाता गुरुकुल विद्याश्रम | | | | | | | | | |
| १५ | लक्ष्मी मा.वि. | √ | √ | √ | | √ | √ | √ | √ | ल्यापटप बिग्रेको अवस्था |
| १६ | जनता मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | ल्यापटप बिग्रेको अवस्था |
| १७ | तिलोत्तमा मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | |
| १८ | ज्ञानोदय रात्रि मा.वि. | √ | √ | √ | | √ | | | | |
| १९ | साधना महिला मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | |
| २० | भवानी मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | कम्पुटर प्रयोगशाला प्रयोग बिहिन |
| २१ | अमर मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | ल्यापटप / कम्पुटर |

| क्रस | विद्यालयको नाम | बिजुली जडान | वाइफाई जडान | डेस्टप | ल्यापटप | प्रिन्टर | प्रोजेक्टर | स्मार्ट बोर्ड | कम्प्युटर प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | बिग्रेको अवस्था |
| २२ | प्रगति मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | |
| २३ | सरस्वती आधारभूत विद्यालय | √ | √ | √ | √ | √ | √ | √ | √ | ल्यापटप / कम्पुटर बिग्रेको अवस्था |
| २४ | वेलभरिया आधारभूत विद्यालय | √ | √ | √ | √ | √ | | √ | 0 | |
| २५ | नरैनापुर आधारभूत विद्यालय | √ | √ | √ | √ | √ | √ | x | √ | ल्यापटप / कम्पुटर बिग्रेको अवस्था |
| २६ | जनशक्ति नमुना भीमप्रसाद प्रा.वि. | √ | √ | √ | √ | √ | | | | |
| २७ | सहिद्स्मृति आधारभूत विद्यालय | √ | √ | √ | X | √ | X | X | X | |
| २८ | जनज्योती प्रा.वि. | √ | √ | √ | √ | √ | √ | | | |
| २९ | मायादेवी जनजागृति आधारभूत विद्यालय | √ | √ | √ | √ | √ | X | X | X | |
| ३० | सुर्योदय प्रा.वि. | √ | √ | √ | X | √ | X | X | X | |
| ३१ | दुर्गा भवानी प्रा.वि. | √ | √ | √ | | √ | | | | |
| ३२ | मैनावगर आधारभूत विद्यालय | | | | | | | | | |
| ३३ | सरस्वती प्रा.वि. | √ | √ | √ | √ | √ | √ | | | ल्यापटप / कम्पुटर |

| क्रस | विद्यालयको नाम | बिजुली जडान | वाइफाई जडान | डेस्टप | ल्यापटप | प्रिन्टर | प्रोजेक्टर | स्मार्ट बोर्ड | कम्प्युटर प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | बिग्रेको अवस्था |
| ३४ | बुटवल वालमन्दिर प्राथमिक विद्यालय | √ | √ | √ | X | √ | X | X | X | |
| ३५ | सुस्त मनस्थिति वालविद्यामन्दिर | √ | X | X | X | X | X | X | √ | |
| ३६ | जमिया गुलसन मदरसा | √ | X | X | X | X | X | X | X | |
| ३७ | रजाय मुस्तफा मदरसा | √ | X | X | X | X | X | X | X | |
| ३८ | मदिना मदरसा प्रा.वि. | √ | X | X | X | X | X | X | X | |
| ३९ | मदरसा कादरिया हेसामूल उलूम | √ | X | X | X | X | X | X | X | |

**चुनौतिहरू**

विद्यालयहरूमा सूचना तथा संचार प्रविधि (ICT) सम्बन्धी समस्या र **चुनौतिहरू** निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ:

- सबै विद्यालयमा कम्प्युटर, प्रोजेक्टर, स्मार्ट टिभि , इन्टरनेटको अभाव
- उपलब्ध उपकरण बिग्रिएर प्रयोग विहीन अवस्थामा
- ICT प्रयोग गर्न प्राविधिक सहयोग वा तालिमप्राप्त शिक्षकको कमी
- डिजिटल सामग्रीको शिक्षण सिकाइ प्रक्रियामा प्रयोग– मा कमी
- पालिका तथा विद्यालय तहमा ICT सम्बन्धी रणनीति भए पनि प्रभावकारी कार्यान्वयन नहुनु।
- ICT सामग्री खरिद, मर्मत, इन्टरनेट शुल्क लगायत खर्च धान्न विद्यालयहरू सक्षम नहुनु ।

**अवसर**

- बुटवल उप–महानगरपालिकाले SMART classroom, डिजिटल शिक्षा जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखेको छ।
- MoEST, CEHRD, UNICEF, NREN लगायत संस्थाबाट प्रविधिमा सहयोग प्राप्त गर्न सकिने सम्भावना रहेको ।
- शिक्षक र विद्यार्थीमा बढ्दो डिजिटल चासो बढ्नु ।

- स्थानीय कलेज, प्रा.वि.धिक शिक्षालयहरूसँग सहकार्य गरी ICT जनशक्ति वा सामग्रीको व्यवस्थापन गर्न सकिने।
- शिक्षणमा नवप्रविधिको प्रयोग बढाउने सम्भावना रहनु।

### ४.७.३ उद्देश्य

बुटवल उप–महानगरपालिकाका विद्यालयहरूमा सूचना तथा संचार प्रविधि (ICT) को प्रभावकारी उपयोगमार्फत शिक्षाको गुणस्तर वृद्धि गर्न निम्न **उद्देश्य**हरू रहेका छन् :

- विद्यालयहरूमा ICT पूर्वाधारको पहुँच विस्तार गर्नु
- ICT को माध्यमबाट शिक्षण सिकाइको गुणस्तर सुधार गर्नु
- साझेदारीमा आधारीत ICT प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नु

### ४.७.4 रणनीति तथा कार्यनीति

| क्र स | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | प्रविधिमैत्री सिकाइ वातावरणमा शिक्षा प्रदान गर्ने। | विद्यालयहरूलाई उच्च‘, ‘मध्यम र कम आवश्यकतामा वर्गीकृत गरी ‘ प्राथमिकता निर्धारण गर्ने। |
| २ | शिक्षक तथा कर्मचारीको क्षमता विकास गर्ने। | ICT उपकरणहरूको नियमित मर्मत सम्भार र सुरक्षा को व्यवस्थापन गरिनेछ | |
| ३ | सरकारी निकाय, निजी क्षेत्र, गैरसरकारी संस्था, प्राविधिक कलेजहरू लगायत साझेदारसँग सहकार्य गर्ने। | शिक्षकहरूलाई नियमित रूपमा ICT सम्बन्धी तालिम )Microsoft Office, Google Classroom, Learning Management System| दिइनेछ ( |

### ४.७.5 प्रमुख उपलब्धि र नतिजा

बुटवल उप–महानगरपालिकाका विद्यालयहरूमा सूचना तथा संचार प्रविधि (ICT) को प्रभावकारी कार्यान्वयनले निम्न प्रमुख उपलब्धि **र** नतिजाल्याउने छ :

- ICT सामग्री र पूर्वाधारको पहुँच वृद्धि भएको हुनेछ |
- शिक्षकहरूको प्रविधि प्रयोगको क्षमतामा वृद्धि भएको हुनेछ।

**नतिजा**

- ICT उपकरणहरूको नियमित मर्मत–सम्भार र सुरक्षाको व्यवस्थापन हुने।
- शिक्षकको क्षमता विकास हुने।
- शिक्षकहरूलाई ICT समावेशी पाठ योजना निर्माण हुने।

- विद्यालयमा ICT focal person तोकीने
- प्रविधिमैत्री  कक्षा संचालनका भइ विद्यार्थीहरू  ICT मा सक्षम हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | ICT पूर्वाधारमा पहुँचमा वृद्धि हुने विद्यालय प्रतिशत | प्रतिशत | ६० | ७० | ८० | ९० | १०० |
| २ | शिक्षकको क्षमता विकास प्रतिशत मा | प्रतिशत | ६० | ७० | ८० | ९० | १०० |
| ३ | ICT साझेदारी विस्तार | सङ्ख्या | ६० | ७० | ८० | ९० | १०० |

**४.७.६ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य**

| प्रस्तावित कार्यक्रमहरू | एकाई | **वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target)** | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४२५/ | २०२५२/६ | २०२६२/७ | २०२७२८/ | २०२८२९/ | |
| | | ८१ ८२/ | ८२८३/ | ८३८४/ | ८४ ८५/ | ८५ ८६/ | |
| ICT सामग्रीको अभाव पहिचान र आवश्यकता मूल्याङ्कन र प्रतिवेदन | पटक | - | १ | - | - | १ | २ |
| शिक्षकहरूको ICT तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ICT को प्रयोगमा शिक्षक र विद्यार्थीको प्रगति मूल्याङ्कन गर्नको लागि  प्रणाली निर्माण गर्ने | पटक | - | १ | - | - | - | १ |
| लागत साझेदारीमा  ल्यापटप  वितरण बुटवल उपमहानगरपालिका अनुदान ५० प्रतिशत र शिक्षक ५० प्रतिशत | सङ्ख्या | ० | ३० | ४० | ५० | ५० | १७० |
| Web Based मा आधारीत Learning Portrl निर्माण गर्ने | पटक | ० | १ | १ | | | २ |
| एक कक्षा कोठा एक स्मार्ट बोर्ड कार्यक्रमको लागि विद्यालय लाई अनुदान | कक्षाकोठा | ४ | ५० | ६५ | ६५ | ७५ | १३९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रविधि मैत्री विद्यालय निर्माणको लागि मागमा आधारीत अनुदान | पटक | ० | १ | १ | १ | १ | ४ |

### ४.७.७ प्रमुख क्रियाकलाप तथा बजेट

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान हजारमा)) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| ICT सामग्रीको अभाव पहिचान र आवश्यकता मूल्याङ्कन र प्रतिवेदन | ० | ० | २०० | ० | २०० | ४०० |
| शिक्षकहरूको ICT तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |
| ICT को प्रयोगमा शिक्षक र विद्यार्थीको प्रगति मूल्याङ्कन गर्नको लागि प्रणाली निर्माण गर्ने | ० | ५०० | ० | ० | ० | ५०० |
| लागत साझेदारीमा ल्यापटप वितरण बुटवल उपमहानगरपालिका अनुदान ५० प्रतिशत र शिक्षक ५० प्रतिशत | ० | २७०० | ३६०० | ४५०० | ४५०० | १५३०० |
| Web Based मा आधारीत Learning Portrl निर्माण गर्ने | ० | १००० | १००० | ० | ० | २००० |
| एक कक्षा कोठा एक स्मार्ट बोर्ड कार्यक्रमको लागि विद्यालय लाई अनुदान | ६०० | ७५०० | ९७५० | ९७५० | ११२५० | ३८८५० |
| प्रविधि मैत्री विद्यालय निर्माणको लागि मागमा आधारीत अनुदान | ० | १००० | १००० | १००० | १००० | ४००० |
| **शिक्षामा सूचना तथा सञ्चार प्रविधिकार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट (लाखमा)** | १० | १३१ | १६० | १५७ | १७४ | ६३१ |

## परिच्छेद ५ : विद्यालय र लघु संग्रहालय

### ५.१ परिचय

विद्यालयले बालबालिकालाई अक्षर चिन्न, पढ्न र लेख्न मात्र सिकाउने होइन, उनीहरूको समग्र विकासका लागि आवश्यक वातावरण पनि प्रदान गर्दछ। राम्रो विद्यालयमा शैक्षिक, मानसिक, सामाजिक, भावनात्मक र नैतिक विकासका अवसर प्राप्त हुन्छन्। विद्यालयमा शिक्षकहरूले ज्ञानको प्रकाश फैलाउँछन्, जसले अज्ञानताको अन्धकार हटाउँछ।

विद्यालयले विद्यार्थीहरूमा नेतृत्व, सहकार्य, सहिष्णुता, समय व्यवस्थापन र सामाजिक उत्तरदायी त्वजस्ता मूल्यहरूको विकास गर्दछ। खेलकुद, सांस्कृतिक कार्यक्रम, समूह कार्य, परियोजना, कला र संगीतजस्ता गतिविधिहरूले विद्यार्थीको प्रतिभा उजागर गर्न मद्दत गर्छन्। यसर्थ, विद्यालय व्यक्ति निर्माणको आधारशिला हो। विद्यालय भन्नाले यस्तो शैक्षिक संस्था जनाइन्छ जहाँ विद्यार्थीहरूले विभिन्न विषय अध्ययन गरेर ज्ञान, सीप, आचरण, अनुशासन र सामाजिक मूल्यहरू सिक्ने अवसर पाउँछन्। यो बालबालिकाको पहिलो औपचारिक सिकाइ केन्द्र हो, जहाँ उनीहरूको सोचाइ, व्यवहार, बानी र व्यक्तित्व निर्माणको आधार तयार पारिन्छ। विद्यालयले विद्यार्थीहरूलाई जिम्मेवार नागरिक बन्न मार्गदर्शन मात्र गर्दैन, उनीहरूलाई राष्ट्रिय विकासको आधारभूत स्रोतको रूपमा पनि तयार पार्दछ।

शिक्षाको गुणस्तरमा सुधार ल्याउन विद्यालयहरूले विभिन्न शैक्षिक साधनहरूको प्रयोग गर्छन्। पाठ्यपुस्तकसँगै प्रयोगात्मक सिकाइ, दृश्य सामग्री, पुस्तकालय, प्रयोगशाला र लघु संग्रहालयको प्रयोग गरिन्छ, जसले विद्यार्थीहरूको सिकाइलाई जीवन्त, रोचक र व्यावहारिक बनाउँछ।

**लघु संग्रहालय** भन्नाले सानो आकारको संग्रहालयलाई जनाइन्छ, जुन विद्यालयको एक अङ्गको रूपमा स्थापना गरिन्छ। यसमा विद्यार्थीहरूले अध्ययन गरिरहेका विषयसँग सम्बन्धित वस्तुहरू, चित्रहरू, मोडलहरू, ऐतिहासिक सामग्रीहरू, वैज्ञानिक उपकरणहरू, स्थानीय हस्तकलाका नमुना, वनस्पति र जीवजन्तुका नमुना, नक्सा आदिको संग्रह हुन्छ। लघु संग्रहालयलाई अंग्रेजीमा *Mini Museum* भनिन्छ। यसको उद्देश्य विद्यार्थीलाई किताबमा पढेका कुरालाई प्रत्यक्ष रूपमा हेर्ने, बुझ्ने र अनुभव गर्ने अवसर प्रदान गर्नु हो। यसले ज्ञानलाई केवल सैद्धान्तिक नभई व्यावहारिक बनाउँछ। उदाहरणका लागि, विज्ञान विषयको लघु संग्रहालयमा मानव शरीरका मोडल, सौरमण्डलका प्रतिरूप, विद्युतीय उपकरण आदिले प्रयोगात्मक सिकाइलाई प्रभावकारी बनाउँछन्। विद्यालय र लघु संग्रहालयबीचको सम्बन्ध अत्यन्त घनिष्ठ हुन्छ। लघु संग्रहालय विद्यालयको शिक्षा प्रणालीलाई सुदृढ बनाउने एक महत्त्वपूर्ण सहायक साधन हो। यसले शिक्षक र विद्यार्थीबीचको शिक्षण–सिकाइ प्रक्रिया अझ अन्तरक्रियात्मक, आकर्षक र प्रभावशाली बनाउँछ।

विषयगत दृष्टिले हेर्दा इतिहास विषयका लागि ऐतिहासिक सिक्काहरू, पुराना औजार, नक्सा वा हतियारजस्ता वस्तुले मूल्यवान स्रोत उपलब्ध गराउँछन्। भूगोल अध्ययनका लागि नक्सा, भौगोलिक मोडल र चट्टानका नमुना उपयोगी हुन्छन्। विज्ञान अध्ययनमा उपकरण, अंगका नमुना र प्रयोगशालाका सामग्रीहरू अत्यन्तै प्रभावकारी हुन्छन्। यसरी लघु संग्रहालयले विद्यार्थीहरूमा खोजी प्रवृत्ति, सृजनशीलता र गहिरो बुझाइ विकास गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउँछ।

### ५.२ वर्तमान अवस्था

बुटवल उपमहानगरपालिका लुम्बिनी प्रदेशको शिक्षामैत्री र सांस्कृतिक दृष्टिले समृद्ध क्षेत्र हो। यहाँका सरकारी तथा निजी विद्यालयहरूमा हजारौँ विद्यार्थी अध्ययनरत छन्। यद्यपि शैक्षिक पहुँच विस्तार भए पनि शिक्षाको गुणस्तर अझै पनि मुख्यतः किताबी ज्ञानमै सीमित छ। आजको युग व्यावहारिक अनुभवमा आधारित शिक्षाको हो, जसका लागि विद्यालयहरूमा **लघु संग्रहालय** स्थापना अपरिहार्य बन्दै गएको छ।

हालसम्म उपमहानगरपालिका भित्रका विद्यालयहरूमा व्यवस्थित लघु संग्रहालय स्थापना भएको पाइँदैन। यदि स्थापना गरियो भने विद्यार्थीहरूले अध्ययनसँग सम्बन्धित सामग्री सङ्कलन, अनुसन्धान, प्रस्तुति आदिमा प्रत्यक्ष सहभागिता गर्न पाउँछन्, जसले सिर्जनशीलता, नेतृत्व क्षमता र आत्मविश्वास बढाउँछ। साथै, स्थानीय सम्पदा – जस्तै पूराना सिक्का, जातीय संस्कृति सम्बन्धी वस्तु, तिनाउ क्षेत्रका वनस्पतिको नमुना, जितगढी किल्ला जस्ता ऐतिहासिक सामग्री – प्रदर्शन गरी विद्यार्थीलाई आफ्नै परिवेशबाट सिक्ने अवसर मिल्छ।

लघु संग्रहालय केवल संग्रह गर्ने स्थान मात्र नभई शिक्षालाई जीवन्त, व्यावहारिक र समावेशी बनाउने प्रभावकारी उपकरण हो। यसले विद्यार्थीमा जिज्ञासा, अनुसन्धान प्रवृत्ति र खोजी क्षमता विकास गर्छ र स्थानीय सम्पदाको संरक्षण र प्रचारमा पनि योगदान दिन्छ।

उपमहानगरपालिकाले आगामी वर्षदेखि माध्यमिक विद्यालयमा सुरु गरी क्रमशः आधारभूत विद्यालयसम्म विस्तार गर्ने गरी लघु संग्रहालय स्थापना गर्ने योजना बनाएको छ। तर यस प्रक्रियामा केही चुनौतीहरू रहेका छन् :

१. विशेषगरी सामुदायिक विद्यालयमा आर्थिक स्रोतको अभाव।
२. पर्याप्त कोठा वा स्थान नहुनु।
३. व्यवस्थापनका लागि सीपयुक्त शिक्षक वा कर्मचारीको कमी।
४. ऐतिहासिक वा वैज्ञानिक मोडल तथा नमुना प्राप्त गर्न कठिनाइ।
५. संरक्षण, सरसफाइ, सुरक्षा र मर्मतसम्भारको चुनौती।

### ५.३ उधेश्य

१. व्यावहारिक शिक्षालाई प्रोत्साहन गर्नु र अध्ययनमा रुचि र जिज्ञासा बढाउनु
२. अनुसन्धान र खोजी क्षमताको विकास गर्नु
३. स्थानीय सम्पदा, संस्कृति र इतिहासको ज्ञान दिनु

### ५.४ रणनीति तथा कार्यनीति

| क्र स | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | आवश्यकताको मूल्याङ्कनका लागि क्रियाकलापहरू संचालन गर्ने | १. शिक्षकहरू र व्यवस्थापन समितिको बैठक गरी लघु संग्रहालयको आवश्यकता छलफल गरिने छ<br>२. विद्यार्थी र अभिभावकहरूसँग छोटो सर्वेक्षण वा अन्तरक्रिया कार्यक्रम आयोजना गरिने छ। |

| क्र स | रणनीति | कार्यनीति |
|---|---|---|
| | | ३. विद्यालयको स्थानीय र शैक्षिक विशेषता पहिचान गर्न SWOT analysis (सामर्थ्य, कमजोरी, अवसर, चुनौति ( गरिने छ। |
| २ | स्पष्ट उद्देश्य निर्धारणका लागि क्रियाकलापहरू संचालन गर्ने | १. शिक्षक, प्रधानाध्यापक र विषय विशेषज्ञहरूको सल्लाहमा लघु संग्रहालयको उद्देश्य तय गर्ने कार्यशाला आयोजना गरिनेछ।<br>२. संग्रहालय कुन विषयसँग जोडिने होविज्ञान) , इतिहास, भूगोल, संस्कृति (आदि भन्ने निर्णय गरिने छ।<br>३. शैक्षिक क्यालेन्डरमा संग्रहालय प्रयोग र गतिविधिहरू समावेश गरिने छ। |
| ३ | बजेट र स्रोत योजना सम्बन्धी क्रियाकलापहरूका लागि सरकारी निकाय, निजी क्षेत्र, गैरसरकारी संस्था, प्राविधिक कलेजहरू लगायत साझेदारसँग सहकार्य गर्ने। | १. लागतको प्रारम्भिक अनुमान )cost estimation) तयार गरिने छ<br>२. विद्यालय व्यवस्थापन समिति )SMC), PTA, वा स्थानीय व्यवसायीबाट सरकारी निकाय, निजी क्षेत्र, गैरसरकारी संस्था, प्राविधिक कलेजहरू साझेदारसँग सहकार्य गरिने छ।<br>३. "सामग्री दान अभियान सञ्चालन "गरिने छ। |
| ४ | सामग्री सङ्कलनका लागि कृयाकलाप संचालन गर्ने | १. विद्यार्थीहरूलाई सामग्री ल्याउन प्रेरित गर्ने सङ्कलन" अभियान चलाईनेछ।<br>२. स्थानीय समुदायबाट ऐतिहासिक वा सांस्कृतिक वस्तुहरू संकलन गर्न अपिल गरिनेछ।<br>३. शिक्षकहरूले प्रयोगशालामा रहेका मोडल वा पूराना सामग्री मिलाएर प्रदर्शन गरिने छ।<br>४. हस्तकला, चित्रकला, वा निबन्ध प्रतियोगिता राखी छात्र–छात्राको सिर्जना प्रयोग गरिनेछ। |
| ५ | पाठ्यक्रमसँग समायोजनका लागि क्रियाकलापहरू गर्ने | १. सामाजिक, विज्ञान, इतिहास आदि विषयका शिक्षकहरूलाई लघु संग्रहालय प्रयोगका लागि तालिम दिने।<br>२. शिक्षकहलाई विषय अनुसार संग्रहालयको भ्रमण गराइने छ। |

| क्र स | रणनीति | कार्यनीति |
|---|---|---|
| | | ३. कक्षाकार्य, परियोजना कार्य वा प्रदर्शनीसँग संग्रहालयलाई जोड दिईनेछ। |
| ६ | सामुदायिक सहभागिताका लागि क्रियाकलापहरू गर्ने | १. अभिभावक दिवस, विद्यालय मेला वा वार्षिक उत्सवमा संग्रहालय खुला प्रदर्शनी गरिने छ।<br>२. ईतिहास विज्ञ व्यक्तिहरूबाट स्थानीय ऐतिहासिक जानकारी संकलन गरिने छ। |

**५.५ प्रमुख उपलब्धि र नतिजा**

- सिकाइ अझ व्यावहारिक , जीवन्त र रमाइलो भएको हुनेछ |
- बालबालिकाको जिज्ञासा, खोजी र अनुसन्धान प्रवृत्तिमा वृद्धि क्षमतामा वृद्धि भएको हुनेछ।

**नतिजा**

- विद्यार्थीहरूले केवल किताबमा पढ्ने मात्र नभई प्रत्यक्ष हेर्ने, अनुभव गर्ने र बुझ्ने मौका पाउँने।
- बालालिकाहरू सक्रिय सिकाइमा प्रेरित हुने |
- सृजनात्मकता र प्रस्तुतीकरण क्षमताको विकास हुने।
- समग्र वृद्धी विकाश र सिकाइ प्रभावशाली हुने।
- विद्यार्थीमा नेतृत्व र सहकार्यको भावना विकास हुने।
- शिक्षकको शिक्षण पद्धति प्रभावकारी र सरल हुने
- अभिभावक, समुदायका अग्रज र स्थानीय स्रोतहरूसँग विद्यालयको सम्बन्ध मजबुत हुने।
- नयाँ पुस्तामा ज्ञानको हस्तान्तरण हुने।
- शिक्षा प्रणालीमा नवीनता र सुधारको सुरुआत हुने।
- दीर्घकालीन रूपमा, यसले सम्पूर्ण विद्यालय वातावरणमा सकारात्मक परिवर्तन हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालालिकाहरू सक्रिय सिकाइमा प्रेरित हुने | प्रतिशत | | ५० | ७० | ८५ | १०० |

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| २ | सृजनात्मकता र प्रस्तुतीकरण क्षमताको विकास | प्रतिशत | | ५० | ७० | ८५ | १०० |
| ३ | शिक्षकको शिक्षण पद्धति प्रभावकारी र सरल | प्रतिशत | | ५० | ७० | ८५ | १०० |
| ४ | विद्यार्थीमा नेतृत्व र सहकार्यको भावना विकास हुने | प्रतिशत | | ५० | ७० | ८५ | १०० |

## ५.६ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरू | एकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४ २५/ | २०२५२/ ६ | २०२६२/ ७ | २०२७२८/ | २०२८२९/ | |
| | | ८१ ८२/ | ८२८३/ | ८३८४/ | ८४ ८५/ | ८५ ८६/ | |
| विद्यार्थी र अभिभावकहरूसँग सर्वेक्षण वा अन्तरक्रिया कार्यक्रम | पटक | - | १ | - | - | | १ |
| लघु संग्रहालयको उद्देश्य तय गर्ने कार्यशाला | पटक | | १ | | | | १ |
| लघु संग्रहालयका लागि "सामग्री दान अभियानसञ्चालन " | पटक | - | १ | - | १ | - | २ |
| हस्तकला, चित्रकला, वा निबन्ध प्रतियोगिता | पटक | ० | १ | | १ | | २ |
| शिक्षकहरूलाई लघु संग्रहालय प्रयोगका लागि तालिम | पटक | ० | १ | | | १ | २ |
| शिक्षकहलाई विषय अनुसार संग्रहालयको भ्रमण | पटक | | १ | | | | १ |
| लघु संग्रहालय स्थापना र मर्मत संभार | पटक | | १ | | | १ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| संग्रहालय खुला प्रदर्शनी कार्यक्रम संचालन | पटक | ० | १ | १ | १ | १ | ४ |

### ५.७ प्रमुख क्रियाकलाप तथा बजेट

| **विद्यालय र लघु संग्रहालय** | | | | | | |
|---|---|---|---|---|---|---|
| | **लगानीको अनुमान )हजारमा )** | | | | | |
| प्रस्तावित कार्यक्रमहरू | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | कुल जम्मा |
| विद्यार्थी र अभिभावकहरूसँग सर्वेक्षण वा अन्तरक्रिया कार्यक्रम | ० | ० | २०० | ० | ० | २०० |
| लघु संग्रहालयको उद्देश्य तय गर्ने कार्यशाला | ० | ० | ३०० | ० | ० | ३०० |
| लघु संग्रहालयका लागि "सामग्री दान अभियान" सञ्चालन | ० | ३०० | ० | ३०० | ० | ६०० |
| हस्तकला, चित्रकला, वा निबन्ध प्रतियोगिता | ० | ९० | ० | ९० | ० | १८० |
| शिक्षकहरूलाई लघु संग्रहालय प्रयोगका लागि तालिम | ० | २५० | ० | ० | २५० | ५०० |
| शिक्षकहलाई  विषय अनुसार संग्रहालयको भ्रमण | ० | २०० | ० | ० | ० | २०० |
| लघु संग्रहालय स्थापना र मर्मत संभार | ० | १००० | ० | ० | १००० | २००० |
| संग्रहालय खुला प्रदर्शनी कार्यक्रम संचालन | ० | २५० | २५० | २५० | २५० | १००० |
| **विद्यालय र लघु संग्रहालय लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट (लाखमा)** | ० | २१ | ८ | ६ | १५ | ५० |

# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

## ६.१. सुशासन तथा व्यवस्थापन

### ६.१.१ परिचय

देशको वर्तमान शासकीय स्वरूप अनुसार सरकारका तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिँदो परिवेश अनुसार शासकीय संरचना प्रक्रिया र क्षमता सुधार गरीएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको सङ्ख्यात्मक विस्तार ज्ञान विज्ञान-प्रविधि र सञ्चारमा भएको विकास सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ।

यसमा योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार ,अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशीताको परवर्तन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना क्षमता र प्रकृयामा देखिएका चुनौति हरू पहिचान गरिएको छ। पहिचान गरेका चुनौतिहरूको सामना गरी सुशासन प्रवर्द्धन गर्नका लागि आवश्यक संरचना क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पेस गरिएको छ।

### ६.१.२ वर्तमान अवस्था

२०८०/८१ को स्थानीय संस्था स्व-मूल्याङ्कन (LISA) अनुसार बुटवल उपमहानगरपालिकाले संगठन र शासन, वार्षिक बजेट योजना, वित्तीय अनुशासन, सेवा प्रवाह इत्यादि आठवटै मापदण्डमा औसत ९६ % अंक प्राप्त गरेको छ, जसले विद्यालय व्यवस्थापन समितिको सञ्चालनदेखि पारदर्शी खर्चसमेतका प्रक्रिया संस्थागत हुँदै गएको संकेत गर्छ | बुटवल उपमहानगरपालिकाले नगर प्रमुख शैक्षिक सुधार कोष छात्रवृत्ति-खाजा कार्यक्रम, र सुशासन/अनुगमन समितिका वार्षिक प्रतिवेदन मार्फत गुणस्तर सुधार, तथा सुशासनको सुनिश्चितता गरेको छ | जसले निर्णय-कार्यान्वयन चक्रलाई नियमित र जवाफदेही बनाएको छ,फलस्वरूप अधिकांश विद्यालयमा एसएमसी-पीटीएका नियमित बैठक, लागत-साझेदारी पूर्वाधार सुधार, अनलाईन IEMIS, खुला सूचना बोर्ड जस्ता अभ्यास सुरु भइसकेका छन् | यद्यपि केही आधारभूत विद्यालयमा अनुगमनको गति र वित्तीय पारदर्शिता अझै कमजोर छ। सारतः नीति र संरचनागत रूपमा सुशासन बलियो भए-जस्तो देखिए पनि मैदान तहमा समान कार्यान्वयन सुनिश्चित गर्न पालिकाको नियमित अनुगमन, क्षमताविकास, र सामुदायिक निगरानीलाई निरन्तर सुदृढ पार्नुपर्छ।

बुटवल उप महानागरपालिकाका सबै विद्यालयहरूको सुशासन, व्यवस्थापन, रेखदेख र सञ्चालनका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहने व्यवस्था छ। शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ (संशोधन सहित ) मा

व्यवस्था भए अनुसार विद्यालयहरू सञ्चालनमा रहेका छन् । विद्यालय व्यवस्थापकीय क्षेत्रका निर्णयहरू व्यवस्थापन समितिकै मातहतमा निर्णय गरी कार्यान्वयन गर्ने गरीन्छ । व्यवस्थापन समिति ले गरेका निर्णयहरूलाई विद्यालयको आधिकारिक निर्णय मान्ने वर्तमान व्यवस्था रही आएको छ । विद्यालयमा सञ्चालन हुने भौतिक, आर्थिक र शैक्षिक कार्यहरूको सञ्चालन व्यवस्थापन समिति को सक्रियतामा सम्पन्न गरीन्छ । विद्यालयको रेखदेख, सञ्चालन, निरीक्षण, व्यवस्थापन र व्यवस्थापन गर्ने, आर्थिक सोत जुटाउने, बजेट स्वीकृत गर्ने, शिक्षक सेवाको सुरक्षा र सम्बर्द्धन गर्ने, रिक्त शिक्षक पदपूर्ति गर्ने व्यवस्थापकीय कार्यहरू व्यवस्थापन समितिले गर्दै आइरहेको छ ।

यस पालिका भित्रका विद्यालयको व्यवस्थापकीय पाटोलाई बलियो बनाउन शिक्षक अभिभावक सङ्घ रहने व्यवस्था छ । शिक्षक र अभिभावकको सम्बन्ध सुमधुर बनाई शिक्षण सिकाइको व्यवस्थापनमा समितिले भूमिका खेल्ने गर्दछ । विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक प्रधानाध्यापक रहेको हुन्छ । विद्यालयमा कार्यरत शिक्षकहरू मध्येबाटै प्रधानाध्यापक नियुक्ति गर्ने व्यवस्था वर्तमान नियमावलीमा रहेको छ । विद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने, अनुशासन कायम राख्ने, शिक्षक, अभिभावक व्यवस्थापन समिति बीचमा सुमधुर सम्बन्ध कायम गर्ने, विद्यालयको प्रशासनिक कार्य सञ्चालन गर्ने जिम्मेवारी प्रधानध्यापकको रहेको छ । शैक्षिक सुशासनकालागि यस पालिकामा सवै सामुदायिक विद्यालयमा विद्यालय सुधार योजना र लेखापरीक्षण, सामाजिक परीक्षण गरेका छन् ।

**तालिका नं.२६**

**शैक्षिक सुशासन तथा व्यवस्थापनको लागि संस्थागत संरचना**

| क्र.स. | विद्यालयको नाम | विद्यालय सुधार योजना | | सामाजिक परीक्षण भएको | शैक्षणिक योजना | | | विद्यालय व्यवस्थापन समिति | | शिक्षक अभिभावक सघ | | अभिभावक भेला वर्षामा कतिपटक | बाल क्लब गठन भएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निर्माण भएको | प्रत्येक वर्ष अध्यावधिक भएको | | वार्षिक शैक्षिक योजना | एकाई योजना | दैनिक पाठयोजना निर्माण | गठन भएको | नियमित बैठक बसेको | गठन भएको | नियमित बैठक बसेको | | |
| १ | कालिका मानवज्ञान मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ४ | √ |
| २ | कान्ति मा.वि. | √ | √ | √ | √ | √ | √ | X | x | x | x | ३ | √ |
| ३ | नविन औद्योगिक | √ | √ | √ | √ | √ | √ | X | x | x | x | ६ | √ |

| क्र. स. | विद्यालयको नाम | विद्यालय सुधार योजना | | सामाजिक परीक्षण भएको | शैक्षणिक योजना | | | विद्यालय व्यवस्थापन समिति | | शिक्षक अभिभावक सघ | | अभिभावक भेला वर्षामा कतिपटक | बाल क्लब गठन भएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निर्माण भएको | प्रत्येक वर्ष अध्यावधिक भएको | | वार्षिक शैक्षिक योजना | एकाई योजन ा | दैनिक पाठयोजन ा निर्माण | गठन भएको | नियमित बैठक बसेको | गठन भएको | नियमित बैठक बसेको | | |
| | कदरवहादुर रीतामा.वि. | | | | | | | | | | | | |
| ४ | नयांगाउ मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ४ | √ |
| ५ | नवरत्न मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ४ | √ |
| ६ | नहरपुर मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ४ | √ |
| ७ | मोतिपुर मा.वि. | | | | | | | | | | | | |
| ८ | सिद्धेश्वर लालकुमारी मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ३ | √ |
| ९ | उजिरसिंह मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ३ | √ |
| १० | बुटवल मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ३ | √ |
| ११ | ज्ञानोदय मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ९ | √ |
| १२ | जितेश्वरी मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ४ | √ |
| १३ | सरस्वती मा.वि. | √ | √ | √ | √ | | | √ | √ | √ | √ | ४ | √ |
| १४ | सन्तोषिमाता गुरुकुल विद्याश्रम | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ३ | √ |
| १५ | लक्ष्मी मा.वि. | X | X | √ | √ | √ | √ | X | x | x | x | ४ | √ |
| १६ | जनता मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ४ | √ |
| १७ | तिलोत्तमा मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ६ | √ |

| क्र. स. | विद्यालयको नाम | विद्यालय सुधार योजना | | सामाजिक परीक्षण भएको | शैक्षणिक योजना | | | विद्यालय व्यवस्थापन समिति | | शिक्षक अभिभावक सघ | | अभिभावक भेला वर्षामा कतिपटक | बाल क्लब गठन भएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निर्माण भएको | प्रत्येक वर्ष अध्यावधिक भएको | | वार्षिक शैक्षिक योजना | एकाई योजना | दैनिक पाठयोजना निर्माण | गठन भएको | नियमित बैठक बसेको | गठन भएको | नियमित बैठक बसेको | | |
| १८ | ज्ञानोदय रात्रि मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ५ | √ |
| १९ | साधना महिला मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ३ | X |
| २० | भवानी मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ३ | √ |
| २१ | अमर मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ४ | √ |
| २२ | प्रगति मा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ९ | √ |
| २३ | सरस्वती आधारभूत विद्यालय | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | २ | |
| २४ | वेलभरिया आधारभूत विद्यालय | √ | √ | √ | √ | | √ | √ | √ | √ | √ | ४ | √ |
| २५ | नरैनापुर आधारभूत विद्यालय | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ८ | √ |
| २६ | जनशक्ति नमुना भीमप्रसाद प्रा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ५ | √ |
| २७ | सहिद्स्मृति आधारभूत विद्यालय | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | x | ३ | √ |

| क्र.स. | विद्यालयको नाम | विद्यालय सुधार योजना | | सामाजिक परीक्षण भएको | शैक्षणिक योजना | | | विद्यालय व्यवस्थापन समिति | | शिक्षक अभिभावक सघ | | अभिभावक भेला वर्षामा कतिपटक | बाल क्लब गठन भएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निर्माण भएको | प्रत्येक वर्ष अध्यावधिक भएको | | वार्षिक शैक्षिक योजना | एकाई योजना | दैनिक पाठयोजना निर्माण | गठन भएको | नियमित बैठक बसेको | गठन भएको | नियमित बैठक बसेको | | |
| २८ | जनज्योती प्रा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | १२ | √ |
| २९ | मायादेवी जनजागृति आधारभूतविद्यालय | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ६ | √ |
| ३० | सुर्योदय प्रा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ३ | √ |
| ३१ | दुर्गा भवानी प्रा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ६ | √ |
| ३२ | मैनावगर आधारभूत विद्यालय | | | | | | | | | | | | |
| ३३ | सरस्वती प्रा.वि. | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | ३ | √ |
| ३४ | बुटवल वालमन्दिर प्राथमिक विद्यालय | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | x | ३ | X |
| ३५ | सुस्त मनस्थिति वालविद्यामन्दिर | X | X | √ | X | X | X | √ | √ | X | X | २ | X |
| ३६ | जमिया गुलसन मदरसा | X | X | √ | X | X | X | √ | √ | X | X | २ | X |

| क्र.स. | विद्यालयको नाम | विद्यालय सुधार योजना | | सामाजिक परीक्षण भएको | शैक्षणिक योजना | | | विद्यालय व्यवस्थापन समिति | | शिक्षक अभिभावक सघ | | अभिभावक भेला वर्षामा कतिपटक | बाल क्लब गठन भएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निर्माण भएको | प्रत्येक वर्ष अध्यावधिक भएको | | वार्षिक शैक्षिक योजना | एकाई योजना | दैनिक पाठयोजना निर्माण | गठन भएको | नियमित बैठक बसेको | गठन भएको | नियमित बैठक बसेको | | |
| ३७ | रजाय मुस्तफा मदरसा | X | X | √ | X | X | X | √ | √ | X | X | २ | X |
| ३८ | मदिना मदरसा प्रा.वि. | X | X | √ | X | X | X | √ | √ | X | X | २ | X |
| ३९ | मदरसा कादरिया हेसामूल उलूम | X | X | √ | X | X | X | √ | √ | X | X | २ | X |

बुटवल उपमहानगरपालिकाभित्रका विद्यालयहरूमा विद्यालय सुशासनका विभिन्न सूचकहरू (विद्यालय सुधार योजना, सामाजिक परीक्षण, शैक्षणिक योजना, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अभिभावक भेला, बाल क्लब आदि) को अवस्था समग्र रूपमा सन्तोषजनक देखिन्छ, तर समान रूपमा सबै विद्यालयमा कार्यान्वयन भएको पाइँदैन। अधिकांश माध्यमिक र आधारभूत विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण गरेका छन् र सामाजिक परीक्षण पनि नियमित रूपमा भइरहेको छ। शैक्षणिक योजनाको सन्दर्भमा अधिकांशले वार्षिक, एकाई तथा दैनिक पाठ्ययोजना निर्माण गरेका छन्, जुन शिक्षण सिकाइ सुधारतर्फको सकारात्मक संकेत हो । विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ अधिकांश विद्यालयहरूमा गठन भई नियमित बैठकहरू सञ्चालन भइरहेको छ।

अभिभावक भेला वर्षमा औसत ३-५ पटक हुने गरेको छ | केही विद्यालयहरूमा यो सङ्ख्या ९-१२ सम्म पुगेको छ, जसले सामुदायिक संलग्नता बलियो रहेको देखाउँछ। यद्यपि केही विद्यालयहरू, विशेषतः मदरसा तथा केही प्राथमिक विद्यालयहरूमा यी अभ्यासहरू अति न्यून छन् वा छैनन्, जुन समावेशी सुशासनका लागि चुनौति हो। बाल क्लब गठन लगभग सबै विद्यालयमा भए पनि कतिपयमा सक्रियता देखिन्न। यसले देखाउँछ कि नीतिगत रूपमा सुशासनका तत्वहरू अवलम्बन भइरहे पनि विद्यालय तहमा समान कार्यान्वयन र अनुगमन आवश्यक छ।

बुटवल उपमहानगरपालिकाका विद्यालयहरूमा सुशासन र व्यवस्थापन लागि केही चुनौति र अवसरहरू रहेका छन्।

**समस्या तथा चुनौतिहरू:**

- नियमित बैठक र अभिलेख व्यवस्थापनको कमी
- पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन प्रणाली कमजोर
- विद्यालयमा शैक्षिक योजना निर्माण, सामाजिक परीक्षण, EMIS प्रयोग आदि कार्यमा तालिम प्राप्त जनशक्तिको अभाव
- मदरसा तथा केही आधारभूत विद्यालयहरूमा योजना, सामाजिक परीक्षण, बाल क्लब, शिक्षक अभिभावक सङ्घजस्ता संरचनागत अभ्यास कमजोर रहनु

**अवसरहरू:**

- पालिकाले विद्यालय सुधार योजना, सामाजिक परीक्षण, शिक्षक अभिभावक सहभागिता, EMIS प्रणालीजस्ता सुशासन प्रवर्द्धन गर्ने उपायहरू नीति तहबाट अघिसार्नु।
- विद्यालय प्रति सामुदायिक सहभागिता बलियो हुँदै गएको।
- शैक्षिक योजना निर्माणको राम्रो अभ्यास हुनु।

### ६.१.३ उद्देश्य

- विद्यालयमा पारदर्शिता, उत्तरदायी त्व र सहभागी व्यवस्थापन प्रणाली सुदृढ गर्नु,
- शैक्षिक योजना, सामाजिक परीक्षण, विद्यालय सुधार योजना, व्यवस्थापन समिति र अभिभावक संलग्नता प्रक्रियालाई संस्थागत गर्दै सुशासन प्रवर्द्धन गर्नु।
- समावेशी, सहभागितामूलक र गुणस्तरीय सेवा प्रवाहका लागि विद्यालयस्तरीय निर्णय प्रक्रिया र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनु।

### ६.१.४ रणनीति तथा कार्यनीति

| क्र स | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | पारदर्शिता र उत्तरदायी त्व प्रवर्धन गर्ने | १. प्रत्येक विद्यालयले तयार गरेका सुधार योजनाहरूको नियमित अनुगमन र मूल्याङ्कन गरिनेछ।<br>२. प्रत्येक विद्यालयको वार्षिक र मासिक कार्य रिपोर्ट सार्वजनिक गर्न र यसलाई अभिभावक र समुदायसँग साझेदारी गरिनेछ। |
| २ | समुदाय र अभिभावकको संलग्नता सुदृढीकरण गर्ने | १. विद्यालय व्यवस्थापन समितिका नियमित बैठकहरू आयोजना गरिनेछ। |

| क्र स | रणनीति | कार्यनीति |
|---|---|---|
| | | २. शैक्षिक र प्रशासनिक गतिविधिमा निगरानी राख्न प्रत्येक विद्यालयमा अभिभावक सञ्जालको स्थापन गरिनेछ। |
| ३ | समावेशी र समान शैक्षिक अवसरको प्रर्वद्धन गर्ने । | १. विद्यालयमा निर्णय प्रक्रियाम सबै सरोकारवालाहरू शिक्षक अभिभावक), विद्यार्थी, र समुदाय लाई सामेल गरिनेछ।<br>२. विद्यार्थीहरूको प्रगति अनुगमन गर्ने प्रणाली लागु गरिनेछ।<br>३. माध्यमिक तहमा महिला शिक्षकको सहभागिता वृद्धीका लागी महिला शिक्षकहरू लाई तालिम कार्यक्रम संचालन गरिनेछ। |

### ६.१.५ प्रमुख उपलब्धि र नतिजा

- विद्यालयमा शिक्षक, अभिभावक, विद्यार्थी र समुदायको सहभागिता वृद्धि हुनेछ।
- गुणस्तरीय शिक्षा प्रवाहमा सुधार भएको हुनेछ
- अनुगमन र मूल्याङ्कन प्रक्रिया मजबुत भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | निर्णय प्रक्रिया थप पारदर्शी र सहभागितामूलक हुने विद्यालय प्रतिशत | प्रतिशत | ९४ | ९७ | ९८ | ९९ | १०० |
| २ | शिक्षक अभिभावक सङ्घ (शअस), विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.) र बाल क्लबहरूको नियमित क्रियाशीलता सुनिश्चित बिध्यालय | प्रतिशत | ९४ | ९७ | ९८ | ९९ | १०० |

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| ३ | शैक्षिक योजना निर्माण, सामाजिक परीक्षण र अनुगमन प्रणाली कार्यान्वयनमा सुधार | प्रतिशत | ९४ | ९७ | ९८ | ९९ | १०० |

## ६.१.६ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरू | एकाई | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| स्थानीय तहका शैक्षिक कार्यक्रमहरूको अनुगमन निर्देशिका, सूचकहरू र साधनहरू को विकास र अध्यावधिकरण गर्ने | पटक | ० | १ | - | १ | - | २ |
| शैक्षिक तथ्याँक व्यवस्थापन, प्रतिबेदन तयारी र प्रबोधीकरण गर्ने साथै वार्षिक कार्यक्रमहरूको स्थिती प्रतिबेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक, आर्थिक र अन्य सबै कार्यक्रमहरूको सम्पादनसम्बन्धी आन्तरिक लेखापरीक्षण गर्ने | विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| विद्यालयको कार्यसम्पादन लेखापरीक्षण र सोको सुझावहरूको आधारमा स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयनको लागि PTA र SMC संग अन्तरक्रिया गर्ने | विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक र अन्य सबै कार्यक्रमहरू बापत प्राप्त आय र सोको खर्च तथा व्ययसम्बन्धी आर्थिक लेखापरीक्षण गर्ने | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३९ |
| शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| स्थानीय तहका शैक्षिक समस्याहरूलाई सम्बोधन गरी गुणस्तर अभिवृद्धी गर्ने कार्यक्रमहरूलाई स्थानीय तहको शिक्षा क्षेत्रको योजनामा राख्न स्थनीय तहका र वाहिय बिशेषज्ञहरूको संयुक्त सहभागितामा बिभिन्न Issues मा आधारीत अनुसन्धान कार्यहरू वार्षिक १कम्तिमा (समस्यामा | पटक | १ | १ | १ | १ | १ | ५ |
| स्थनीय तहको शिक्षा क्षेत्रको योजनाको वार्षिक , मध्यावधि र अन्तिम मूल्याङ्कन गर्ने | पटक | - | - | १ | | १ | २ |
| स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिवृद्धी गर्ने तालिम, शैक्षिक नीतिनियम/, योजना, कार्यक्रम, अनुगमन, मूल्याङ्कन र अन्य विषय क्षेत्रमा वार्षिक रूपमा अभिमुखीकरण, आदि | पटक | ० | १ | ० | १ | - | २ |
| विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विद्यालयको अनुगमन तथा सुपरिवेक्षण (मासिक रुपमा) | विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| शिक्षा योजना प्रवोधिकरण | पटक | ० | १ | ० | ० | ० | १ |

### ६.१.७ प्रमुख क्रियाकलाप तथा बजेट

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान हजारमा)) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| स्थानीय तहका शैक्षिक कार्यक्रमहरूको अनुगमन निर्देशिका, सूचकहरू र साधनहरू को विकास र अध्यावधिकरण गर्ने | - | २०० | - | २०० | - | ४०० |
| शैक्षिक तथ्याँक व्यवस्थापन, प्रतिबेदन तयारी र प्रबोधीकरण गर्ने साथै वार्षिक कार्यक्रमहरूको स्थिती प्रतिबेदन तयार गर्ने | १५० | १५० | १५० | १५० | १५० | ६०० |
| विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक, आर्थिक र अन्य सबै कार्यक्रमहरूको सम्पादनसम्बन्धी आन्तरिक लेखापरीक्षण गर्ने | ४६८ | ४६८ | ४६८ | ४६८ | ४६८ | १८७२ |
| विद्यालयको कार्यसम्पादन लेखापरीक्षण र सोको सुझावहरूको आधारमा स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयनको लागि PTA र SMC संग अन्तरक्रिया गर्ने | ११७ | ११७ | ११७ | ११७ | ११७ | ४६८ |

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान हजारमा)) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक र अन्य सबै कार्यक्रमहरू बापत प्राप्त आय र सोको खर्च तथा व्ययसम्बन्धी आर्थिक लेखापरीक्षण गर्ने | ५७० | ५७० | ५७० | ५७० | ५७० | २२८० |
| शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | २५५० | २५५० | २५५० | २५५० | २५५० | १०२०० |
| स्थानीय तहका शैक्षिक समस्याहरूलाई सम्बोधन गरी गुणस्तर अभिवृद्धी गर्ने कार्यक्रमहरूलाई स्थानीय तहको शिक्षा क्षेत्रको योजनामा राख्न स्थनीय तहका र वाहिय बिशेषज्ञहरूको संयुक्त सहभागितामा बिभिन्न Issues मा आधारीत अनुसन्धान कार्यहरू )वार्षिक १कम्तिमा (समस्यामा | ४०० | ४०० | ४०० | ४०० | ४०० | १६०० |
| स्थनीय तहको शिक्षा क्षेत्रको योजनाको वार्षिक , मध्यावधि र अन्तिम मूल्याङ्कन गर्ने | - | - | ५० | - | ५० | १०० |
| स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिवृद्धी गर्ने तालिम, शैक्षिक नीतिनियम/ योजना, कार्यक्रम, अनुगमन, मूल्याङ्कन र अन्य विषय क्षेत्रमा वार्षिक रूपमा अभिमुखीकरण, आदि | - | ५०० | - | ५०० | - | १००० |

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान हजारमा)) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक अभिमुखीकरण | १५० | १५० | १५० | १५० | १५० | ६०० |
| विद्यालयको अनुगमन तथा सुपरिवेक्षण (मासिक रुपमा) | ४८० | ४८० | ४८० | ४८० | ४८० | १९२० |
| चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | २२५ | २२५ | २२५ | २२५ | २२५ | ९०० |
| विद्यालयको कार्यसम्पादन परीक्षण | १०० | १०० | १०० | १०० | १०० | ४०० |
| विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | ३०० | ३०० | ३०० | ३०० | ३०० | १२०० |
| शिक्षा योजना प्रवोधिकरण | - | १५० | - | - | - | १५० |
| स्थानीय तहको शिक्षामा क्षमता अभिवृद्धि , अनुगमन र मूल्याङ्कन कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट (लाखमा) | ५५ | ६४ | ५६ | ६२ | ५६ | २३७ |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

समग्र शिक्षा योजनाको उद्देश्यहरू प्रप्तिका निम्ति योजनाको कार्यान्वयन पक्ष महत्त्वपूर्ण हुन्छ। योजना केवल बनाउनका निम्ति मात्र बनाइयो भने त्यसको कुनै सारभूत अर्थ रहदैन। प्राय नेपालमा हाल सम्म प्रचलनमा आएका शिक्षा योजनाहरू कार्यान्वयन पक्षबाट हेर्दा कमजोर देखिन्छ। लगानी, प्रक्रिया प्रतिफलको विचमा सन्तुलन मिलेको पनि देखिदैन। योजनाको सफल कार्यान्वयन गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि कार्यान्वयनको उपयुक्त प्रबन्ध गर्न वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन, अनुगमन तथा मूल्याङकन र प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्नुपर्ने हुन्छ।

प्रभावकारी कार्यान्वयनका लागि नीतिगत व्यवस्था, आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायी त्वहरू को किटानी समेत गरिनु पर्दछ। यस योजनाको कार्यान्वयन संरचना तथा प्रक्रियाले समग्र शिक्षा प्राणलीलाई प्रभाव पार्ने भएकोले कार्यान्वयन प्रबन्धको दिगोपन, प्रभावकारिता तथा कार्य कुशलतामा ध्यान दिनु पर्छ।

### ६.२.२ वर्तमान अवस्था

देशको वर्तमान संवैधानिक व्यवस्था अनुसार सङ्घ, प्रदेश र स्थानीय तहबाट शैक्षिक योजनाहरू निर्माण एवम् कार्यान्वयन गर्ने अधिकार प्रत्यायोजना गरिएको छ। यस बुटवल उपमहानगरपालिकाले शैक्षिक योजनाहरू को कार्यान्वयन शिक्षा शाखाले गर्दै आएको अवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन २०७२ ले स्थानीय तहलाई दिएको २३ वटा शिक्षा क्षेत्रका काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्दै आइरहेको छ। यस उपमहानगरपालिकामा हाल जम्मा ३६१ जना कार्यरत जनशक्ति मध्ये ६ जना शिक्षा युवा तथा खेलकुद महाशाखा कार्यरत जनशक्ति रहेका छन्। वित्तीय समानिकरण, विशेष अनुदान, समपुरक अनुदान, राजस्व बाँडफाँड र आन्तरिक स्रोत समेतलाई ख्याल गरी वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन गरेको छ। शिक्षा योजना कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरणका लागि प्राविधिक कार्यदल मार्फत अनुगमन, निरीक्षण, सुपरीवेक्षण र मेन्टोरीङ्ग सम्बन्धी कार्य सञ्चालन गर्ने। पालिकाले विनियोजन गरेको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नाको लागि विभिन्न सयन्त्र /समिति निर्माण गरी आवश्यक स्रोत साधनको पनि व्यवस्थापन गर्ने गरेको छ। यस पालिकाले शिक्षा सम्बन्धी १ ऐन, १ वटा नियमावली र १ वटा कार्यविधि निर्माण गरी कार्यान्वयन गरेको छ।

**चुनौति र अवसर**

- योजना निर्माण एवम् कार्यान्वयनका क्रममा दक्ष जनशक्तिको अभाव।
- जनप्रतिनिधि लगायत सरोकारवालाहरू ले शिक्षा क्षेत्रलाई शिक्षक व्यवस्थापन र भौतिक सरचना सँग मात्र जोडेर हेर्ने परिपाटी कायम रहिरहनु।
- शिक्षा शखामा जनशक्ति कम भएको कारणले उद्देश्य अनुसार नियमित अनुगमन निरीक्षण गर्न कठिनाई हुनु।
- नतिजा मा आधारीत अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउन,
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतिहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्न
- योजनाको लगानी देखि प्रभाव तह सम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारीत योजना निर्माणमा सहयोग गर्न।

### ६.२.३ उद्देश्य

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्नु।
- शिक्षा योजनाको कार्यान्वयनमा सरोकारवालाहरू को सहभागिता बृद्धि गर्नु।

## ६.२.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **१** .शिक्षा योजनाको लगानी देखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारीत अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गरी सोको प्रभावकारी कार्यान्वयन गर्ने । | १. शिक्षाको सबै तहकालागि )input ⟶ Process ⟶ Output ⟶ Outcome ⟶ Impact) समेट्ने **M&E format** तयार पारीने छ ।<br>२. विद्यालय, वडा, उपमहानगर स्तरमा नियमित मूल्याङ्कन कार्य सञ्चालन गरिने छ ।<br>३. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रूपमा लागु गर्ने प्रणालीको विकास गरिने छ र उक्त पृष्ठपोषणका आधारमा कार्यक्रमको कार्यान्वयन गरिने छ ।<br>४. विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई अधिकार सम्पन्न, जिम्मेवार र उत्तरदायी बनाइने छ<br>५. अनुगमन टोलीका लागि "Monitoring tools र प्रशिक्षण सामग्री विकास गरिने छ ।<br>६. विद्यालयहरूले अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गरिने छ।<br>७. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गरिने छ ।<br>८. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाइने छ ।<br>९. अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाइने छ ।<br>१०.प्रत्येक वर्षको शिक्षा योजनाको मूल्याङ्कन परिणाम अनलाई न, पत्रपत्रिका वा सार्वजनिक सुनुवाइ मार्फत सार्वजनिक गरिने छ ।<br>११. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गरिने छ ।<br>१२. सूचकहरू निर्माण गरी कार्यसम्पादनको स्वमूल्याङ्कन गर्ने र सोको विज्ञहरू बाट परीक्षण गराइ उत्कृष्ट कार्यसम्पादन गर्नेलाई गरिने छ ।। |

| रणनीति | कार्यनीति |
|---|---|
| २.एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली जोखिम व्यवस्थापन र सुधारकोलागि योजना तयार गर्ने। | १. शिक्षा योजना कार्यान्वयनको मूल्याङ्कनबाट पहिचान गरीएका जोखिम र चुनौतिहरूलाई समाधान गर्न कार्ययोजना बनाइने छ<br>२. कमजोरी देखिएको क्षेत्रमा.वि.शेष अनुगमन र सुधार गरिने छ।<br>३. नगरपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापनप्रणाली मार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वयन तथा त्यस नतिजाहरू को विवरण तयार गरिने छ। |
| ३.स्थानीय तहमा नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गर्ने । | १. नगर शिक्षा योजना कार्यान्वयनकालागि बुटवल उपमहानगरको आवश्यकता अनुसार नीति निर्माण गरिनेछ<br>२. नगर शिक्षा योजनाको अभिमुखीकरण गरिनेछ।<br>३. स्थानीय तहमा रहेका विद्यालयहरूको सङ्ख्या, शिक्षक अवस्था, विद्यार्थी उपस्थिति, छोड्ने दर, पहुँच, पूर्वाधार आदि सूचकांकको समग्र मूल्याङ्कन गरिने छ।<br>४. शिक्षा शाखा, वडास्तरका प्रतिनिधि, शैक्षिक विशेषज्ञ, नागरीक समाज लगायतको सहभागिता रहने कार्यदल गठन गरिने छ।<br>५. स्पष्ट Action plan, Budget allocation, Monioring framwork सहित नीति कार्यान्वयन निर्देशिका निर्माण गरिने छ।<br>६. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम कार्यान्वयनको खाका तयार गरिने छ।<br>७. आवश्यकता अनुसार पर नीति अद्यावधिक गरिने छ।<br>८. कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिने छ । |

### ६.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

स्थानीय शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको भई शैक्षिक नतिजामा सुधार भएको हुनेछ।

**नतिजा**

विद्यालय शिक्षाका सरचना तथा योजनाको कार्यान्वयनबाट बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणाली विकास भएको हुनेछ ।

### ६.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | पांच वर्ष को जम्मा |
| १. | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | ० | १ | १ | १ | १ | ४ |
| २. | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | ० | १ | १ | १ | १ | ४ |
| ३. | एकीकृत शैक्षिक सूचना प्रणाली सूदृढीकरण | पटक | ० | १ | ० | ० | १ | २ |
| ८ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ |
| ५. | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा.वि.द्यालयहरू लाई थप सहजीकरण | पटक | ० | १ | १ | १ | १ | ४ |
| ६ | उत्कृष्ट कार्यसम्पादन पुरस्कार | पटक | ० | १ | १ | १ | १ | ४ |
| ७ | शिक्षा योजनाको कार्यान्वयनको अवस्थाको समग्र मूल्याङ्कन। | पटक | | | १ | | १ | २ |

### ६.१.७ प्रमुख क्रियाकलाप तथा बजेट

| प्रस्तावित कार्यक्रमहरू | **लगानीको अनुमान हजारमा))** | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| वार्षिक बजेट तथा कार्यक्रम निर्माण | ० | २०० | २०० | २०० | २०० | ८०० |

| प्रस्तावित कार्यक्रमहरू | लगानीको अनुमान हजारमा)) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४ २५/ ८१ ८२/ | २०२५ २६/ ८२ ८३/ | २०२६ २७/ ८३ ८४/ | २०२७ २८/ ८४ ८५/ | २०२८ २९/ ८५ ८६/ | |
| विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | ० | १५० | १५० | १५० | १५० | ६०० |
| एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | ० | १५० | ० | ० | १५० | ५०० |
| अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | ० | ५० | ५० | ५० | ५० | २०० |
| सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरू लाई थप सहजीकरण | ० | १०० | १०० | १०० | १०० | ४०० |
| उत्कृष्ट कार्यसम्पादन पुरस्कार | ० | १०० | १०० | १०० | १०० | ४०० |
| शिक्षा योजनाको कार्यान्वयनको अवस्थाको समग्र मूल्याङ्कन। | ० | | ५० | ० | ५० | १०० |

# परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

सबै नागरीकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान रहेको छ। कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्यही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ। वित्तीय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ। एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा.वि.त्तीय अनुशासन कायम गर्नु पर्नेछ। शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ। संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ सोही अनुसार विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २०प्रतिशत बजेट शिक्षामा.वि.नियोजन गरीएता पनि प्रायाप्त हुन सकेको छैन ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौति का रूपमा रहेका छन्। सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनु ले शिक्षामा लगानीको अवसर रहनु सकारात्मक रहेको छ।

## ७.२ वर्तमान अवस्था

बुटवल उपमहानगरपालिकामा.वि.द्यालय शिक्षामा लगानी र स्रोत व्यवस्थापनको अवस्था मिश्रित रहेको छ। सार्वजनिक विद्यालयहरूमा स्थानीय तहको वार्षिक बजेटबाट भौतिक पूर्वाधार निर्माण, ICT प्रवर्द्धन, र गुणस्तरीय शिक्षण सिकाइका लागि सकारात्मक पहलहरू अघि बढेको छ, विद्यालयमा भवन, शौचालय, खानेपानी, SMART कक्षा, तथा कम्प्युटर प्रयोगशालामा क्रमशः लगानी भइरहेको छ। यद्यपि, सबै विद्यालयमा समान रूपमा स्रोतको पहुँच छैन। संस्थागत विद्यालयहरूले भने तुलनात्मक रूपमा धेरै लगानी गरेका छन्, जसले उनीहरूको शैक्षिक गुणस्तरमा प्रत्यक्ष प्रभाव पारिरहेको छ। शिक्षक व्यवस्थापनतर्फ हेर्दा, सामुदायिक विद्यालयहरूमा.वि.षयगत शिक्षकको अभाव र दरबन्दी नपुगेको समस्या अझै विद्यमान छ, जसलाई स्थानीय तहले नगर शिक्षक र विद्यालयक स्वयमले विद्यालयकै स्रोत साधनबाट शिक्षक नियुक्त गरेर समाधान गर्ने प्रयास गरिरहेको छ।

आर्थिक स्रोत व्यवस्थापनमा विद्यालयहरूले वार्षिक योजना अनुसार बजेट पाउने गरे पनि योजना निर्माण, कार्यान्वयन, र निगरानीमा कमजोरी देखिन्छ। वैकल्पिक स्रोत व्यवस्थापन जस्तै शिक्षा विकास कोष वा निजी साझेदारहरूबाट स्रोत परिचालनको अभ्यास न्यून रहेको छ। अभिभावक तथा समुदायको सहभागिता केही विद्यालयमा राम्रो भए पनि त्यो व्यापक रूपमा देखिँदैन। यस्ता चुनौतिहरूका बाबजुद पनि डिजिटल शिक्षा, शिक्षक तालिम, र सामुदायिक संलग्नताको विस्तार गर्दै स्रोत व्यवस्थापनलाई अझ पारदर्शी र प्रभावकारी बनाउने खाँचो रहिरहेको छ।

पञ्चवर्षीय नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन्। अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ। समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु,

शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन। नतिजामा आधारीत स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारीत, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिने छ।

### ७.२.१. क्षेत्रगत बजेट प्रक्षेपण (सङ्घ, प्रदेश र स्थानीय तहको)

| **५ वर्षको बजेट (लाखमा)** | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र .स .** | **क्षेत्रगत कार्यक्रम** | **सङ्घीय सरकार** | **प्रदेश सरकार** | **स्थानीय सरकार .** | **अन्य (सङ्घ संस्था )** | **जम्मा** |
| १ | पूर्व प्रा.बि./बालविकासका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed ECED Activities) | १०३२ | १० | ९७६ | १२ | २०३० |
| २ | आधारभूत तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Basic Level) | ११६६४ | ३० | २२४३ | ४४ | १३९८१ |
| ३ | माध्यमिक तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Secondary Level) | १०२७४ | ८८ | १२६८ | ८ | ११६३८ |
| ४ | प्राविधिक तथा व्यवसायिक शिक्षा (Technical and vocational education) | ० | ० | १०८६ | ९८ | ११८४ |

| ५ वर्षको बजेट (लाखमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | क्षेत्रगत कार्यक्रम | सङ्घीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार. | अन्य (सङ्घ संस्था ) | जम्मा |
| ५ | अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Non-Formal and Continious Education) | ६२ | ० | २०२ | १०९ | ३७२ |
| ६ | पाठ्यक्रम र मूल्याङ्कन कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Curriculum and Evaluation) | २३ | ० | १९० | ० | २१४ |
| ७ | शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Teacher Management and Training) | १३३ | ९ | ८८९ | ० | १०३१ |
| ८ | समाहित शिक्षा कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Inclusive Education at all Levels) | १४९ | ० | २७४ | ७७ | ४९९ |

| ५ वर्षको बजेट (लाखमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | क्षेत्रगत कार्यक्रम | सङ्घीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार. | अन्य (सङ्घ संस्था ) | जम्मा |
| ९ | विद्यालय स्वास्थ्य तथा पोषण (School health and nutrition) | ५९५ | ० | १७७ | ० | ७७२ |
| १० | शिक्षामा सूचना तथा सञ्चार प्रविधि | ७८ | ७७ | ४७६ | ० | ६३१ |
| ११ | विद्यालय भौतिक निर्माण र सुधार कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू | १३५० | २१० | ३२७३ | ० | ४८३३ |
| १२ | विद्यालय र लघु संग्रहालय | ५० | ० | ० | ० | ५० |
| १३ | Proposed Activities for Capacity Development, Monitoring and Evaluation in Education | १६२ | ० | १३० | ० | २९२ |
| बजेट (लाखमा) | | २५५७१ | ४२३ | १११८५ | ३४६ | ३७५२५ |
| जम्मा (रुपैयाँमा) | | २५५७०८२३३९ | ४२३०२००० | १११८४७५५८८ | ३४६३१६६० | ३७५२४९१५८७ |
| जम्मा बजेटको प्रतिशतमा | | ६८ | १ | ३० | १ | १०० |

### ७.२.२. क्षेत्रगत वार्षिक बजेट

| S.N. | कार्यक्रमहरु | लागत अनुमान (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ |
| | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| 1 | पूर्व प्रा.बि./बालविकासका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed ECED Activities) | ३४६ | ४११ | ४१६ | ४१४ | ४४३ |
| 2 | आधारभूत तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Basic Level) | २३४९ | २८७३ | २८९४ | २९३६ | २९३० |
| 3 | माध्यमिक तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Secondary Level) | २७२९ | २९८० | १९३२ | २००३ | १९९४ |
| 4 | प्राविधिक तथा व्यवसायिक शिक्षा (Technical and vocational education) | ६२ | ६२ | ३४२ | ३५९ | ३६० |
| 5 | अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Non-Formal and Continious Education) | २५ | ९० | ८६ | ८७ | ८६ |

| S.N. | कार्यक्रमहरु | लागत अनुमान (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ |
| | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| 6 | पाठ्यक्रम र मूल्याङ्कन कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Curriculum and Evaluation) | ३४ | ४३ | ३३ | ४९ | ५५ |
| 7 | शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Teacher Management and Training) | ९१ | २१२ | २११ | २४८ | २७० |
| 8 | समाहित शिक्षा कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Inclusive Education at all Levels) | ४३ | ४९ | २६७ | ७० | ७० |
| 9 | विद्यालय स्वास्थ्य तथा पोषण (School health and nutrition) | १३६ | १५९ | १८० | १४१ | १५६ |
| 10 | शिक्षामा सूचना तथा सञ्चार प्रविधि | १० | १३१ | १६० | १५७ | १७४ |

| S.N. | कार्यक्रमहरु | लागत अनुमान (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ |
| | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| 11 | विद्यालय भौतिक निर्माण र सुधार कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for School Infrastructure Development and Improvement) | ६२८ | ९१५ | ११४० | १०७४ | १०७७ |
| | विद्यालय र लघु संग्रहालय | - | २१ | ८ | ६ | १५ |
| 12 | Proposed Activities for Capacity Development, Monitoring and Evaluation in Education | ५५ | ६४ | ५६ | ६२ | ५६ |
| जम्मा (रुपैयाँमा) | | ६५०६२२१३१ | ८००६७६८६२ | ७७२२९६०१० | ७६०५५१४८९ | ७६८३४५०९४ |

### ७.२.३ एकमुष्ट संघिय इकाइको बजेट प्रक्षेपण

| आर्थिक वर्ष | सङ्घीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | अन्य (सङ्घ संस्था ) | जम्मा |
|---|---|---|---|---|---|
| **२०२४/२५** | ४४३३५७२५३ | ७३३४४९१ | १९३९२५८१० | ६००४५७७ | ६५०६२२१३१ |
| **२०२५/२६** | ५४५६०९९२७ | ९०२६०६५ | २३८६५१४४१ | ७३८९४२९ | ८००६७६८६१ |
| **२०२६/२७** | ५२६२७०१९७ | ८७०६१२६ | २३०१९२१८४ | ७१२७५०२ | ७७२२९६०१० |

| आर्थिक वर्ष | सङ्घीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | अन्य (सङ्घ संस्था ) | जम्मा |
|---|---|---|---|---|---|
| २०२७/२८ | ५१८२६७०६० | ८५७३७३० | २२६६९१५८७ | ७०१९११३ | ७६०५५१४८९ |
| २०२८/२९ | ५२३५७७९०२ | ८६६१५८७ | २२९०१४५६६ | ७०९१०४० | ७६८३४५०९४ |
| जम्मा | २५५७०८२३३९ | ४२३०२००० | ११११८४७५५८८ | ३४६३१६६० | ३७५२४९१५८७ |

### ७.२.४ चुनौति र अवसर

चुनौति तथा अवसर

१. शिक्षा क्षेत्रका लागि छुट्याइएको बजेट सीमित रहनु |
२. केही विद्यालयहरूमा पर्याप्त कक्षाकोठा, छात्र शौचालय, खानेपानी र बालमैत्री संरचनाको अभाव रहेको
३. शैक्षिक क्षेत्र मा  जनशक्ति व्यवस्थापनमा चुनौति रहेको |
४. सबै विद्यालय  मा प्रविधि र डिजिटल पहुँचको अभाव रहेको |

अवसरहरू

१. शिक्षा क्षेत्र मा बजेट व्यवस्थापन गर्न  स्थानीय सरकारको अधिकार र स्वायत्तता रहेको |
२. विद्यालय सुधारका लागि स्थानीय तह ले आफ्नै प्राथमिकतामा आधारीत कार्यक्रम सञ्चालन गर्न सकिने अवसर रहेको।
३. विभिन्न परियोजना तथा सरकारी नीति (जस्तै: SMART स्कूल कार्यक्रम) को माध्यमबाट प्रविधिमा लगानी बढाउन सकिने |
४. शिक्षाको गुणस्तर सुधारमा बाह्य सङ्घ संस्थाको सहयोगको सम्भावना रहेको |
५. विद्यालय स्तरीकरण school mapping को आधारमा.वि.द्यालय गाभ्ने, पूर्वाधार एकीकृत गर्ने, स्रोत केन्द्रित गर्ने अवसर रहेको।

### ७.३ उद्देश्यहरू

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

### ७.४ रणनीतिहरू

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने
३. वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने

६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायी त्वलाई सबल बनाउने
७. लागत साझेदारीमा आधारीत कार्यक्रम सञ्चालन गर्ने ।

**७.५ प्रमुख उपलब्धि तथा नतिजा**

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायी त्व सुदृढ भएको हुने छ ।

## परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

### ८.१ परिचय

नेपालमा विद्यालय अनुगमन र मूल्याङ्कनको व्यवस्था शिक्षा नियमावली, २०७४ र सम्बन्धित शिक्षा ऐनअनुसार सञ्चालन रहेकोछ। यस अनुसार विद्यालयले सञ्चालन गर्ने शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता, शिक्षकको कार्यसम्पादन, विद्यार्थीको सिकाइ अवस्था, प्रशासनिक प्रणाली र भौतिक पूर्वाधारको स्थिति नियमित रूपमा मूल्याङ्कन गरिनुपर्छ। संघीय संरचनापछि स्थानीय तहहरूले विद्यालय अनुगमनमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन्, जसमा शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति (बी.व्य.स.) र प्राध्यापक/प्रधानाध्यापकको संयोजनमा अनुगमन टोली गठन गरिन्छ। अनुगमनको क्रममा विद्यालयको शैक्षिक, प्रशासनिक र भौतिक पक्षको नियमित निरीक्षण हुने गर्छ भने आवश्यकता अनुसार विशेष कार्यक्रम वा गतिविधिको मूल्याङ्कन पनि गरिन्छ। मूल्याङ्कनले शिक्षकको प्रस्तुति, विद्यार्थीको सिकाइ उपलब्धि, पाठ्यक्रम कार्यान्वयन, कक्षा व्यवस्थापन र विद्यालय प्रशासनको प्रणालीको आधारमा गरिन्छ। अनुगमन पश्चात सरोकारवालासँग समीक्षा बैठक आयोजना गरी सुधार आवश्यक पक्षको लागि कार्ययोजना तयार पारिन्छ, जसले नीति कार्यान्वयन, बजेट उपयोग र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। यसरी, शिक्षा नियमावलीअनुसार सञ्चालन हुने अनुगमन र मूल्याङ्कन प्रणालीले विद्यालय स्तरमा शिक्षा गुणस्तर सुधार, विद्यार्थीको सिकाइ परिणाममा वृद्धि र स्थानीय शिक्षा व्यवस्थापन प्रणालीलाई मजबुत बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

### ८.२ वर्तमान अवस्था

बुटवल उपमहानगरपालिकाले शिक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यालय अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्राथमिकता दिएको छ। नेपालमा सामान्य रूपमा विद्यालय अनुगमन र मूल्याङ्कन प्रणालीले शैक्षिक, प्रशासनिक, भौतिक पूर्वाधार र सिकाइ उपलब्धि सम्बन्धी समग्र पक्षको मूल्याङ्कन गर्ने लक्ष्य राख्दछ। संघीय संरचनापछि, स्थानीय तहहरूले विद्यालय अनुगमनमा थप सक्रिय भूमिका निर्वाह गर्न थालेका छन्। बुटवल उपमहानगरपालिकामा यस कार्यका लागि **जनप्रतिनिधि, शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति (बी.व्य.स.) र प्रधानाध्यापकको नेतृत्व**मा अनुगमन टोली गठन गरिन्छ। अनुगमन र मूल्याङ्कनको मुख्य उद्देश्यहरू यसप्रकार छन्:

- विद्यालयमा स्वीकृत कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भइरहेकाछन् कि छैनन् मूल्याङ्कन गर्ने,
- शिक्षक, प्रशासनिक कर्मचारी र विद्यार्थीहरूको क्षमताको मूल्याङ्कन गर्ने,
- सुधार आवश्यक क्षेत्र पहिचान गरी कार्ययोजना बनाई सुधारात्मक कदम चाल्ने,
- बजेट र स्रोतहरूको प्रभावकारी उपयोग सुनिश्चित गर्ने।

बुटवल उपमहानगरपालिकामा अनुगमन र मूल्याङ्कन प्रक्रिया नियमित रूपमा सञ्चालन हुनेगरी नीति, निर्देशिका र कार्यतालिका अनुसार कार्यान्वयनमा ल्याएको छ। यसले विद्यालयको शिक्षा गुणस्तर सुधार, विद्यार्थीहरूको सिकाइ परिणाममा वृद्धि, र स्थानीय शिक्षा व्यवस्थापन प्रणालीलाई बलियो बनाउने कार्यमा सहयोग पुऱ्याउँछ।

अनुगमन प्रकृया तपसिल बमोजिम हुने गरेको छ :

| क्र.स | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अवलोकन, निरक्षण, सुपरिवेक्षण , प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | नगर  शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | नगरपालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय एकाइ | | एकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरीक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

अनुगमन तथा मूल्याङ्कन सम्बन्धी  चुनौतिहरू :

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि पालिका स्तरमा उपयोगी मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु,
२. अनुगमनमा नियमितता र एकरुपता कायम गर्नु, अनुगमनलाई योजनाबद्ध गर्नु, प्रर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु,
३. अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास गर्नु,
४. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु,
५. संयुक्त तथा सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चित गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।

## ८.३ उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारीत बनाउनु
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतिलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

## ८.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १अनुगमन तथा मुल्याङनका . लागीआवश्यक पर्ने संयन्त्रको निर्माण गरी कार्यान्वयन गर्ने। | १. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिने छ।<br>२. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिने छ।<br>३. प्रमाणमा आधारीत अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिने छ।<br>४. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने छ।<br>५. कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिने छ। |
| २ कक्षा कोठामा.आधारीत अनुगमन तथा मूल्याङ्कका लागी विज्ञ समूह को निर्माण गरी परिचालन गर्ने | १. कक्षा कोठामा आधारीत शिक्षक मेन्टरीङ अनुगमन र, सुपरिवेक्षण विज्ञ समूह बाट गरिने छ।<br>२. समसामयिक शिक्षा नीति, सिकाइ उपलब्धि, शिक्षण सिकाइ प्रक्रिया आदि विषयमा शिक्षकलाई अपडेट गराइने छ।<br>३. विज्ञ समूह बाट प्रत्यक वर्ष कम्तीमा एक पटक सामुदायिक विद्यालयमा अनुगमन र सुपरिवेक्षण गरिने छ।<br>४. कक्षा अनुगमनको लागि मापदण्ड )rubrics), चेकलिस्ट र प्रतिवेदन ढाँचा तयार गरिने छ।<br>५. डिजिटल उपकरणहरू प्रयोग गरी अनलाई न अनुगमनको व्यवस्था गरिने छ।<br>६. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने छ।<br>७. पालिकाको विषययगत उपलब्धिलाई विज्ञ समूह बाट विश्लेषण गरिने छ।<br>८. विज्ञ समूह बाट प्राप्त प्रतिवेदनलाई विश्लेषण गरी नतिजा सुधारकालागी थप कार्य योजना बनाइने छ। |
| ३ अनुगमन.तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने | १. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई व्यवस्थित रूपमा सङ्कलन, वर्गीकरण, विश्लेषण र प्रयोग गर्न प्रणाली बनाइने छ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. ष्ठपोषणका आधारमा.वि.द्यालय वा कक्षा तहमा सुधारको स्पष्ट कार्ययोजना बनाइने छ।<br>३. कार्ययोजनामा प्राथमिकता क्रम )short term, mid term, long term ) निर्धारण गरिने छ।<br>९. कक्षा व्यवस्थापन, पाठ योजना, विद्यार्थीको सक्रियता लगायतका सुधारका क्षेत्र पहिचान गरी सहजीकरण गरिने छ।<br>१०. तालिम कार्यक्रमहरू पृष्ठपोषणको विश्लेषणबाट पहिचान गरीएका कमजोरीहरू समाधान गर्न लक्षित बनाइने छ।<br>४. पृष्ठपोषण -सुधार- पुनमू:ल्याङ्कन-नयाँ पृष्ठपोषण को चक्र सञ्चालन गरिने छ।<br>५. अनुगमन तथा मूल्याङ्कन प्राप्त सुझावलाई कार्यान्वयन गर्न विद्यालयले आफ्नो विद्यालय सुधार योजना र वार्षीक कार्य योजनामा समावेश गर्ने छ। |

## ८.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुने छ।
२. नतिजामा आधारीत अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतिलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ।

**ख) नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुने छ।
२. नतिजामा आधारीत अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ।

## ८.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरू | | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | पांच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०२४ २५/ | २०२५ २६/ | २०२६ २७/ | २०२७ २८/ | २०२८ २९/ | |
| | एकाई | ८१ ८२/ | ८२ ८३/ | ८३ ८४/ | ८४ ८५/ | ८५ ८६/ | |
| अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | ० | १ | ० | ० | ० | १ |
| नतिजामा आधारीत अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कार्यक्रम कार्यान्वयनको चौमासिक  तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने` | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | | १ | | | १ | २ |
| अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |